# गोविन्दप्रसाद लोहनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय , मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

# शोधपत्र

शोधकर्ता
विष्णुप्रसाद बस्याल
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर , काठमाडौँ
२०६५

शोध-निर्देशक
सह- प्रा.डा. देवी सुवेदी
त्रि.वि. , कीर्तिपुर

# गोविन्दप्रसाद लोहनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय , मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
विष्णुप्रसाद बस्याल
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर , काठमाडौँ
२०६५

## शोधनिर्देशकको मन्तव्य

**गोविन्दप्रसाद लोहनीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही विष्णुप्रसाद बस्यालले तयार गर्नुभएको हो । स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि अत्यन्त परिश्रमपूर्वक तयार गरिएको प्रस्तुत शोधप्रति म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष सिफारिस गर्दछु ।

(---------------------)

सह-प्रा.डा.देवी सुवेदी

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

काठमाडौँ

मितिः २०६५/०९ /०९

## त्रिभुवन विश्वविद्यालय

## नेपाली केन्द्रीय विभाग

## कीर्तिपुर

२०६५/०९/१६

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय , मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र विष्णुप्रसाद बस्यालले स्नातकोत्तर तह (एम्.ए) नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **गोविन्दप्रसाद लोहनीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क्र.स. नाम** | | **हस्ताक्षर** |
|---|---|---|
| १. प्रा.राजेन्द्र सुवेदी | (विभागीय प्रमुख) | ---------------- |
| २. सह-प्रा.डा.देवी सुवेदी | (शोधनिर्देशक) | ---------------- |
| ३. सह-प्रा. गंगाप्रसाद उप्रेती | (बाह्य परीक्षक) | ---------------- |

मिति : २०६५/०९/१६

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु डा. देवी सुवेदीको कुशल निर्देशनमा तयार पारेको हुँ । शोधलेखनको सैद्धान्तिक पक्षसँग सम्बन्धित विविध कार्यविधि , सामग्रीसङ्कलन र शोधलेखनका क्रममा उहाँले दिनुभएको अमूल्य समय , मार्गनिर्देशन र सुझावप्रति कृतज्ञताज्ञापन गर्ने शब्दहरू मसँग प्रयाप्त छैनन् । शोधपत्रलाई यस रूपमा ल्याउँदासम्म उहाँले मित्रवत् रूपमा मलाई दिनुभएको अमूल्य सुझाव र सहयोगप्रति म श्रद्धेय गुरुलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी मलाई शिक्षाको यो स्तरसम्म पुग्न बाटो देखाउनु हुने मेरा पुजनीय पिता ठानेश्वर बस्याल र माता ईश्वरादेवी बस्यालप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्रको शीर्षक स्वीकृत गरी शोधलेखनका लागि स्वीकृति प्रदान गर्नु हुने विभागीय प्रमुख प्राध्यापक राजेन्द्र सुवेदीलगायत नेपाली केन्द्रीय विभागमा कार्यरत सम्पूर्ण श्रद्धेय गुरुहरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । यस शोधपत्रको तयारीका क्रममा विभिन्न जानकारी दिएर सहयोग गरिदिने शोधनायकका परिवार , उहाँका भाइ बटुकप्रसाद लोहनी र छिमेकी चेतराज पाठकलाई पनि धन्यवाद दिन चाहन्छु । यसरी नै शोधलेखनको लागि अनुमति दिनुहुने शोधनायकप्रति अत्यन्त अनुगृहीत छु साथै उहाँले दिनुभएको बौद्धिक तथा अन्य विविध सहयोगहरूका लागि विशेष आभारसमेत प्रकट गर्न चाहन्छु ।

यस शोधपत्र तयारीका क्रममा आवश्यक सामग्री र मौखिक जानकारीसमेत उपलब्ध गराइदिने अग्रज दाजुहरू युवराज पाण्डे , दीपक बस्याल , बालकृष्ण ज्ञवाली , नारायण गौतम , विष्णुप्रसाद बस्याल र टंक अधिकारीज्यूप्रति आभार व्यक्त गर्दछु । साथै अध्ययनकालदेखि हालसम्म नै सल्लाह , सुझाव र हौसला प्रदान गर्नुहुने दाजु कृष्णप्रसाद बस्याल र बहिनी गंगा बस्यालप्रति चिरऋणी छु , तथा अभिन्न मित्र प्रकाश , गणेश , झविन्द्र , देवेन्द्र , टिकाराम र ध्रुव घिमिरेलगायतका साथीहरूको सहयोग सदैव स्मरणयोग्य रहनेछ ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आवश्यक पुस्तक र पत्रिकाहरू उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय र मदन पुस्तकालयप्रति आभार प्रकट गर्न चाहन्छु । प्रस्तुत शोधपत्र शुद्धसँग टङ्कन गरिदिने अर्किड कम्प्युटर कीर्तिपुरका भीष्मराज पौडेललाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि.नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६५/०९/०९

शैक्षिक सत्र : २०६२/०६४

विष्णुप्रसाद बस्याल

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

# विषयसूची

**पृष्ठ सङ्ख्या**

**सिफारिसपत्र**

**स्वीकृति पत्र**

**कृतज्ञताज्ञापन**

**विषयसूची**

**सङ्क्षेपीकरण सूची**

**परिच्छेद एक**

**शोधपरिचय**

**पहिलो परिच्छेद**

| | | |
|---|---|---|
| **१.** | **शोधपरिचय** | **१-७** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य | ४ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ | शोधविधि | ५ |
| १.१० | शोधपत्रको रूपरेखा | ६ |
| १.११ | शोधको निष्कर्ष | ७ |

**दोस्रो परिच्छेद**

| | | |
|---|---|---|
| **२.** | **गोविन्दप्रसाद लोहनीको जीवनी** | **८-२९** |
| २.१ | जन्म र जन्मस्थान | ८ |
| २.२ | बाबुआमा र दाजुभाइ | ८ |

२.३ पैतृक व्यवसाय ९
२.४ पारिवारिक पृष्ठभूमि ९
२.५ बाल्यावस्था र व्रतबन्ध (उपनयन) ११
२.६ विवाह र सन्तान १२
२.६.१ विवाह १२
२.६.२ सन्तान १३
२.६.३ मातापिताको देहावसान १४
२.७ बसाइँसराइ १५
२.८ शिक्षादीक्षा १५
२.८.१ अक्षरारम्भ १५
२.८.२ प्रारम्भिक शिक्षा १६
२.८.३ माध्यमिक शिक्षा १६
२.८.४ उच्चशिक्षा १७
२.९ स्वाध्ययन १७
२.१० पारिवारिक जीवन १८
२.११ आर्थिक अवस्था १८
२.१२ जागिरे जीवन १९
२.१३ राजनैतिक जीवन १९
२.१४ संस्थागत सङ्लग्नता २१
२.१५ सिर्जनात्मक गतिविधि २१
२.१६ साहित्यिक सिर्जनाको प्रभाव र प्रेरणा २१
२.१७ साहित्यिक रचनाको प्रारम्भ र प्रथम प्रकाशित रचना २२
२.१८ पहिलो प्रकाशित कृतिको रचना र प्रकाशन २३
२.१९ पुस्तकाकार कृतिको विवरण २३
२.२० भ्रमण २४
२.२१ रुचि र स्वभाव २५
२.२१.१ रुचि २५

२.२१.२ स्वभाव २६

२.२२ साहित्यिक धारणा र जीवन दर्शन २६

२.२३ जीवनीको निष्कर्ष २८

## तेस्रो परिच्छेद

**३. गोविन्दप्रसाद लोहनीको व्यक्तित्व ३०-४२**

३.१ व्यक्तित्वको पृष्ठभूमि ३०

३.२ व्यक्तित्वका विभिन्न पाटाहरू ३०

३.३ निजी व्यक्तित्व ३१

३.३.१ बाह्य व्यक्तित्वः शारीरिक आकार-प्रकार ३१

३.३.२ आन्तरिक व्यक्तित्वः शीलस्वभाव , आचरण र प्रवृत्ति ३२

३.४ सार्वजनिक व्यक्तित्व ३३

३.४.१ साहित्यिक व्यक्तित्व ३३

३.४.२ साहित्येतर व्यक्तित्व ३८

३.५ जीवनी , व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध ४१

२.६. निष्कर्ष ४२

## परिच्छेद चार

**४. गोविन्दप्रसाद लोहनीका कथाहरूको अध्ययन ४३-९०**

४.१ कथाको सामान्य चिनारी ४३

४.२ 'कामरेड जाने होइन ?' कथासङ्गहभित्रका कथाहरूको अध्ययन ५०

४.२.१ 'चलिआएको चलन' कथाको अध्ययन ५१

४.२.२ 'क्रान्तिकारी महेशको स्मृतिमा' कथाको अध्ययन ५४

४.२.३ 'यो पनि जीवन हो' कथाको अध्ययन ५७

४.२.४ 'कामरेड जाने होइन ?' कथासङ्ग्रहको निष्कर्ष ६१

४.३ 'नेतृत्वको भोक' कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन ६२

४.३.१ 'नुनको सोझो' कथाको अध्ययन ६२

४.३.२ 'अन्तरद्वन्द्व' कथाको अध्ययन ६६

४.३.३ 'बैडमिन्टन टुर्नामेन्ट' कथाको अध्ययन ६९

४.३.४ 'मेरा छिमेकी' कथाको अध्ययन ७२

४.३.५ 'सपना' कथाको अध्ययन ७५

४.३.६ 'त्यो नाङ्गी स्त्री !' कथाको अध्ययन ७८

४.३.७ 'नेतृत्वको भोक' कथाको अध्ययन ८१

४.३.८ 'आखिर यो सब किन ?' कथाको अध्ययन ८५

४.४ ' नेतृत्वको भोक' कथासङ्ग्रहको निष्कर्ष ८९

**पाँचौं परिच्छेद**

**५. उपसंहार** **९१-९३**


५.१ भावी शोधकार्यका निम्ति सुझाव ९३

**सन्दर्भग्रन्थसूची** **९४-९५**

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अप्र.शो. | - अप्रकाशित शोधपत्र |
| आई. कम | - इन्टरमिडियट अफ कमर्स |
| ई. | - ईस्वी सन् |
| एम्.ए. | - मास्टर अफ आर्ट्स |
| एस.एल्.सी | - स्कुल लिभिङ सर्टिफिकेट |
| चौ.सं. | - चौथो संस्करण |
| डा. | - डाक्टर |
| ते. सं. | - तेस्रो संस्करण |
| दो.सं. | - दोस्रो संस्करण |
| पं. | - पण्डित |
| पृ. | - पृष्ठ |
| मा.वि. | - माध्यमिक विद्यालय |
| वि.कम. | - व्याच्लर अफ कमर्स |
| वि.सं. | - विक्रम सम्वत् |
| सम्पा. | - सम्पादक |
| स्व. | - स्वर्गीय |
| सहप्रा. | - सहप्राध्यापक |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |

शोधनायक



साहित्यकार गोविन्दप्रसाद लोहनी

# पहिलो परिच्छेद

## १.	शोधपरिचय

प्रस्तुत **गोविन्दप्रसाद लोहनीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शीर्षकको शोधकार्यको शोधपरिचयअन्तर्गतको पहिलो परिच्छेदमा क्रमशः शोध शीर्षक , शोधकार्यको प्रयोजन , विषयपरिचय , समस्याकथन शोधकार्यको उद्देश्य , पूर्वकार्यको समीक्षा , शोधकार्यको औचित्य , शोधकार्यको सीमाङ्कन , शोधविधि , शोधपत्रको रूपरेखा र शोधको निष्कर्षका बारेमा चर्चा गरिएको छ ।

## १.१	शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गोविन्दप्रसाद लोहनीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२	शोधकार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानवविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको आंशिक परिपूर्तिका लागि दसौं पत्रको प्रयोजनार्थ यो शोधकार्य गरिएको छ ।

## १.३	विषयपरिचय

गोविन्दप्रसाद लोहनीको जन्म वि.सं. १९८५ साल कार्तिक ९ गते हालको काठमाडौँ महानगरपालिका न्हैकन्तला भन्ने ठाउँमा एक मध्यमवर्गीय परिवारमा भएको हो । उनी स्व. कवि दीपकेश्वर र उनकी कान्छी श्रीमती गङ्गाकुमारी लोहनीका कोखबाट जन्मिएका जेठा सुपुत्र हुन् । मध्यमवर्गीय परिवारमा जन्मिएका लोहनीले

बनारसमा आफ्नो बाल्यकाल बिताएका थिए । नि.मा.वि. तहसम्मको शिक्षा बनारसबाट प्राप्त गरी मा.वि. तहको शिक्षा प्राप्त-गर्न काठमाडौं आएका लोहनीको औपचारिक शिक्षा एम्.ए.सम्म पूरा भएको छ । उनी पिता कवि दीपकेश्वर लोहनी र पिताका मामा बुद्धिप्रकाश पाण्डेको प्रेरणाबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । मार्क्सवादी विचारधाराका लोहनी साहित्यिक लेखनमा मात्र होइन राजनीतिक एवम् अन्य सामाजिक विषयवस्तुमा पनि उनको लेखाइको स्तर परिस्कृत र प्रभावकारी रहेको छ । अध्ययन नै जीवनको विशेष रुचि र जीवनकै नियमितता ठान्ने लोहनीले साहित्यका कथा , निबन्ध र समालोचनाका साथै केही साहित्येतर कृतिहरूमा समेत कलम चलाएका छन् । उनको पहिलो प्रकाशित रचना विधा कथा हो । लोहनीका हालसम्म प्रकाशित साहित्यिक कृतिहरूमा 'कामरेड जाने होइन ?' (२००९ , संयुक्त कथासङ्ग्रह) र " नेतृत्वको भोक" (२०१० , कथासङ्ग्रह) मात्र हुन् । उनका निबन्धहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रशस्त प्रकाशित भए पनि पुस्तकाकार कृतिका रूपमा भने आउन सकेका छैनन् । उनका साहित्येतर विषयसँग सम्बन्धित ५०० भन्दा बढी लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनी निरन्तररूपमा साहित्य र राजनीति क्षेत्रमा लाग्दै आएका भने छैनन् । यस शोधपत्रमा यिनै गोविन्दप्रसाद लोहनीको जीवनी व्यक्तित्व र कृतित्वबारे प्रकाश पारिएको छ ।

## १.४ समस्याकथन

आधुनिककालीन नेपाली साहित्यको प्रगतिवादी धाराका साहित्यकार गोविन्दप्रसाद लोहनीका जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययनसँग सम्बद्ध प्रस्तुत शोधकार्यका समस्याहरू निम्नबमोजिम रहेका छन्:

(क) गोविन्दप्रसाद लोहनीको जीवनी के-कस्तो रहेको छ ?

(ख) उनी कस्तो व्यक्तित्व भएका व्यक्ति हुन् ?

(ग) उनका कृतिहरूको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

(घ) उनको साहित्यिक प्रवृत्ति के-कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यअन्तर्गत उपर्युक्त समस्याकथनसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) गोविन्दप्रसाद लोहनीको जीवनी खोजी गर्नु ,

(ख) उनका व्यक्तित्वको खोजी गर्नु ,

(ग) उनका कृतिहरूको अध्ययन र मूल्याङ्कन गरी ठोस निष्कर्ष प्रदान गर्नु ,

(घ) उनको साहित्यगत प्रवृत्ति केलाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

लामो समयदेखि साहित्यको साधनामा तल्लीन रहेका कुनै पनि साहित्यिक प्रतिभाहरूको जीवनी , व्यक्तित्व र कृतिहरूको अध्ययन एकै ठाउँमा गर्न कठिन नै देखिन्छ । लोहनी कथाकार, निबन्धकार , समालोचक र सम्पादकका रूपमा देखापरेका भए तापनि उनको जीवनी , व्यक्तित्व र कृतित्वको बारेमा सामान्य चर्चा मात्र पाइन्छ । उनका बारेमा व्यवस्थित , विस्तृत तथा विवरणात्मक समीक्षा भएको पाइँदैन । उनका बारेमा हालसम्म उल्लेख भएका विवरणहरू कालक्रमिक रूपमा यसप्रकार छन्ः

रत्नध्वज जोशी (छिद्रान्वेषी) ले वि.सं. २००९ को **जनयुग** पत्रिका (वर्ष १ अङ्क ७) मा प्रगतिशील प्रकाशन मण्डलद्वारा प्रकाशित 'कामरेड जाने होइन ?' कथासङ्ग्रह नेपाली जगत्मा सर्वप्रथम राजनीतिक कथासङ्ग्रह हो । यसमा जम्मा ९ वटा कथाहरू छन् । सबै कथाहरूमा मौलिकता छ तर धेरै ठाउँमा लेखकले कथाको सीमा नाघेर राजनीतिक प्रचार गरेको जस्तो पनि लाग्छ भन्ने कुराको उल्लेख गरेका छन् ।

रमादेवी पन्तले वि.सं. २०१० सालको **जनविकास** पत्रिका (वर्ष १ , अङ्क २) मा **साहित्य** शीर्षकको मार्क्सवादी दृष्टिकोण लेखको टिप्पणी गर्दै गोविन्दप्रसाद लोहनीले व्यवहारिक साहित्यको वास्तविकतामाथि प्रकाश पार्नु भएको छ भनी उल्लेख गरेकी छन् ।

प्रा. ईश्वर बरालले वि.सं. २०१० सालको **प्रगति** पत्रिका (वर्ष १ , अङ्क ३) मा गोविन्दप्रसाद लोहनीको **' नेतृत्वको भोक'** शीर्षकमा रहेको कथासङ्ग्रहको मूल्याङ्कन गर्ने क्रममा ' नेतृत्वको भोक'मा हामी लोहनीको नै ' नेतृत्वको भोक' पाउँछौं , साहित्य र कलाको भोक देख्दैनौ । पुस्तकमा यत्रतत्र शब्दको अचाक्ली अशुद्धरूप छ कहीँ नेपाली खाल र पाराको अभाव छ । लोहनीले कथाको राम्रो बानगी दिन अझै बल गर्नु पर्ला भनी उल्लेख गरेका छन् ।

डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले वि.सं. २०४६ को **नेपाली साहित्यको संक्षिप्त इतिहास** नामक पुस्तकमा नेपाली कथाको कालविभाजन र विवरण दिने क्रममा गोविन्दप्रसाद लोहनीलाई सामाजवादी-यथार्थवादी कथाकारका रूपमा रहेर कथा लेख्ने कथाकार हुन् भनी नाम उल्लेख गरेका छन् ।

घटराज भट्टराईले वि.सं. २०५६ को **नेपाली लेखक शब्दकोश** नामक पुस्तकमा नेपालका विशिष्ट अर्थशास्त्रीमध्ये एक गनिने लोहनीले आफ्नो सेवासम्बन्धमा खोजखबर गरी

उपयुक्त निकै पुस्तक रचना गरे पनि मूलतः साहित्यिक क्षेत्र कथाका फाँटमा उनी प्रसिद्ध छन् भनी उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले वि.सं. २०५८ को **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि** नामक पुस्तकमा गोविन्दप्रसाद लोहनीका पत्रिकाका निबन्धहरूको उल्लेख गरी बौद्धिक विश्लेषक र चिन्तक प्रतिभाका धनी र तर्कशील सर्जक हुन् लोहनी भनी उल्लेख गरेका छन् ।

गोपीन्द्रकुमार पौड्यालले वि.सं. २०६२ को **प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** नामक पी.एच.डी. को शोधग्रन्थमा **'कामरेड जाने होइन ?'** कथा सङ्कलन पुरातन साहित्यिक चिन्तन र मान्यताका विरुद्ध प्रगतिवादी चिन्तन र विचारको संवाहक बनेर आएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

राजकुमार बानियाँले वि.सं. २०६४ सालको **नेपाल** पत्रिका (वर्ष ८ , अङ्क १८) मा **पुरानो भ्याल** शीर्षकमा लोहनीको व्यक्तिचित्र प्रस्तुत गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य

साहित्यका विविध क्षेत्रमा कलम चलाएका साहित्यकार गोविन्दप्रसाद लोहनीका बारेमा हालसम्म कुनै शोधकार्य नभएको अवस्थामा लोहनीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिनु आवश्यक देखिएकाले यस शोधपत्रमा उनको जीवनी , व्यक्तित्व र कृतित्वबारे चर्चा गरिएको छ । यस शोधपत्रमा व्यक्ति लोहनीलाई विभिन्न कोणबाट चिनाउँदै उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई सुव्यावस्थित तवरले विश्लेषण गरिएको छ । यस शोधपत्रले गोविन्दप्रसाद लोहनीका बारेमा थप अध्ययन-अनुसन्धान गर्न चाहने जिज्ञासुहरूका लागि मार्ग निर्देशकको काम गर्नुका साथै नेपाली साहित्यको अनुसन्धान परम्परामा पनि थप योगदान दिन सक्ने देखिएको छ । नेपाली साहित्यका विविध विधाका साहित्यकार गोविन्दप्रसाद लोहनीलाई विभिन्न कोणबाट चिनाउँदै उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको समेत निरूपण गरिएकाले यस शोधपत्रको औचित्य थप स्पष्ट भएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यकार गोविन्दप्रसाद लोहनीले साहित्य र साहित्येतर दुवै क्षेत्रमा कलम चलाएका छन् । उनका साहित्यिक रचनाहरू केही प्रकाशित र केही अप्रकाशित रूपमा रहेका छन् । यस शोधपत्रमा उनका हालसम्म पुस्तकाकार रूपमा प्रकाशित कथाहरूको मात्र व्याख्या विश्लेषण गरिएको छ । तर विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरू भने अझै पुस्तकाकार कृतिका रूपमा प्रकाशित हुन सकेको देखिँदैन । यिनै पत्रपत्रिकामा प्रकाशित निबन्धहरूको मात्र यस शोधपत्रमा सूची उल्लेख गरिएको छ ।  अप्रकाशित रूपमा रहेका रचनाहरूको भने यस शोधपत्रमा सूची उल्लेख गरिएको छैन । यही नै यस शोधपत्रको सीमाङ्कन रहेको छ ।

## १.९ शोधविधि

### (क) सामग्रीसङ्कलन

यो शोधपत्र तयार पार्नका लागि निम्नलिखित प्रकारले सामग्रीसङ्कलन गरिएको छ :

अ. यो शोधपत्र तयार पार्ने क्रममा गोविन्दप्रसाद लोहनीको जीवनीपरक अध्ययनका लागि शोधनायक जीवित रहेको अवस्थामा शोधनायकलाई नै प्रमुख आधार बनाएर सामग्रीसङ्कलन गरिएको छ । यसका अतिरिक्त शोधनायकका घर परिवार र उनलाई नजिकबाट चिन्ने महानुभावहरूबाट प्राप्त तथ्य एवम्  विचारलाई समेत सामग्रीसङ्कलनको आधार बनाइएको छ ।

आ. पुस्तकालयीय पद्धतिलाई पनि शोधसामग्रीसङ्कलनको आधार बनाइएको छ । यसका लागि सम्बन्धित विषयको पुस्तक र पत्रपत्रिकाको आवश्यक अध्ययन गरी सामग्रीसङ्कलन गरिएको छ ।

### (ख) सामग्रीविश्लेषण

यस शोधपत्रमा गोविन्दप्रसाद लोहनीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा जीवनीपरक समालोचना पद्धतिलाई अँगाली कृतिपक्षको विवेचना चाहिँ वर्णनात्मक र प्रभावपरक समालोचना एवम् विधागत सैद्धान्तिक तत्त्वका आधारमा गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नलिखित पाँच परिच्छेदमा विभाजित छ :

**पहिलो परिच्छेद** : शोधपरिचय

**दोस्रो परिच्छेद** : गोविन्दप्रसाद लोहनीको जीवनी

**तेस्रो परिच्छेद** : गोविन्दप्रसाद लोहनीको व्यक्तित्व

**चौथो परिच्छेद** : गोविन्दप्रसाद लोहनीको कृतित्वको अध्ययन

**पाँचौ परिच्छेद** : उपसंहार

**सन्दर्भसूची**

**पहिलो परिच्छेद**

यस शोधपत्रको पहिलो परिच्छेदको नामकरण शोधपरिचय राखिएको छ । यस परिच्छेदमा शोधशीर्षक , शोधकार्यको प्रयोजन , विषयपरिचय , समस्याकथन , उद्देश्य , पूर्वकार्यको समीक्षा , शोधकार्यको औचित्य , शोधकार्यको सीमाङ्कन , शोधविधि , शोधपत्रको रूपरेखा र शोधको निष्कर्ष प्रस्तुत गरिएका छन् ।

**दोस्रो परिच्छेद**

यस शोधपत्रको दोस्रो परिच्छेदमा गोविन्दप्रसाद लोहनीको जीवनी पक्षको चर्चा गरिएको छ । यस परिच्छेदमा गोविन्दप्रसाद लोहनीका जन्म र जन्मस्थान , बाबुआमा र दाजुभाइ , पैतृक व्यावसाय , पारिवारिक पृष्ठभूमि बाल्यावस्था र व्रतबन्ध , विवाह र सन्तान , मातापिताको देहावसान , बसाइँसराइ शिक्षादीक्षा , स्वाध्ययन , पारिवारिक जीवन , आर्थिक अवस्था , जागिरे जीवन , राजनैतिक जीवन , संस्थागत सङ्लग्नता , सिर्जनात्मक गतिविधि , साहित्यिक सिर्जनाको प्रभाव र प्रेरणा , साहित्यिक रचनाको प्रारम्भ र प्रथम प्रकाशित रचना , पहिलो प्रकाशित कृतिको रचना र प्रकाशन , भ्रमण, रुचि र स्वभाव , साहित्यिक धारणा र जीवन दर्शन र जीवनीको निष्कर्षजस्ता विषयको चर्चा गरिएको छ ।

**तेस्रो परिच्छेद**

यस शोधपत्रको तेस्रो परिच्छेदमा गोविन्दप्रसाद लोहनीको व्यक्तित्वको चर्चा गरिएको छ । यसमा लोहनीको शारीरिक व्यक्तित्व , साहित्यिक व्यक्तित्व , साहित्येतर व्यक्तित्व, सामाजिक व्यक्तित्व , राजनैतिक व्यक्तित्व , बहुभाषिक व्यक्तित्व , अर्थशास्त्री व्यक्तित्व र जीवनी , व्यक्तित्व र साहित्यिक लेखनकाबीच अन्तः सम्बन्धको चर्चा गरिएको छ ।

**चौथो परिच्छेद**

यस शोधपत्रको चौथो परिच्छेदमा गोविन्दप्रसाद लोहनीका कृतित्वको बारेमा चर्चा गरिएको छ । यस क्रममा उनका **'कामरेड जाने होइन ?'** (कथासङ्ग्रह) र **' नेतृत्वको भोक'** ( कथासङ्ग्रह) जस्ता कृतिहरूको विश्लेषण गरिएको छ ।

**पाँचौ परिच्छेद**

यस शोधपत्रको पाँचौँ परिच्छेदमा शोधको उपसंहार र भावी शोधकार्यका निम्ति सुझाव दिएको छ । शोधपत्रको मूलपाठका यी पाँच परिच्छेदपछि सन्दर्भसूची राखिएको छ ।

## १.११ शोधको निष्कर्ष

वि.सं.१९८५ साल कार्तिक ९ गते हालको काठमाडौं महानगरपालिका न्हैकन्तला भन्ने ठाउँमा गोविन्दप्रसाद लोहनी एक मध्यमवर्गीय परिवारमा जन्मिएका व्यक्ति हुन् । साहित्यलाई अगाडि बढाउँदै आएका लोहनीले साहित्य क्षेत्रमा कथा र निबन्ध जस्ता विधामा कलम चलाएका छन् । राजनीतिक क्षेत्रमा मार्क्सवादी विचारधारा अँगाल्ने लोहनी प्रगतिवादी साहित्यकारका रूपमा सुपरिचित छन् ।

## दोस्रो परिच्छेद

## २. गोविन्दप्रसाद लोहनीको जीवनी

### २.१ जन्म र जन्मस्थान

सुब्बा पं. उमाशङ्कर लोहनी र अपलादेवी लोहनीका एक मात्र छोरा कवि दीपकेश्वर लोहनी र उनकी कान्छी श्रीमती गङ्गाकुमारी लोहनीका कोखबाट वि.सं. १९८५ कार्तिक ९ गते हालको काठमाडौं महानगरपालिकाको न्हैकन्तला भन्ने ठाउँमा एक मध्यमवर्गीय परिवारमा गोविन्दप्रसाद लोहनीको जन्म भएको हो ।[१] नेवार समुदायको बाहुल्य रहेको न्हैकन्तला यातायात , सञ्चार , शिक्षा , स्वास्थ्य , बिजुलीको सुविधा भएको ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण स्थल नै लोहनीको जन्मस्थल हो ।[२]उनको गोत्र भारद्वाज र जन्मराशि वृश्चिक हो । लोहनीको न्वारनको नाम नूरनिधि शर्मा भए पनि लेखापढी , व्यवहार र पठनपाठनका साथै साहित्यिक क्षेत्रमा गोविन्दप्रसाद लोहनी नै प्रचलित छ ।[३]

### २.२ बाबुआमा र दाजुभाइ

गोविन्दप्रसाद लोहनीका पिताको नाम कवि दीपकेश्वर लोहनी र माताको नाम गङ्गाकुमारी (पन्त) लोहनी हो ।[४]दीपकेश्वर लोहनीका दुईवटी श्रीमतीमध्ये जेठी श्रीमती गेहकुमारी (पन्त) लोहनी र कान्छी श्रीमती गङ्गाकुमारी (पन्त) लोहनी बुटवलका ख्यातिप्राप्त जमिन्दार पं. विष्णुप्रसाद पन्तका छोरीहरू हुन् ।[५] लोहनीका चारभाइ छोराहरूमध्ये जेठी श्रीमती गेहकुमारीका कोखबाट जन्मेका एउटा मात्र छोरा श्यामकृष्ण लोहनीको जन्म भएको हो । गेहकुमारी लोहनीका कोखबाट एउटै मात्र सन्तान भएको र त्यसमा पनि सबैभन्दा जेठा छोरा श्यामकृष्ण लोहनी हुन् । श्यामकृष्ण लोहनीकी श्रीमतीको नाम लक्ष्मीदेवी लोहनी हो ।[६] कवि दीपकेश्वर लोहनीकी कान्छी श्रीमती गङ्गाकुमारी लोहनीका कोखबाट तीनभाइ छोराका जन्म भएको हो । जसमा छोराहरूको नाम क्रमशः गोविन्दप्रसाद लोहनी , बटुकप्रसाद लोहनी

---

१ शोधनायकबाट प्राप्त जानकारी ।

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

५ शोधनायकबाट प्राप्त जानकारी ।

६ पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

र विश्वराज लोहनी हुन् ।[७] यी मध्ये गोविन्दप्रसाद लोहनीकी श्रीमती रुचिराबालादेवी , वटुकप्रसाद लोहनीकी श्रीमती नानीबबा र विश्वराज लोहनीकी श्रीमती जानकी लोहनी हुन् । जम्मा चारभाइ छोराहरूमध्ये श्यामकृष्ण लोहनी र विश्वराज लोहनीको मृत्यु भैसकेको छ भने गोविन्दप्रसाद लोहनी र वटुकप्रसाद लोहनी जीवित नै छन् ।[८] कवि दीपकेश्वर लोहनीका दुवै श्रीमतीबाट कुनै पनि छोरीहरू जन्मिएका छैनन् ।[९]

## २.३ पैतृक व्यवसाय

गोविन्दप्रसाद लोहनीका पूर्वजहरूको बसोबास पाल्पा जिल्लाको हुँगी हो ।[१०] यिनका पुर्खाले कस्तो व्यावसाय अँगालेका थिए भन्ने कुरा कतै पनि स्पष्ट उल्लेख भएको पाइँदैन । यद्यपि ब्राह्मण परिवारका भएकाले नेपालका अन्य ब्राह्मण परिवारले जस्तै पढ्ने , पढाउने , पुरोहित्याइँ गर्ने कामकाज गर्थे भन्ने जानकारी पाइन्छ ।[११] राजज्योतिषि पं.रुद्रदेवका नाति तथा सुब्बा पं.उमाशङ्करदेवका छोरा कवि दीपकेश्वर लोहनी भएकाले राजज्योतिषि पण्डित र सुब्बा पं. उमाशङ्करदेवको पैतृक व्यवसाय पुरोत्याइँ हो ।

## २.४ पारिवारिक पृष्ठभूमि

गोविन्दप्रसाद लोहनीका पुर्खाहरू पाल्पाको हुगीगाउँबाट बसाइँ सरेर काठमाडौंको न्हैकन्तलामा जङ्गबहादुर राणाले साशनसत्ता आफ्नो हातमा पारेको समयमा बसोबास गरेका हन् ।[१२] उनका पूर्वजहरूले पुरोत्याइँ पेसामा आफूलाई लीन बनाएका थिए । आर्थिक दृष्टिकोणले पनि यिनीहरू मध्ययमवर्गीय परिवारमा पर्दथे भन्ने जानकारी पाइन्छ ।[१३]

लोहनीका पिता कवि दीपकेश्वर लोहनी पुस्तकालय सेवामा कार्यरत व्यक्ति थिए ।[१४]नेपाली साहित्यको माध्यमिककालका अगुवा मोतीराम भट्टको निधन भन्दा लगभग एक वर्ष

---

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] भाइ वटुकप्रसाद लोहनीबाट प्राप्त जानकारी ।

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] शोधनायकबाट प्राप्त जानकारी ।

[१४] ऐजन ।

अगाडि वि.सं. १९५२ सालमा यिनको जन्म भएको हो ।[१५] मावलीबाट नै शिक्षादीक्षा पाएका दीपकेश्वर उच्च शिक्षासम्म अध्ययन गर्न सफल भए । यिनी मेधवी विद्यार्थी थिए । उनले वि.सं. १९७२ सालमा बनारस संस्कृत कलेजबाट द्वितीय श्रेणीमा साङ्ख्य जस्तो गहन विषयमा आचार्य परीक्षा उत्तीर्ण गरे ।[१६] वि.सं. १९७३ सालमा कलकत्ता विश्वविद्यालयबाट उनले सोही श्रेणीमा काव्यतीर्थ उत्तीर्ण गरे ।[१७] कवि दीपकेश्वर लोहनी 'प्रभाकर' उपनामले पनि साहित्यमा परिचित छन् । उनले नोकरीमा पहिलो प्रवेश पुस्तकालयमा पाए । 'दरवार लाइब्रेरी' , 'वीर लाइब्रेरी' तथा पोस्तकखानाका रूपमा चिनिदै आएका तथा वीरशमशेरको समयमा घण्टाघर बनेपछि त्यही एक भवनामा रहेको 'पोस्तकखाना' मा उनी वि.सं. १९७८ असोजमा हाकिम बन्न पुगे ।[१८]आफ्नो कडा मेहनत र परिश्रमले गर्दा सरकारी पुस्तकालय सेवाको सामान्य कर्मचारीदेखि लिएर हाकिम बन्न पुगेका थिए ।[१९] उनले आफ्नो जागिर र अध्ययनको दौरानमा काशी र काठमाडौंमा लामो समय बिताए । स्व. श्री दीपकेश्वर लोहनीले चन्द्रशमशेरको पालामा १२ वर्ष वीर पुस्तकालयमा लाइब्रेरियनको पदमा कार्य गरेका थिए ।[२०] पुस्तकालयबाट पुस्तकहरू हराएको अभियोगमा भीमशमशेरले उनको जग्गा रोक्का गरी सर्वस्वहरण गर्ने धम्की दिए पछि डर र त्रासले पीडित लोहनी भागेर बनारस पुगे । उनलाई पछि जुद्ध शमशेरले श्री केशरशमशेर ज.ब.राको सिफारिसमा वास्तविक कुरा बुझी माफी दिए । त्यस घटनाले लोहनीमा मानसिक आघात पर्न गयो र उनी जीवनभरी नै अर्धविक्षिप्तजस्तो भएर रहे ।[२१] उनी इमान्दार , निर्धन छात्रहरूलाई पुस्तक तथा आर्थिक सहयोग दिने , समाजसेवी , अनुभवी र आध्यात्मवादी व्यक्ति भएकाले गोविन्दप्रसाद लोहनीमा पनि आफ्ना पिताको धेरथोर प्रभाव परेको देखिन्छ ।

## २.५ बाल्यावस्था र व्रतबन्ध (उपनयन)

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण भाग हो । यस समयमा बालमस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म अर्थात् जीवनको अन्तिम क्षणसम्म पनि केही हदसम्म प्रभाव

---

[१५] वटुकप्रसाद लोहनी , 'स्व. कवि पं. दीपकेश्वर लोहनी' , **रत्नश्री** , ९/६ , पृ. ७६ ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] शोधनायकबाट प्राप्त जानकारी ।

[१९] ऐजन ।

[२०] बटुकप्रसाद लोहनी पूर्ववत्, पृ.७६ ।

[२१] बटुकप्रसाद लोहनीकाअनुसारप्राप्त जानकारी ।

पारिरहेका हुन्छन् । बालकले भावहरू बुभ्दैन भने सम्भनु भूल हो ।[२२] आफ्ना पिताको पुस्तकालयबाट पुस्तक हराएको अभियोगले उनका पितामा अव्यवहारिक दृष्टिकोण देखापरेकाले लोहनीको बाल्यकाल मामाघरमा बित्यो ।[२३] उनको बाल्यकालमा कुनै पनि प्रिय तथा अप्रिय घटनाहरू भएको बुभिदैन ।[२४]उनको बाल्यकाल काशी , काठमाडौं र तराईमा बितेको थियो ।

शोधनायकको उपनयन संस्कारका सन्दर्भमा कुरा गर्नुअघि यस संस्कारको अवधारणाबारे चर्चा गर्नु उपयुक्त हुनेछ ।

हिन्दूहरूले आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अनुसरण गर्न जुन पद्धति अथवा संस्थागत व्यवस्थाहरू अवलम्बन गरेका छन् ती मध्ये संस्कार पनि एउटा हो । ... हिन्दूहरूको सम्पूर्ण जीवन संस्कारहरूद्वारा घेरिएको छ । शिशु जन्मनुभन्दा अगाडि अर्थात् गर्भाधान गरेदेखि नै अनेक संस्कारहरूको अनुसरण गर्नुपर्दछ । संस्कारलाई यति महत्त्व दिएर के विश्वास गरिएको छ भने संस्कारविना व्यक्तिको जीवन कदापि पूर्ण हुँदैन ।[२५]

संस्कारको अर्थ हो कुनै वस्तुको रूपलाई वस्तुतः नयाँ रूप दिनु । वैदिक संस्कृतिमा मानव जीवनका लागि १६ संस्कारको विधान छ ।[२६] हिन्दूहरूको सम्पूर्ण जीवन संस्कारहरूद्वारा घेरिएकाले जीवनका हरेक महत्त्वपूर्ण मोडमा कुनै न कुनै संस्कारको प्रावधान राखिएको देखिन्छ ।

'उपनयनको अर्थ हो समीप वा नजिक बस्नु , हिन्दूहरूका लागि उपनयन संस्कार अनेक दृष्टिकोणले महत्त्वपूर्ण रहिआएको छ । यस संस्कारबाट सर्वप्रथम एक हिन्दूले आफ्नो सही जातीय स्थिति प्राप्त गर्दछ । दोस्रो यस संस्कारबाटै उसको शिक्षादीक्षा विधिवत् प्रारम्भ हुन्छ ।[२७]

---

[२२] गोविन्दप्रसाद लोहनी 'मेरो बौद्धिक विकास ,'**रूपरेखा ,** १०/४ सं.२०२६ , पृ.३६ ।

[२३] शोधनायकबाट प्राप्त जानकारी ।

[२४] ऐजन ।

[२५] नारायणप्रसाद पौडेल , **रुद्रमणि अधिकारीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** , अप्रकाशित , 'नेपाली स्नातकोत्तर शोधपत्र' , (२०६३) , पृ. १८ ।

[२६] ऐजन ।

[२७] ऐजन ।

ब्राह्मणकुलमा जन्मेका गोविन्दप्रसाद लोहनीको उपनयन संस्कार परम्परागत रीतिअनुसार वि. सं. १९९२ सालमा सातवर्षको उमेरमा काशीमा सम्पन्न भएको हो ।[२८]

## २.६ विवाह र सन्तान

### २.६.१ विवाह

गोविन्दप्रसाद लोहनीको विवाह २० वर्षको उमेरमा वि.सं. २००५ सालमा परम्परागत पद्धतिअनुसार पहिलो इलेक्ट्रोनिक इन्जिनियर काशीराज पाण्डे र मेनकादेवी पाण्डेकी जेठी छोरी रुचिराबालादेवीसँग भएको हो । [२९] उनकी श्रीमती घरव्यवहार चलाउन सक्षम विदुषी तथा प्रख्यात समाजसेवी नारी थिइन् ।[३०] श्रीमतीको शिष्ट , सरल एवम् सहयोगी व्यवहारका कारण लोहनीलाई साहित्यिक क्षमता प्रदर्शन गर्न अनुकूल वातावरण बनेको थियो । उनले आफ्नो सन्तानको पालनपोषण घर-व्यवहार तथा साहित्य सिर्जनालाई एकसाथ अगाडि बढाएको देखिन्छ । वि. सं. २००५ देखि २०१० सम्मको अवधिमा लोहनीले उच्चशिक्षा यिनैको सहयोगमा पूरा गरेको स्वयम् लोहनीको स्वीकारोक्ति रहेको छ ।[३१]

रुचिराबालादेवीले प्रारम्भिक शिक्षा मात्र प्राप्त गरेकी भए पनि उनले बौद्धिक लोहनीको पारिवारिक जीवनमा सम्पूर्णता भित्र्याइन् । उनका माइतका तीनवटा दिदीबहिनी मध्ये बालादेवी जेठी छोरी हुन् ।[३२] रुचिराबालादेवीका एउटा दाजु र दुईवटा भाइहरू रहेको जानकारी पाइन्छ । लोहनीकी श्रीमतीले जीवनमा केही गर्नुपर्छ भन्ने भनाइले आफूलाई साहित्य र समाजसेवाको अतिरिक्त उच्चपदस्थ कार्य गर्नमा थप हौसला मिलेको जानकारी पाइन्छ ।[३३] दाम्पत्य जीवन सुखमय चलिरहेका बेला रुचिराबालादेवी रक्तक्यान्सरबाट विरामी परिन् । ६५ वर्षको उमेर पुग्दा नपुग्दै वि.सं. २०५० सालमा उनको दुःखद अन्त्य भयो ।[३४] यसरी वैवाहिक जीवनको करीव ४५ वर्ष व्यतीत गरेपछि लोहनीले आफ्नो जीवनसाथीबाट सँधैका लागि अलग्गिएर रहनुपर्‍यो ।

---

[२८] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] शोधनायकबाट प्राप्त जानकारी ।

[३४] ऐजन ।

### २.६.२ सन्तान

गोविन्दप्रसाद लोहनीका तीन छोरा र एक छोरी छन् ।[३५] उनका जेठा छोराको नाम प्रदीप लोहनी हो भने उनकी श्रमितीको नाम रूपा लोहनी हो । प्रदीप लोहनीका एक छोरा प्रितेश लोहनी र छोरी प्रीति लोहनी हुन् ।[३६] प्रदीप लोहनीको परिवार हाल अष्ट्रेलियामा बसोबास गर्दै आएको छ । अध्ययनका क्रममा उनले अर्थशास्त्रमा एम्.ए पूरा गरेका छन् ।

लोहनीका माइला छोराको नाम हरीश लोहनी हो भने उनकी श्रीमतीको नाम सुनिता लोहनी हो ।[३७] हरीश लोहनीका पनि एक छोरा हितेश लोहनी र एक छोरी सृष्टि लोहनी हुन् । हरीश लोहनीले पनि एम्.ए. पूरा गरी प्राइभेट जागिर गर्दै आएका छन् । लोहनी हाल काठमाडौं महानगरपालिका वडा नं.३२ घट्टेकुलोमा परिवारसहित बस्दै आएका छन् ।[३८]

लोहनीका तीन भाइ छोरामध्ये कपिल लोहनी कान्छा छोरा हुन् । उनैसँग गोविन्दप्रसाद लोहनी बसोबास गर्दै आएका छन् ।[३९] कपिल लोहनीकी श्रीमतीको नाम रजनी लोहनी हो । कपिल लोहनीका पनि एक छोरा कृपेश लोहनी र एक छोरी कृपा लोहनी हुन् । कपिल लोहनीले पनि अध्ययनका क्रममा एम्.ए.पूरा गरी 'हिमालय बैंकको' सेकेन्ड क्लास अफिसर पदमा जागिरे जीवन बिताएका छन् ।[४०]

लोहनीको एकमात्र छोरी सरिता (लोहनी) पन्त तीन भाइ छोराकी दिदी हुन् ।[४१] उनको विवाह काठमाडौं महानगरपालिका मैतीदेवीमा बसोबासगर्दै आएका रविराज पन्तसँग भएको हो । हाल सरिता पद्‌मकन्या बहुमुखी क्याम्पसमा प्रध्यापन कार्यमा सङ्लग्न छन् भने उनका श्रीमान् अर्थमन्त्रालयअन्तर्गत उपसचिवको पदभार समाल्दै आएका छन् ।[४२] यसरी अहिले सुख र सन्तोषका साथ आफ्नो पारिवारिक जीवन बित्दै गएको अनुभव गोविन्दप्रसाद लोहनीलाई छ ।

---

[३५] ऐजन ।

[३६] शोधनायकको नातिनी कृपा लोहनीबाट प्राप्त जानकारी ।

[३७] शोधनायकबाट प्राप्त जानकारी ।

[३८] ऐजन ।

[३९] ऐजन ।

[४०] शोधनायकबाट प्राप्त जानकारी ।

[४१] ऐजन ।

[४२] छिमेकी चेतराज पाठकबाट प्राप्त जानकारी ।

### २.६.३ मातापिताको देहावसान

प्रत्येक मानिसको जीवनमा सुख-दु:खको आरोह-अवरोह भइरहन्छ । गोविन्दप्रसाद लोहनी आफूलाई जन्म दिने मातालाई वि.सं.२०१३ सालमा गुमाउन पुगे ।[४३] यसघटनाको करिब १५ वर्ष पछि वि.सं.२०२८ साल फागुन २७ गते ७६ वर्षको उमेरमा उनी आफ्ना पितालाई पनि गुमाउन पुगे ।[४४] यसरी गोविन्दप्रसाद लोहनीले वि.सं. २०२८ सालदेखि आफूलाई जन्म दिने मातापितालाई गुमाएको देखिन्छ ।

---

[४३] ऐजन ।

[४४] बटुकप्रसाद लोहनीबाट प्राप्त जानकारी ।

## २.७ बसाइँसराइ

गोविन्दप्रसाद लोहनीको पैतृक थलो पाल्याको हुँगी हो । यसैले उनका पूर्वजहरू पाल्पा जिल्लामै रहेका छन् ।[४५] वि.सं.१९०५ जङ्गबहादुरको समयमा उनका पूर्वजहरू हालको काठमाडौं महानगरपालिका न्हैकन्तला भन्ने ठाउँमा आएका हुन् ।[४६] गोविन्दप्रसाद लोहनीको जन्म सोही ठाउँमा भएको हो । नेपाल राष्ट्रबैंकमा वि.सं.२०१३ सालमा जागिर खाएपछि मात्र लोहनी काठमाडौं महानगरपालिका वडा नं. ३२ घट्टेकुलोमा आई स्थायी रूपमा बसोबास गरेका हुन् ।[४७]

## २.८ शिक्षादीक्षा

### २.८.१ अक्षरारम्भ

गोविन्दप्रसाद लोहनीको प्रारम्भिक शिक्षा विशेष गरी घर परिवारको पाठशाला र प्रकृतिरूपि पाठशालामा सम्पन्न भएको थियो । यसका अतिरिक्त उनले जीवनको प्रारम्भिक अवस्थामा छरछिमेक , नातागोता , साथीसङ्गिनीका साथै समाजका श्रेष्ठ र बौद्धिक खालका व्यक्तिबाट विविध कुराहरू सिकिसकेका थिए ।[४८] सानै उमेरदेखि नै जिज्ञासु स्वभावका लोहनीको पुस्तामा प्रशस्तमात्रामा शिक्षित व्यक्ति थिए । उनका परिवारमा जिजुबुबा बुबा कवि दीपकेश्वर लोहनी शिक्षित व्यक्ति थिए । बुबा पढे लेखको भए पनि लोहनीलाई सर्वप्रथम शिक्षा दिने काम आफ्ना मामा डा. यादवप्रसाद पन्तबाटै भएको थियो ।[४९] उनले मामा डा. यादवप्रसाद पन्तका बाबुको रेखदेख , निर्देशन र नियन्त्रणमा अक्षरारम्भ गरेका थिए । यिनका पितालाई पुस्तकालयमा पुस्तक चोरेको अभियोग लागेपछि लोहनी मामाको घरमा बस्दै आएका थिए । आजको बौद्धिक गोविन्दप्रसाद बन्नमा यहाँ यिनैका मावली पाठशालाको भूमिका रहेको छ ।[५०] उनले अहिले जे-जति ज्ञान हासिल गरेका छन् । त्यसको श्रेय उनका मामा डा.यादवप्रसाद पन्तलाई जान्छ , जसले अबोध बालकलाई पढ्ने र लेख्ने प्रेरणा प्रदान गऱ्यो ।

---

४५ ऐजन ।

४६ ऐजन ।

४७ शोधनायबाट प्राप्त जानकारी ।

४८ ऐजन ।

४९ ऐजन ।

५० ऐजन ।

### २.८.२ प्रारम्भिक शिक्षा

घरमा नै अक्षर चिनिसकेका गोविन्दप्रसाद लोहनीलाई औपचारिक शिक्षा हासिल गराउनका लागि उनका मामाले काशीको महाजनी पाठशालामा वि.सं. १९९१ सालमा ६ वर्षको उमेरमा कक्षा १ मा भर्ना गरिदिए ।[५१] उनी वि.सं. १९९३ सालमा काशीकै गुर्जर पाठशालामा तीन कक्षामा भर्ना भए । घरमा नै धेरै कुरा सिकेका लोहनी विद्यालयमा गुरुहरूको निर्देशन तथा मामाको नियन्त्रण र रेखदेखले गर्दा छोटो समयावधिमा नै निर्धारित पाठ्यांश पूरा गरिसक्दथे ।[५२]उनी वि.सं. १९९७ सालतिर काशीबाट काठमाडौं फर्किएकाले उनको एकदेखि सातसम्मको औपचारिक शिक्षा काशीमै समाप्त भयो ।[५३]

### २.८.३ माध्यमिक शिक्षा

लोहनीले कक्षा १ देखि ७ सम्मको अध्ययन काशीमा गरे तापनि माध्यमिकस्तरीय शिक्षा हासिल गर्नका लागि उनी काठमाडौंमा आएको बुझिन्छ ।[५४] उनले वि.सं. १९९९ सालमा जुद्धोदय पब्लिक हाइस्कुलमा कक्षा आठमा भर्ना भई वि.सं. २००१ सालमा एस.एल्.सी द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।[५५] विज्ञानमा ठूलो चाख भएता पनि गणितको कम ज्ञानले गर्दा उनले विज्ञान पढ्न सकेनन् । उनमा विद्यालयमा पढाइने विषयमा मात्र केन्द्रित नरही अन्य विषयसँग सम्बन्धित पुस्तक पत्रपत्रिकाहरूको अध्ययन गर्ने बानी थियो । विद्यार्थीजीवनदेखि नै राजनीतिक गतिविधिमा संलग्न रहेका लोहनी राणाविरोधी कार्यमा सरिक भए ।[५६] यसरी लोहनीले १६ वर्षको उमेरमा विद्यालयबाट विविध विषयको ज्ञान हासिल गरी मा.वि. तहसम्मको अध्ययन पूरा गरेका थिए ।

### २.८.४ उच्चशिक्षा

लोहनीले आफ्नो उच्चशिक्षा अध्ययन गर्ने क्रममा वि.सं. २००२ सालमा बनारस हिन्दूविश्वविद्यालयमा आई.कम.मा भर्ना भई वि.सं २००४ सालमा प्रवीणता प्रमाणपत्र तह

---

[५१] ऐजन ।

[५२] ऐजन ।

[५३] ऐजन ।

[५४] शोधनायकबाट प्राप्त जानकारी ।

[५५] ऐजन ।

[५६] ऐजन ।

उत्तीर्ण गरेका हुन् ।[५७] उनी यसै विश्वविद्यलायमा नै वि.सं. २००५ सालमा बि.कम.मा भर्ना भए । गोविन्दप्रसाद लोहनीको वैवाहिक जीवन यसै समयमा गाँसिन गए पनि उनको पढाइमा कुनै व्यावधान परेन ।[५८] यसै समयमा उनले लेखहरू रचना गरी विभिन्न पत्रपत्रिकामा आफ्ना लेख प्रकाशनमा पनि ल्याए भने पढ्ने सिलसिलामा बनारसबाट प्रकाशित हुने नेपाली काङ्ग्रेसको मुखपत्र युगवाणीमा पनि काम गरे । वि.सं. २००७ सालको जनक्रान्तिमा लागेकाले उनले तीनवर्ष ढिलो अर्थशास्त्रमा स्नातकोत्तर गरेका हुन् ।[५९] उनले वि.सं. २०१० सालमा बनारस हिन्दू विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तरतह उत्तीर्ण गरे । यसरी लोहनीले एम्.ए. सम्मको उपाधि लिएर आफ्नो औपचारिक शिक्षा समाप्त गरेका हुन् ।

## २.९ स्वाध्ययन

गोविन्दप्रसाद लोहनीले आफ्नो औपचारिक शिक्षाका अतिरिक्त प्रशस्त स्वाध्ययन पनि गरेका छन् । उनले खासगरी स्वाध्ययनमा पूर्वीय र पाश्चात्य साहित्य र दर्शनको बढी अध्ययन गरेको बुझिन्छ ।[६०]उनी हिन्दी साहित्यमा राहुल सांस्कृत्यान , प्रेमचन्द् , यशपाल , अमृत राय , डा. रागेय राघव साहित्यमा पाइने यथार्थवाद र प्रगतिवादको व्याख्या गर्थे । उनले तिनीहरूको साहित्य पढ्नुका साथै अन्य राजनीतिक , आधुनिक विज्ञान विश्वको इतिहास , मार्क्सवादी कृतिहरूको पनि अध्ययन गरेका छन् ।[६१] उनले कार्ल मार्क्स , प्रिन्स क्रोपटकिन , वर्ट्रैन्ड रसेल , क्रिस्टोपर कडवैल , राल्फ फक्स , हर्बार्ड फास्ट , एन्जेल्स , लेलिन , जर्ज प्लेखानोव , ट्रटस्की , माओत्सेतुङ्गका किताबहरूको विशेष अध्ययन गरेको बुझिन्छ ।[६२] आफ्नो फुर्सदको समयमा अहिले पनि उनी प्रायः आफ्नै घरमा रहेका पुस्तकालयमा साहित्य र समसामयिक पत्रपत्रिकाहरू (स्वदेशी तथा विदेशी) को अध्ययनमा मग्न हुन्छन् ।[६३] यसरी उनी एक कुशल अध्येताका रूपमा देखिन्छन् । त्यसैले उनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधिको राम्रो ज्ञान भएको पाइन्छ ।

---

[५७] ऐजन ।

[५८] शोधनायकबाट प्राप्त जानकारी ।

[५९] ऐजन ।

[६०] ऐजन ।

[६१] ऐजन ।

[६२] ऐजन ।

[६३] ऐजन ।

## २.१० पारिवारिक जीवन

गोविन्दप्रसाद लोहनी २० वर्षको हुँदा अर्थात् वि.सं. २००५ सालमा नेपालका पहिला इलेक्ट्रोनिक इन्जिनियर काशीराज पाण्डे तथा मेनकादेवी पाण्डेकी जेठी सुपुत्री रुचिराबालादेवी पाण्डेसँग दम्पत्य जीवनको सूत्र गाँसिन्छ ।[६४] औपचरिक रूपमा पाँच कक्षा मात्र उत्तीर्ण गरेकी रुचिराबालादेवी लोहनीबाट तीन भाइ छोरा र एक छोरीको जन्म भएको छ ।[६५] उनका छोराहरूको नाम क्रमशः प्रदीप लोहनी , हरीश लोहनी र कपिल लोहनी हुन् भने छोरीको नाम सरिता लोहनी हो ।[६६]गोविन्दप्रसाद लोहनी कान्छा छोरा कपिल लोहनीसँग बसोवास गर्दै आएका छन् । यिनकी श्रीमती रुचिराबालादेवीको निधन पति लोहनीको उमेर ६५ वर्ष हुँदा वि.सं २०५० सालमा भएको हो ।

## २.११ आर्थिक अवस्था

मध्यमवर्गीय जागिरे परिवारमा जन्मिएका कवि दीपकेश्वर लोहनीको प्रमुख पेसा वीर पुस्तकालयमा थियो । यसबाट प्राप्त स्रोत नै उनको प्रमुख कमाइ थियो ।[६७] यसका अतिरिक्त खास आयस्रोत नभए पनि उनलाई जीवन धान्नका लागि केही समस्या भएको देखिदैन । गोविन्दप्रसाद लोहनी आफ्ना मामा डा.यादवप्रसाद पन्तको घरमा बस्दै आएका कारणले यिनले खासै दुःख भोग्नु परेन यसरी मध्यम स्तरको जीवन यापन गरेका लोहनीको वर्तमान जीवन यापन भने उच्चस्तरले नै बितेको देखिन्छ ।[६८]

## २.१२ जागिरे जीवन

गोविन्दप्रसाद लोहनीले आफ्नो अध्ययन समाप्त गरेपछि जागिर खान थालेको देखिन्छ । उनले विभिन्न सङ्घसंस्थामा जागिर खाएका थिए ।[६९] लोहनीले सर्वप्रथम वि.सं. २०१२ सालमा सीताराम विद्यालयमा अध्यापन कार्य गरे । उनले वि.सं. २०१२ सालमा नै अध्यापन

---

[६४] ऐजन ।
[६५] शोधनायकबाट प्राप्त जानकारी ।
[६६] ऐजन ।
[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।

पेसा छोडेर नेपाल बैंक लिमिटेडमा कारिन्दाको जागिर खाए ।[७०] लोहनीले त्यसको लगभग एक वर्षपछि नेपाल राष्ट्र बैंकको स्थापनासँगै खुला प्रतिस्पर्धामा सोही बैंकमा आर्थिक अनुसन्धान अधिकृतको पदमा बसेर जागिरे जीवन बिताए । उनी वि.सं. २०१४ सालमा अस्ट्रेलियामा तालिमका लागि नेपाल राष्ट्रबैंकबाट गए । वि.सं.२०१६ सालमा आर्थिक अनुसन्धान विभागको मुख्य अधिकृतमा उनको प्रमोसन भयो ।[७१] उनी नेपाल राष्ट्रवैंकमा अनुसन्धान अधिकृतबाट सह-सचिव र सल्लाहकार जस्तो उच्चपद सम्हाल्न पुगे ।

वि.सं. २०२१ सालमा श्री ५ को सरकारले पञ्चायत र भूमिसुधार मन्त्रालयमा उनलाई सवा दुई वर्ष काजमा लियो ।[७२] लोहनीले वि.सं.२०२९ देखि २०३६ सम्म राष्ट्रिय योजना आयोगमा काम गरे । वि.सं. २०३६ देखि वि.सं. २०४१ सम्म पाकिस्तानका लागि शाही नेपाली राजदूत भएर उनले काम गरे ।[७३] वि.सं. २०४१ सालमा पाकिस्तानबाट फर्किएपछि लोहनीले जागिरे जीवनबाट अवकाश प्राप्त गरे । यसरी लोहनी नेपालको गौरव र प्रतिष्ठा बढाउन आफ्नो जागिरे जीवनभर प्रयत्नशील देखिन्छन् ।

## २.१३ राजनैतिक जीवन

आफ्नो जीवनको अभिन्न अङ्गको रूपमा नभएर सहायक अङ्गका रूपमा राजनीतिलाई लिने गोविन्दप्रसाद लोहनी विद्यार्थी कालदेखि नै राजनैतिक कार्यमा संलग्न भएका थिए । लोहनी काशीमा अध्ययनका क्रममा बस्दा त्यहाँ उनले गान्धी , सुभाष नेहरू , एम्.एन.राय जस्ता उच्च स्तरका नेताहरूको भाषण पटक-पटक सुनेका थिए ।[७४] आमसभामा नेताहरूको स्वागतसत्कार , नाराहरू लगाएको , पुलिसले घेरेको , समातेको , लाठीचार्ज गरेको , भागाभाग मच्चिएको , सत्याग्रहीहरूले लाठीको चोट खाँदै पनि नारा लगाइरहेको देख्दा सुन्दा उनलाई भारी उत्तेजना भई नेताहरूप्रति ठूलो श्रद्धा उत्पन्न हुन्थ्यो ।[७५] यही समय काशीमा नेपाली समुदायहरूमा राणा अत्याचारको पनि चर्चा भइ नै रहन्थ्यो । यही प्रभावका कारण

[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] ऐजन ।
[७३] ऐजन ।
[७४] ऐजन ।
[७५] शोधनायकबाट प्राप्त जानकारी ।

लोहनी गोप्यरूपमा वि.सं.२००० सालबाटै राणाविरोधी आन्दोलनमा सरिक भए ।[७६] वि.सं. २००३ सालमा 'राष्ट्रिय काङ्ग्रेस'को स्थापना भयो । मातृकाप्रसाद कोइरालाले ३२ जना विद्यार्थीलाई जनक्रान्तिका लागि सप्तरीमा पठाउँदा राधाप्रसाद घिमिरे नगेन्द्रप्रसाद रिजालसहित लोहनी पनि गएका हुन् ।[७७] २००७ सालमा प्रजातन्त्रको स्थापना गर्न लोहनीको पनि प्रत्यक्ष भूमिका रह्यो । वि.सं.२००७ सालमा प्रजातन्त्रको स्थापनासँगै नेताहरूको भ्रष्ट नीतिका कारण लोहनीले नेपाली काङ्ग्रेसको सदस्यता मुक्त भई नेपाल कम्युनिस्ट पार्टीको सदस्यता ग्रहण गरे ।[७८] वि.सं.२०१२ सालसम्म नेपाल कम्युनिस्ट पार्टीमा काम गर्दै त्यसपछि यही वर्षदेखि यो पार्टीबाट पनि अवकाश प्राप्त गरी स्वतन्त्र जीवन व्यतीत गर्दै गए । लोहनी मार्क्सवादी विचारधाराका एक उल्लेखनीय व्यक्ति हुन् वि.सं.२०४६ सालको जनआन्दोलनका बेला राजा वीरेन्द्रलाई बहुदल दिनुपर्छ भनी सल्लाह दिने व्यक्ति हुन् ।[७९]जनमतसङ्ग्रहको घोषणा ठीक होइन बरू प्रजातन्त्र नै दिनुपर्थ्यो भन्ने लोहनी जनआन्दोलनका बेल भूमिगत र खुला नेताहरूको माध्यम बनेकाले राजनीतिका क्षेत्रमा उनको योगदान अविस्मरणीय रहन गएको छ ।

यसरी गोविन्दप्रसाद लोहनीले राणाविरोधी आन्दोलनका समयमा नेपाली काङ्ग्रेसमा रहेका र प्रजातन्त्रको स्थापना भएपछि नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरी वि.सं. २०१२ सालसम्म काम गरेका थिए । वि.सं.२०१२ सालपछि कुनै पार्टीको सदस्यता नलिई उनले स्वतन्त्र जीवन निर्वाह गरेका छन् ।

## २.१४ संस्थागत सङ्लग्नता

गोविन्दप्रसाद लोहनीले संस्थागत रूपमा रहेर पनि कार्य गरेका छन् । उनले भारतको बनारसमा एम्.ए.पढ्दै गर्दा वि.सं.२००९ मा 'प्रगतिशील प्रकाशन मण्डल'को स्थापना गरी त्यसमा सदस्यका रूपमा रही काम गरेका थिए ।[८०] यस प्रकाशन मण्डलबाट बनारसमा पढ्न बसेका नेपाली कवि , कथाकार, निबन्धकारहरूका कविता , कथा , निबन्ध र लेखरचना

[७६] ऐजन ।
[७७] ऐजन ।
[७८] ऐजन ।
[७९] ऐजन ।
[८०] ऐजन ।

प्रकाशित हुन्थे ।[८१] यसैगरी उनले 'प्रगतिशील अध्ययन मण्डल' का आजीवन सदस्यको रूपमा रहेर काम गरे र 'नेपाल सांस्कृतिक सँघ' डिल्लीबजारमा आजीवन सदस्य रहेर पनि सामाजिक काम गरे ।[८२] यसरी लोहनीले आफूलाई विभिन्न संस्थागत संलग्नतामा आबद्ध गराउँदै आएका छन् ।

## २.१५ सिर्जनात्मक गतिविधि

गोविन्दप्रसाद लोहनी विद्यार्थी अवस्थादेखि नै सिर्जनात्मक गतिविधिमा अग्रसर हुन थालेका हुन् ।[८३] उनी विद्यार्थी हुँदा नेपाल र भारतका विभिन्न ठाउँमा नेपाली साहित्यको चहलपहलबाट उत्प्रेरित भई सिर्जनात्मक गतिविधिमा लागेको पाइन्छ । [८४] वि.सं.२००२ सालमा आई.कम.पढ्दादेखि नै उनले सिर्जनात्मक गतिविधि देखाउन थालेको देखिन्छ ।

## २.१६ साहित्यिक सिर्जनाको प्रभाव र प्रेरणा

साहित्यसिर्जना कुनै व्यक्ति , घटना आदिबाट प्रभावित भएर मात्र हुने गर्दछ । काठमाडौंको सुन्दर प्राकृतिक वातावरणमा हुर्केका गोविन्दप्रसाद लोहनीको साहित्यिक लेखनमा सहरी र तराईको वातावरण पनि घुलमिल भएकाले त्यहाँको सामाजिक , प्राकृतिक , पारिवारिक राजनैतिक , सांस्कृतिक आदि तत्त्वले प्रभाव पारेको देखिन्छ । उनी बाल्यकालदेखि नै भावुक , कल्पनाशील र एकान्तप्रेमी व्यक्ति भएकाले उनलाई सानातिना घटनाले पनि तुरुन्तै प्रभाव पार्ने गर्दथ्यो । उनका घरमा उनका पिता कवि दीपकेश्वर लोहनी प्रसिद्ध शृङ्गारिक कवि भएकाले घरमा आएका साहित्यकारहरूको प्रभावले लोहनीमा पनि साहित्य लेख्ने प्रेरणा जाग्यो ।[८५] समाजमा भएका विभिन्न विकृति र विसङ्गतिबाट प्रभावित भएर पनि उनले साहित्यसिर्जना गर्ने प्रेरणा पाएको पनि बुझिन्छ ।[८६]मूलतः लक्ष्मीप्रसाद देवकोटा , बालकृष्ण सम र पितालाई भेट्न आएका अन्य साहित्यकारको प्रेरणाले उनले साहित्य रचना गर्न थालेका हुन् । पिताका मामा बुद्धिप्रकाश पाण्डले रुसी साहित्यसम्बन्धी पुस्तकहरू ल्याएर

---

[८१] शोधनायकबाट प्राप्त जानकारी ।

[८२] ऐजन ।

[८३] ऐजन ।

[८४] ऐजन ।

[८५] शोधनायकबाट प्राप्त जानकारी ।

[८६] ऐजन ।

उनलाई पढ्न दिन्थे । जसबाट उनले मार्क्सवादी साहित्य , अन्तराष्ट्रिय राजनीति , आधुनिक मनोवाद , भौतिक विज्ञान आदिको परिचय प्राप्त गरे । जसको फलस्वरूप प्रगतिवादी साहित्यमा लोहनीको चासो गयो । यसबाट के बुझिन्छ भने गोविन्दप्रसाद लोहनीलाई साहित्यप्रति बाटो देखाउने व्यक्ति बुद्धिप्रकाश पाण्डे नै भएकाले प्रमुख प्रेरणाको स्रोत पनि उनै हुन् ।[८७] त्यहीँबाट पूर्वीय र पाश्चात्य साहित्यको गहन अध्ययन गरेका लोहनीलाई लेखनकार्यमा थप प्रेरणा मिल्यो ।[८८] नेपाली , संस्कृत , हिन्दी , अङ्ग्रेजी र रुसी भाषाका अनेक स्रष्टाका कृति पनि उनका प्रेरणाका स्रोत हुन् ।

## २.१७ साहित्यिक रचनाको प्रारम्भ र प्रथम प्रकाशित रचना

गोविन्दप्रसाद लोहनीको साहित्यिक लेखनको प्रारम्भ विद्यार्थीजीवनदेखि नै भएको बुझिन्छ । उनका सुरुसुरुका रचनाहरू प्रकाशित भएका छैनन् । वि.सं. २००२ सालतिरबाट उनले साहित्यिक रचना लेख्न सुरु गरेका हुन् ।[८९]यसरी आफ्नो साहित्यिक रचना प्रारम्भ भएको ५ वर्षपछि वि.सं. २००७ सालबाट उनले औपचारिक रूपमा आफ्नो साहित्यिक यात्रा सुरु गरेको पाइन्छ ।[९०] वि.सं. २००७ मा तत्कालीन दूधविनायक बनारसबाट निकालिने **युगवाणी** पत्रिकामा प्रकाशित **सपना** कथा नै लोहनीको प्रथम प्रकाशित रचना हो ।

[८७] ऐजन ।

[८८] ऐजन ।

[८९] ऐजन ।

[९०] ऐजन ।

## २.१८ पहिलो प्रकाशित कृतिको रचना र प्रकाशन

गोविन्दप्रसाद लोहनीको पहिलो प्रकाशित साहित्येतर विधाको पुस्तक **यो हो सोभियत रुस** (२००७) मार्क्सवादी अर्थशास्त्रसँग सम्बन्धित हो ।[९१] लोहनीको वि.सं.२००९ मा प्रकाशित भएको पहिलो साहित्यिक कृति कथा हो । उनको कथा वि.सं.२००९ मा प्रगतिशील प्रकाशन मण्डल काशीबाट **'कामरेड जाने होइन ?'** नामक कथासङ्ग्रहमा प्रकाशित भएको पाइन्छ । यसमा गोविन्दप्रसाद लोहनीलगायत अन्य चार जना कथाकारहरूका कथाहरू पनि सङ्ग्रहित गरिएका छन् ।[९२] यस सङ्ग्रहमा लोहनीका **चलिआएको चलन , 'क्रान्तिकारी महेशको स्मृतिमा' र 'यो पनि जीवन हो'** गरी जम्मा तीनवटा कथाहरू रहेका छन् ।

## २.१९ पुस्तकाकार कृतिको विवरण

गोविन्दप्रसाद लोहनीले साहित्यिक कृति लगायत साहित्येतर कृतिहरूसमेत प्रकाशित गरेका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रकार छन् :

### (क) साहित्यिक कृति

१ 'कामरेड जाने होइन ?'(कथासङ्ग्रह , २००९ , संयुक्त)

२. ' नेतृत्वको भोक' (कथासङ्ग्रह , २०१०)

### (ख) साहित्येतर कृति

१. यो हो सोभियत रुस (२००७)

२. चीनियाँ सङ्घर्षको इतिहास (२००९)

३. आजको चीन (२००९)

४. नेपालमा भूमिसुधार उपलब्धि (२०२३)

५. राजनीतिक अर्थशास्त्र

६. द्वन्द्वात्मक भौतिकवाद (मौलिक)

७. मार्क्सवादी शब्दकोश

---

[९१] शोधनायकबाट प्राप्त जानकारी ।

[९२] ऐजन ।

८. ऐतिहासिक भौतिकवाद

९. मार्क्सवादी शब्दकोश

१०. मार्क्सवादी लेखसङ्ग्रह

११. विश्वकिसान मजदूर क्रान्तिको सङ्क्षिप्त इतिहास

१२. मार्क्सदेखि माओसम्म

१३. जनवादी नेपालको रूपरेखा

उपर्युक्त पुस्तकका अतिरिक्त ५०० भन्दा बढी कथा तथा लेखरचना **रचना , रूपरेखा , प्रगति , वगैँचा , इन्दु , साहित्य , जनविकास , डाँफेचरी युगवाणी , जनयुग , मशाल , गोरखापत्र विशेषाङ्क , धरती , ज्योति , संस्कृति**जस्ता विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

## २.२० भ्रमण

गोविन्दप्रसाद लोहनी काठमाडौंको न्हैकन्तलामा जन्मेर हाल काठमाडौंकै घट्टेकुलोमा बसोबास गर्दै आएका छन् । उनले विभिन्न काम र कारणले आफ्नो देश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । लोहनीले नेपालका कालिकोट र हुम्ला जिल्लाबाहेक सबै जिल्लाको भ्रमण गरेका छन् ।[९३]

यसैगरी गोविन्दप्रसाद लोहनीले विदेश भ्रमण अध्ययनका क्रममा छिमेकी राष्ट्र भारतमा सर्वप्रथम पदार्पण गरेका हुन् ।[९४]अन्तराष्ट्रिय क्षेत्रको जागिर तथा विभिन्न कामको सिलसिलामा भ्रमण गर्ने क्रममा उनले भारत , पाकिस्तान , बङ्गलादेश , भुटान , माल्दिभ्स जस्ता दक्षिण एशियाली मुलुकको भ्रमण गरेका छन् ।[९५] यस्तै उनले अष्ट्रेलिया , अमेरिका , रुस , चेकोस्लोभाकिया , रुमानिया , हंगेरी , चीन , जापान , रोम , जर्मनी , फ्रान्स , स्वीडेन , डेनमार्क , ग्रिस , टर्की , इजिप्ट , इजरायल , लेवनान , इरान , मलेसिया , इन्डोनेसिया , थाइल्याण्ड , सिङ्गापुर , हङकङ्ग फिलिपिन्स , दक्षिण कोरिया र केन्याको पनि भ्रमण गरेको

[९३] शोधनायकबाट प्राप्त जानकारी ।

[९४] ऐजन ।

[९५] ऐजन ।

पाइन्छ ।[९६] भारत , पाकिस्तान , अष्ट्रेलिया , मेक्सिको , रोममा भने केही समयसम्म उनले बसोबास पनि गरेका छन् ।[९७] समग्रमा लोहनीले संसारका प्रायः प्रमुख देशहरूको भ्रमण गरेको देखिन्छ ।

## २.२१ रुचि र स्वभाव

### २.२१.१ रुचि

गोविन्दप्रसाद लोहनीको मूल रुचिको क्षेत्र भनेको अध्ययन हो । उनले अध्ययनका क्रममा साहित्य , इतिहास , दर्शनसम्बन्धी किताब खोजेर गहन अध्ययन गरेको देखिन्छ ।[९८] औपचारिक रूपमा उच्चस्तरको शिक्षा हासिल गरेका लोहनीमा प्रशस्त ज्ञानको भण्डार छ । उनी हरबखत अध्ययन गर्न रुचाउँछन् । किताब उनको जीवनको अभिन्न अङ्ग हो ।[९९] मन परेका किताव किन्न नपाउँदासम्म र किनेको किताव पढ्न नपाउँदा उनलाई अत्यन्तै बेचैनी महसुस हुन्छ ।[१००] उनी विज्ञानका नयाँ नयाँ आविष्कारका सम्बन्धमा जानकारी लिन चासो राख्छन् । आफ्नो अनुभव र अध्ययनको आधारमा उनी केही साहित्यिक , ऐतिहासिक , दार्शनिक र आर्थिक लेखहरू लेख्ने गर्दछन् ।[१०१] उनी पुराना कालजयी गीतहरू सुन्न मन पराउँछन् । नारायण गोपाल , अरूणा लामा , मुकेश , लता मङ्गेसकरका गीतहरू उनी मन पराउँछन् ।[१०२] खेलकुदमा कपर्दी , व्याडमिण्टन , फुटवल , पौडी खेल्न रुचि राख्छन् । नेपाली खानपीन नै उनको रुचिको कुरा हो । दाल , भात , साग , रोटीजस्ता खाने कुराहरू उनलाई मन पर्छ भने विशेष प्रकारका साथीहरूसँग बसेर थोरै रक्सी खाए पनि यसमा आदत नरहेको कुरा लोहनी उल्लेख गर्छन् ।[१०३] देशको सदैव चौतर्फी विकास चाहने लोहनी राष्ट्रिको सेवा गर्नु , देशलाई बचाउनु , गरिबहरूको पक्षमा उभिनु र व्यवहारिक शिक्षा राज्यले सञ्चालन गर्नुपर्छ भन्ने उनको मूल लक्ष्य रहेको छ ।

---

[९६] शोधनायकबाट प्राप्त जानकारी ।
[९७] ऐजन ।
[९८] शोधनायकबाट प्राप्त जानकारी ।
[९९] ऐजन ।
[१००] ऐजन ।
[१०१] ऐजन ।
[१०२] ऐजन ।
[१०३] ऐजन ।

## २.२१.२ स्वभाव

गोविन्दप्रसाद लोहनी सानैदेखि जिज्ञासु , लगनशील , अनुशासित , मिलनसार तथा सरल स्वभावका मेधावी व्यक्ति हुन् । उनको यो स्वभाव अद्यापि विद्यमान रहेको देखिन्छ ।[१०४] उनी बाल्यकालदेखि नै कसैसँग झगडा गर्न नचाहने , सहयोगी भावना भएका व्यक्ति थिए । उनको निश्चित समय वा तोकिएको समयानुसार काम गर्ने बानी छ ।[१०५] यसका साथै उनी प्रष्टवक्ता छन् , सहयोगी छन् र दुःख पाएका व्यक्तिलाई मद्दत गर्ने काम पनि गर्छन् ।[१०६] उनको सानै उमेरदेखि किताब , पत्रपत्रिका किन्ने , पढ्ने र बिहान बेलुका हिड्डुल गर्ने स्वभाव छ ।[१०७]

गोविन्दप्रसाद लोहनीमा कल्पनाशीलता , संवेदनशीलता , एकान्तप्रियता , अन्तर्मुखीपन र भावुकताजस्ता प्रवृत्ति विद्यार्थीकालदेखि नै विकसित हुँदै आएका देखिन्छन् । जीवनका पूर्वार्द्धतिर विभिन्न पार्टीको सदस्यता ग्रहण गर्ने लोहनी उत्तरार्द्धतिर समाजमा समानताको भावना राख्दछन् ।[१०८] सानातिना कुरामा पनि नरिसाउने , नझिज्जिने , सोधेको कुरा स्पष्ट उत्तर दिने व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देशको अर्थव्यावस्थाको सदैव विकास चाहाने स्वभाव यिनको पाइन्छ ।

## २.२२ साहित्यिक धारणा र जीवन दर्शन

साहित्य एउटा जीवन हो , जीवन साहित्य हो । जीवन नभएको साहित्य हुँदैन । साहित्यकार एउटा स्रष्टा हो । ऊ आफ्नो सिर्जनाद्वारा एउटा नयाँ समाजको आशा गर्दछ । यसको निम्ति उसले स्पष्ट जीवनदर्शन बनाएको हुन्छ । साहित्यकारले बनाएको यस्तो जीवनदर्शनबाट उसको यथार्थ मूल्यको निर्धारण हुन्छ । कुनै पनि साहित्यकारका साहित्यिक कृतिको यथार्थ मूल्य निर्धारण गर्नका लागि उनको जीवनजगत्प्रतिको दृष्टिकोणलाई पनि बुझ्नु नितान्त आवश्यक हुन्छ । यस सन्दर्भमा गोविन्दप्रसाद लोहनीलाई हेर्दा उनी प्रखर

---

[१०४] भाइ बटुकप्रसाद लोहनीकाअनुसार ।

[१०५] छिमेकी चेतराज पाठककाअनुसार ।

[१०६] पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

[१०७] ऐजन ।

[१०८] ऐजन ।

प्रगतिवादी तथा वामपन्थी विचारका कारणले उनको जीवनजगत्प्रतिको दृष्टिकोण भौतिकवादी हुनु स्वाभाविकै हो ।[१०९]

द्वन्द्वात्मक भौतिकवाद भन्नाले जीवनजगत्सम्बन्धी मार्क्सवादी दृष्टिकोणलाई बुझाउँछ । जीवन र जगत्सम्बन्धी मार्क्सवादी दृष्टिकोणको व्याख्या-विवेचनाबिना प्रगतिवादी जीवनदृष्टि स्पष्ट हुन सक्दैन । प्रगतिवादको दार्शनिक आधार मार्क्सवाद हो । जीवनजगत् मानवसमाजको विकास एवम् तत्सम्बन्धी विविध घटनाहरूको व्याख्या-विश्लेषणमा मार्क्सवादको जुन दृष्टिकोण छ त्यसैबाट नै प्रगतिवादले सैद्धान्तिक खुराक प्राप्त गर्दछ । कला-साहित्यका सम्बन्धमा प्रगतिवादी दृष्टिकोण भन्नु तत्सम्बन्धी मार्क्सवादी दृष्टिकोण नै हो । यसरी हेर्दा लोहनीको जीवनदर्शन मार्क्सवाद र लेलिनवादबाट अनुप्राणित भएको देखिन्छ । उनले मार्क्सवाद लेलिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकारेका छन् । कला साहित्य वस्तुगत यथार्थ जगत्को कलात्मक प्रतिबिम्ब हो भन्ने मान्यता राख्ने लोहनी समाजको आर्थिक , सामाजिक , सांस्कृतिकलाई नै कला-साहित्यका वास्तविक उपजीव्य स्रोत ठान्दछन् ।[११०] साहित्यलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले हेर्ने लोहनी साहित्यलाई समाजको ऐनामा देखिने प्रतिबिम्ब मात्र होइन , त्यो पुनः सिर्जना पनि हो भन्ने मान्यता राख्दछन् । सामाजिक यथार्थको कलात्मक प्रतिबिम्ब नै साहित्य भएकाले यो वर्गीय हुन्छ । समाज जसरी वर्गमा विभाजित छ त्यसको असर साहित्यमा पनि पर्छ । सबैको हित गर्ने खालको साहित्य हुन सक्दैन भन्ने साहित्यिक मान्यता उनमा रहेको छ । स्रष्टा समाजप्रति उत्तरदायी हुनुपर्दछ । मानसिक तृप्तिका लागि साहित्य लेखिँदैन । साहित्यले समाजलाई केही दिनुपर्छ भन्ने मान्यता उनमा रहेको छ ।[१११] राजनीति र साहित्यको सम्बन्ध हुन्छ र साहित्यमा विचार हुन्छ । साहित्यले कुनै पनि भावलाई व्यक्त गरेको हुन्छ । साहित्य राजनीतिको प्रर्चा होइन तर नङ र मासुको जस्तो सम्बन्ध राजनीति र साहित्यका बीच हुन्छ भन्ने मान्यता उनी राख्दछन् ।[११२] दुष्ट समाजको परिवर्तनको महत्त्वपूर्ण हतियार साहित्य हो । राजनीतिले गर्न नसक्ने कुरा साहित्यले गर्न सक्छ । साहित्यले जनताको मस्तिष्कको रूपान्तरण गरिदिन्छ । समाजको परिवर्तनमा साहित्यको प्रमुख भूमिका रहेको हुन्छ । जनविरोधी साहित्यले जनतालाई

---

[१०९] ऐजन ।

[११०] शोधनायकबाट प्राप्त जानकारी ।

[१११] ऐजन ।

[११२] ऐजन ।

दिग्भ्रामित पारिदिन्छ । त्यसकारण साहित्य जनपक्षीय हुनुपर्छ भन्ने मान्यता लोहनीको रहेको छ ।[११३]

यसरी कुनै पनि कलाकार र साहित्यकारका , जीवनजगत्लाई हेर्ने दृष्टिकोण र मान्यताहरू आफ्नै खालका हुने गर्दछन् । प्रगतिवादी साहित्यिक मान्यता एवम् मार्क्सवादी राजनीतिक दर्शनको व्यापक प्रभाव पारेर द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टि नै उनको मुख्य जीवनदर्शन बन्न पुगेको पाइन्छ । कला र साहित्य वस्तुगत यथार्थ जगत्को कलात्मक प्रतिबिम्ब हो भन्न रुचाउने लोहनी सामाजिक , आर्थिक , सांस्कृतिक चिन्तन र व्यवहारलाई नै कला साहित्यको मुख्य स्रोत ठान्दछन् । उनका विचारमा कला-साहित्यमा शोषकाधीन समाजको आलोचनात्मक प्रस्तुति हुनुपर्छ भन्ने मान्यता राख्ने लोहनी प्रगतिशील साहित्यिक कृतिहरू चर्का नारा र खोक्रा आदर्शले भरिएका हुन्छन् भन्ने कुरालाई अस्वीकार गर्दछन् । एउटै कलाकृति क्रान्तिविरोधी प्रतिक्रियावादीहरूका दृष्टिमा अधम हुनसक्छ भने त्यही कृति क्रान्तिकारीहरूका दृष्टिमा उत्तम ठहर्न सक्छ भन्ने लोहनीको साहित्यिक जीवनदृष्टि रहेको छ ।

## २.२३ जीवनीको निष्कर्ष

गोविन्दप्रसाद लोहनी मध्यमवर्गीय परिवारमा जन्मेका हुन् । उनको घरको आर्थिक अवस्था मध्यमवर्गीय भए पनि उनलाई अध्ययनकालभरि कतै पनि भौतारिनु परेन । यिनका पिताको मुख्य आयस्रोत पुस्तकालयको सेवा नै थियो । लोहनी बाल्यकालदेखि नै आफ्ना मामा डा.यादवप्रसाद पन्तको घरमा नै बसोबास गर्दै आएका कारणले मामाको आर्थिक अवस्था उच्च स्तरको थियो । लोहनीको जीवनको पूवार्द्धतिर आर्थिक अवस्था कमजोर भए पनि उत्तरार्द्धमा भने उच्चस्तरको छ ।

गोविन्दप्रसाद लोहनीले नेपाली भाषा साहित्यको सेवा १८-१९ वर्षको उमेरदेखि सुरु गरेको देखिन्छ । उनले साहित्यिक कृतिहरूभन्दा साहित्येतर मार्क्सवादी अर्थशास्त्रसम्बन्धी पुस्तकहरू बढी लेखेका छन् । लोहनी आफ्नो जागिरे जीवनमा भारत , पाकिस्तान , अस्ट्रेलिया , मेक्सिको , रोममा पनि केही समय बसोबास गरेका थिए ।

वि.सं. २०१३ देखि घट्टेकुलो , काठमाडौंमा स्थायी रूपमा बसोबास गर्दै आइरहेका लोहनीले अझै पनि सामाजिक सेवा गर्दै आएका छन् । जे होस् लोहनीले आफ्नो लामो जीवनकालमा देवकोटा , सम , पौड्याल आदिले जति साहित्यिक योगदान दिन नसके पनि

---

११३ ऐजन ।

थुप्रै कथा , निबन्ध , समालोचना र २ वटा पुस्तकाकार कृतिहरू दिएका छन् । नेपाली साहित्यको इतिहासमा सङ्ख्यामा थोरै नै भए तापनि यी कृतिहरूको आफ्नै स्थान रहने विश्वास गर्न सकिन्छ ।

## तेस्रो परिच्छेद

## ३. गोविन्दप्रसाद लोहनीको व्यक्तित्व

### ३.१ व्यक्तित्वको पृष्ठभूमि

व्यक्तिले जीवनमा गरेका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । उसको शारीरिक गठनदेखि लिएर उसभित्र निहित प्रतिभाहरूलाई नै व्यक्तित्वका रूपमा लिइन्छ । व्यक्तित्वलाई यसरी अर्थ्याइएको पाइन्छ- "व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपताको अर्थ मानिस सधै एक किसिमको काम मात्र गरोस् भन्ने होइन । व्यक्तिको अर्थ यसभन्दा व्यापक छ । वास्तविक व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहनभाव छोड्न सक्नुपर्दछ । व्यक्तित्वको अर्थ परिवर्तनशीलता होइन । प्रतिभा स्थितिको अनुकूल चल्नसक्ने त्यो शक्तिसत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा निहित परिस्थितिअनुसार चल्न सक्ने शक्तिले प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्दछ । यसैले व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो" ।[११४]

### ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको जीवनभोगाइमा आउने विविध घटना , जीवनका चापप्रतिचाप , आरोह-अवरोह , घातप्रतिघात तथा क्रियाप्रतिक्रियाले व्यक्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त व्यक्तित्वनिर्माणमा ऊ बाँचेको परिवेश , पारिवारिक पृष्ठभूमि , सामाजिक , सांस्कृतिक रुचि , पेसा र शिक्षादीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएका हुन्छन् । यिनै परिवेशबाट निर्माण भएको व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसँगै सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ । निजी व्यक्तित्वलाई पनि अझ बाह्य र आन्तरिक गरी दुई भागमा बाँडेर व्यक्तिका शारीरिक बनावट , आकारप्रकार र त्यसभित्र निहित शीलस्वभाव र आचरणलाई अध्ययन गर्न सकिन्छ । यही सार्वजनिक वा सामाजिक व्यक्तित्वले समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई बुझाउँछ । साहित्यकारका सन्दर्भमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ । साहित्यका कथा , कविता , निबन्ध , नाटक , उपन्यास , समालोचना आदि विधामा जुन

---

[११४] वैकुण्ठप्रसाद पौडेल , **जगदीश घिमिरेको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन** , अप्रकाशित , नेपाली स्नातकोत्तर शोधपत्र , त्रि.वि.२०५६) पृ.१९ ।

भूमिका वा योगदान हुन्छ , त्यो साहित्यिक व्यक्तित्व हो । साहित्यसँग सम्बद्ध नरहेर समाजमा जुन सामाजिक कार्य गरिन्छ त्यसलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेर्न सकिन्छ ।

गोविन्दप्रसाद लोहनी नेपाली साहित्यका साथै नेपाली समाजका एक अग्रगण्य सिर्जनशील व्यक्तित्व हुन् । उनले साहित्य सिर्जना तथा सामाजिक कार्यमा विभिन्न क्षेत्रमा क्रियाशील रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेको पाइन्छ । लोहनीका विभिन्न व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर तिनलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी तल छुट्टा छुट्टै अध्ययन गरिन्छ ।

## ३.३ निजी व्यक्तित्व

प्रत्येक व्यक्तिको निजी व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । सार्वजनिक व्यक्तित्व बुझ्नका लागि पनि निजी व्यक्तित्वको पहिचान हुन आवश्यक हुन्छ किनकि व्यक्तिको नितान्त आफ्नो निजी व्यक्तित्वको छवि सामाजिक व्यक्तित्वको कणकणमा बगिरहेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको बाह्य आकार प्रकार र उसको शीलस्वभाव , आचरण र प्रवृत्तिका आधारमा अवलोकन गर्न उपर्युक्त हुने भएकाले यहाँ पनि तदनुसार हेर्ने प्रयास गरिएको छ ।

### ३.३.१ बाह्य व्यक्तित्वः शारीरिक आकार-प्रकार

गोविन्दप्रसाद लोहनी शारीरिक रूपमा अग्लो आकृतिका देखिन्छन् । उनी हाल ६ फिट १ इन्च अग्ला छन् ।[११५] उनी ८० वर्षे उमेरमा पनि खाइलाग्दो शरीर भएका अत्यन्त ओजमय एवम् प्रतिभाशाली आकर्षक व्यक्तित्वका धनी छन् । उनको ठूलो अनुहार साना आँखा तथा केही अग्लो आकारको स्वभाविक नाक छ । गहुँगोरो रङ्ग मोटो गम्म परेको शरीर , चिल्लो तथा हँसिलो अनुहारले उनमा सधैँ चमक र आकर्षण थपेको छ । सामान्य पोसाक लगाउने लोहनीको बोली खरो देखिन्छ । लामालामा सर्लक्क मिलेका उनका हातखुट्टाहरू छन् । वर्तमानमा कुनै रोगव्याधि नभएको अवस्थामा उनको तौल ७४ किलोग्राम रहेको छ ।[११६] जुनसुकै पोसाक लगाउँदा पनि उनलाई उत्तिकै सुहाउँदिलो र आकर्षक देखाउँछ भने हँसिलो र

---

[११५] शोधनायकबाट पाप्त जानकारी ।

[११६] पारिवारिक स्रोतबाट प्राप्त ।

ठूलो मुहुडामा लगाएको चस्माले उनको शारीरिक व्यक्तित्वलाई अझ आकर्षक तथा प्रभावशाली तुल्याएको देखिन्छ ।

### ३.३.२ आन्तरिक व्यक्तित्वः शीलस्वभाव , आचरण र प्रवृत्ति

गोविन्दप्रसाद लोहनी शारीरिक रूपमा केही अग्ला आकर्षक आकृतिका देखिए पनि आन्तरिक व्यक्तित्वका हिसाबले प्रखर छन् ।[११७] उनी सबैसँग समान व्यवहार गर्ने गर्दछन् । उचनीच तथा धनी, गरिबजस्ता कुरामा भेदभाव राख्न चाहँदैनन् ।[११८] उनी पक्षपातरहित भएर प्रष्ट कुरा गर्न मन पराउँछन् ।[११९] यसैले उनी केही खरो स्वभावका देखिन्छन् । उनी पक्षपातरहित भएर अगाडि बढ्नु नै आफ्नो जीवनको उद्देश्य मान्दछन् ।[१२०] यसरी सरल , सहज व्यवहार भएका लोहनीको बोलीमा नम्रता पाइन्छ । उनी कहिलेकाहीँ झडङ्ग रिसाउने भए तापनि शान्त स्वभावका छन् । उनी केही कल्पनाशील , अध्ययनशील र भ्रमणशील पनि छन् । कुरा गराइमा उनी स्पष्ट रूपमा प्रायः औपचारिक कुरा गरेको मन पराउँछन् ।[१२१]

लोहनी नेपाली भोजन मन पराउँछन् । मिठो-नमिठो भन्ने खास वास्ता उनलाई छैन ।[१२२] उनी सात्विक खाना बढी मन पराउँछन् र यसैलाई लाभदायक मान्दछन् ।

हाल उनलाई कुनै पनि रोगव्याधिले सताएको छैन ।[१२३] यसरी उनी स्वस्थ र जुनसुकै खाना पनि सामान्य रूपमा मन पराउने गर्दछन् ।

लोहनी खरो मिजासका मान्छे हुन् । उनी समाजमा भएका दुर्नीति तथा भ्रष्टाचारको कडा प्रतिवाद गर्दछन् । दीनदुःखीलाई सहयोग पुऱ्याउन उनी साह्रै खुसी हुन्छन् । कसैले उनीसामु आफ्नो दुःख पोखेमा त्यसलाई राम्ररी बुझी तत्कालै सहायता पुऱ्याउन उनी अघि बढ्दछन् ।[१२४]

---

[११७] बटुकप्रसाद लोहनीबाट पाप्त जानकारी ।

[११८] ऐजन ।

[११९] छिमेकी चेतराज पाठकका‌अनुसार ।

[१२०] शोधनायकबाट पाप्त जानकारी ।

[१२१] ऐजन ।

[१२२] ऐजन ।

[१२३] पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

[१२४] छिमेकी चेतराज पाठकका‌अनुसार ।

## ३.४ सार्वजनिक व्यक्तित्व

मानिस एक सामाजिक प्राणी भएकाले समाजबाट अलगिएर बस्न ऊ सक्दैन । समाजअनुरूप चलेर समाजले थाहा पाएर वा नपाएर पनि नौलोपन दिने असाधारण व्यक्तित्व सार्वजनिक वा सामाजिक व्यक्तित्व हो । मानिस सामाजिक प्राणी भएकाले उसको व्यवहार पनि समाजअनुकूल नै हुन्छ । यसरी सबै मानिसका अघि देखिएका र सबैका सामु गरिएका व्यवहारहरू नै सामाजिक व्यक्तित्व हो । यसले समाजलाई कुनै न कुनै प्रेरणा वा प्रभाव पारेको हुन्छ । सामाजिक व्यक्तित्वमा अन्तर्निहित कुरालाई साहित्यकारका साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुईभागमा राखेर हेर्न सकिन्छ । त्यसैले यहाँ तदनुसार राख्ने प्रयास गरिएको छ ।

### ३.४.१ साहित्यिक व्यक्तित्व

गोविन्दप्रसाद लोहनी वि.सं. २००७ सालमा **सपना** कथा लिएर साहित्यमा देखा परेका हुन् । यसअगाडि नै उनले केही कथाहरू लेखेको जानकारी प्राप्त भए पनि ती कथाहरू अप्रकाशित र हाल अनुपलब्ध छन् ।[१२५] उनको कथाबाट प्रस्फुटित साहित्यिक प्रतिभाले निबन्ध र समालोचनाजस्ता विधालाई पनि विषय बनाएको पाइन्छ । लोहनीका कथा विधाका साहित्यिक कृतिहरू मात्र पुस्तकाकारकृतिमा प्रकाशित भएका छन् भने अन्य विधाका रचनाहरू विभिन्न साहित्यिक पत्रपत्रिकामा नै सीमित छन् । उनका साहित्यिक व्यक्तित्वलाई विधागत रूपमा यसरी हेर्न सकिन्छ :

#### (क) कथाकार व्यक्तित्व

गोविन्दप्रसाद लोहनीले आफ्नो साहित्यिक यात्राको सुरुवात नै कथाबाट गरेका हुन् । दूधविनायक बनारसबाट प्रकाशित हुने **युगवाणी** पत्रिकामा छापिएको **सपना** (२००७) कथाबाट पहिलो पटक नेपाली पाठकसमक्ष देखा परेका लोहनी प्रगतिवादी कथाको आरम्भसँगसँगै उन्नयन गराउन सफल कथाकार हुन् । यसरी वि.सं. २००७ सालदेखि वि.सं. २०१९ को **रचना** पत्रिकासम्म लोहनीले आफ्ना कथाहरू प्रकाशन गरे पनि त्यसभन्दा पछाडि उनले कथा लेख्न छोडेको जानकारी पाइन्छ ।[१२६] हालसम्म लोहनीका दुईवटा कथासङ्ग्रहहरू **'कामरेड जाने होइन ?'**(२००९) संयुक्त र **' नेतृत्वको भोक'** (२०१०) प्रकाशित भएका छन् । उनले

---

१२५ शोधनायकबाट प्राप्त जानकारी ।

१२६ ऐजन ।

हालसम्म विभिन्न शीर्षकमा १५ वटा कथाहरू लेखेका छन् । **युगवाणी , रचना , रूपरेखा , इन्दु , शारदा**जस्ता पत्रिकामा उनका कथाहरू सङ्कलित भएको पाइन्छ ।[१२७] उनका अन्य अप्रकाशित कथाहरू पनि छन् । यिनै कथाहरूको आधारमा उनको कथाकार व्यक्तित्वलाई झल्काउन सकिन्छ ।

लोहनीका यी कथाहरू पुरातन साहित्यिक चिन्तन र मान्यताका विरुद्ध प्रगतिवादी चिन्तन र विचारको संवाहक बनेर आएको पाइन्छ । प्रस्तुत कथासङ्ग्रहको भूमिकामा भनिएको छ- आज हाम्लाई देशमा नयाँ विचारधारा फैलाउनु छ , नयाँ दृष्टिकोण ल्याउनु छ । त्यसैले हाम्रो साहित्यमा जनवादी प्रगतिशील दृष्टिकोण हुन आवश्यक छ ।[१२८] यी कथाहरूमा वैचारिक आग्रह बढी र कलाचेतना न्यून देखिन्छ तापनि मार्क्सवादी दर्शन र विचारको प्रतिपादन स्पष्ट रूपमा आएको छ । त्यसो त कलामूल्यको समुचित निर्वाह भएको **'चलिआएको चलन'**स्तरीय कथा पनि छ जसमा कथाभित्र विचारको सम्प्रेषण भएको छ ।

मूलतः उनका कथाहरूले दलित-उत्पीडित तथा नोकरचाकरमाथि हुने शोषण , उत्पीडनको अभिव्यञ्जना र उन्मुक्तिको सन्देश दिएका छन् । ती कथामा देशमा चलेको छाडा संस्कृतिको विरोध र उदात्त मानवीय मूल्यको सम्प्रेषण भएको छ । तिनमा सामाजिक अन्याय र अत्याचार पूँजीवादी शोषण , जातीय भेदभाव , प्रशासनिक भ्रष्टताप्रति निर्मम प्रहार गर्दै सामाजिक एवम् सांस्कृतिक परिवर्तनको शङ्खघोष गरिएको छ । सरल र सहज शैलीमा लेखिएका यी लघु आयामका कथाहरूले लोहनीको कथाकार व्यक्तित्वको उद्घाटन गरेका छन् । यिनका कथाहरू प्रगतिशील विचारधारामा लेखिएका छन् । वास्तविकताको चित्र उतार्नु उनका कथाहरूको मूल विशेषता रहेको छ । यसरी लोहनीले कथाविधामा आफ्नो व्यक्तित्व स्थापित गरेका छन् । लोहनीका दुईवटा कथासङ्ग्रहभित्र नपरेका विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरूलाई सूचीबद्ध रूपमा उल्लेख गर्न सकिन्छ ।

| **क्र.सं.** | **शीर्षक** | **वर्ष** | **अङ्क** | **पृष्ठ** | **पत्रिकाको नाम** | **प्रकाशनवर्ष** |
|---|---|---|---|---|---|---|
| १ | जीवित सत्य | २१ | ३ | २२-२७ | शारदा | २०१३ |
| २ | मानिस , बादल र कहानी | २ | ४ | १५-२१ | इन्दु | २०१७ |

---

[१२७] ऐजन ।

[१२८] गोविन्दप्रसाद लोहनी र अन्य , (सम्पा.) 'भूमिका' , **'कामरेड जाने होइन ?'** (काशी : प्रगतिशील प्रकाशन मण्डल , सन् १९५२) , पृ. ३ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कठबार | १ | ३ | १२-१७ | इन्दु | २०१७ |
| ४ | मनुष्य र आकाश | २ | ४ | २२-३४ | रचना | २०१९ |

## (ख) निबन्धकार व्यक्तित्व

गोविन्दप्रसाद लोहनीको कलम चलेको अर्को विधा निबन्ध हो । प्रगतिवादी विचारधाराका चिन्तक र मार्क्सवादी अर्थशास्त्रीय विश्लेषक लोहनी नेपाली निबन्धजगत्का सिर्जनशील प्रतिभा हुन् । वस्तुवादी शिल्पका धनी भएर पनि वैचारिक निबन्ध सिर्जना गर्ने क्रममा समेत उनी सम्पन्न देखिन्छन् । विभिन्न पत्रपत्रिकामा छरिएका लेखक लोहनीका निबन्धहरू अझै पनि पुस्तकाकारमा आएका छैनन् ।[१२९] वस्तुपरक प्रवृत्तिलाई तार्किक र बौद्धिक निजात्मकता एवम् निबन्धात्मकताका मूल्य र शिल्पका तत्त्वहरूलाई निबन्धीकरण गर्ने लोहनी नेपाली निबन्धमा बौद्धिक स्वानुभवता र चिन्तनका प्रतिभा देखिन्छन् ।[१३०] उनी आर्थिक असमानताका कारणहरूले अन्वेषणमा नेपालले आजसम्म अँगालेका नीतिगत कार्यमा रहेका अपूर्णता अवैज्ञानिक तथ्य मात्र सावित भएका प्रमाणहरू पेस गर्दै नेपालको भूमिव्यवस्था , वन र व्यापारनीतिसमेत अवैज्ञानिक नीतिहरूको सिकार भएका प्रमाणहरू पेस गर्छन् । सरल सहज भाषाको प्रयोग उनले आफ्नो निबन्धमा गरेका छन् । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरूलाई सूचीबद्ध रूपमा तल उल्लेख गर्न सकिन्छ ।

| क्र.सं. | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ | पत्रिकाको नाम | प्रकाशनवर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | नेपालको औद्योगीकरण | ४ | ४४ | - | ७-१० | युगवाणी | २००७ |
| २. | वीर गोर्खा दल कि फाष्टिक दल | ४ | ४४ | - | १६-१७ | युगवाणी | २००७ |
| ३. | साहित्यमा नयाँ जागृति | ४ | ५२ | - | ८-१० | युगवाणी | २००८ |
| ४. | साहित्य -मार्क्सवादी | १ | २ | - | ४३-४६ | जनविकास | २०१० |

[१२९] शोधनायकबाट प्राप्त जानकारी ।

[१३०] राजेन्द्र सुवेदी , **स्रष्टा-सृष्टिः द्रष्टा दृष्टि** , ते.सं. (ललितपुर : साझा प्रकाशन , २०५८) , पृ.११९ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दृष्टिकोण | | | | | | |
| ५. | सोवियत साहित्य प्रचारकि यथार्थ ? | १ | ४ | - | ९३-१०४ | प्रगति | २०१० |
| ६. | लोकगीत र जनकवि धर्मराज थापा | १ | ३ | - | २-८ | डाँफेचरी | २०११ |
| ७. | नेपालको आर्थिक विकास | २ | ४ | - | १९९-२०६ | जनविकास | २०११ |
| ८. | अनुभव , सङ्केत ज्ञान र तिनको उपयोगिता | ३ | ६ | १८ | ९-१२ | रूपरेखा | २०१६ |
| ९. | रुसी साहित्यको विकास | १ | २ | | २४-२८ | इन्दु | २०१७ |
| १०. | बृहत् कवि सम्मेलन ! | २ | ४ | | १-२१ | रचना | २०२० |
| ११. | साहित्यमा उद्देश्य र कल्पना | २४ | - | २८ | ९-१६ | रूपरेखा | २०२० |
| १२. | विज्ञान र प्रविधि मानवको इतिहास तथा भोलिको संसार | २४ | २ | २६ | ९-२६ | रूपरेखा | २०२० |
| १३. | आधुनिक साहित्य र कला | ४ | ६ | १९ | ३८-४९ | रचना | २०२५ |
| १४. | मेरो बौद्धिक विकास | १० | ४ | १०० | ३३-४६ | रूपरेखा | २०२६ |
| १५. | मरुभूमिमा विकास र संमृद्धिको विस्फोट | | - | २३८ | २०-२४ | रूपरेखा | २०३७ |
| १६. | कुवेत यात्राको अविस्मरणीय अनुभव | | | २३३ | ९-२० | रूपरेखा | २०३७ |
| १७. | स्वर्गवासी श्री उत्तम कुवँरलाई खुला पत्र | | | २६५ | ६५-७३ | रूपरेखा | २०४० |
| १८. | भनाइ र गराइको बेमेल कस्तो ज्ञान-दर्शनले उत्पन्न गर्छ भन्ने बारे एक घोत्ल्याँइ | | | २७७ | ८६-९७ | रूपरेखा | २०४१ |

## (ग) **सम्पादक व्यक्तित्व**

गोविन्दप्रसाद लोहनीले आफूलाई सम्पादक व्यक्तित्वका रूपमा पनि चिनाएका छन् । उनको वि.सं २००९ सालमा प्रगतिशील प्रकाशन मण्डल काशीबाट **'कामरेड जाने होइन ?'** नामक कथासङ्ग्रह प्रकाशित भएको थियो । त्यस कथासङ्ग्रहमा अन्य कथाकारहरूका कथाहरू पनि समावेश भएका थिए । त्यस सङ्ग्रहको प्रधान सम्पादक स्वयम् लोहनी नै भएकाले उनलाई सम्पादक व्यक्तित्वका रूपमा पाउन सकिन्छ । यस्तै उनले वि.सं. २०१८ सालमा **बगैंचा** नामक पत्रिकाको प्रधान सम्पादक भएर काम गरे ।[१३१] यिनै कार्यले गोविन्दप्रसाद लोहनीले सम्पादक व्यक्तित्वका रूपमा आफूलाई उभ्याएका छन् ।

## (घ) **समालोचक व्यक्तित्व**

गोविन्दप्रसाद लोहनीले नेपाली साहित्यको समालोचना क्षेत्रमा पनि कलम चलाएका छन् । उनको पहिलो समीक्षात्मक रचना **साहित्य** (जनविकास वर्ष १ , अङ्क २ , २०१० पृ. ४३) हो ।[१३२] यसपछि उनको दोस्रो समालोचना **जोवनकै थुम्कोबाट मुनामदन पछिको सर्वोत्तम प्रयोग** (**साहित्य** वर्ष १ , अङ्क ५ , २०१७ , पृ. ३५) रहेको छ ।[१३३] यी दुईबाहेक उनका अन्य समालोचनाहरू प्रकाशित भएको पाइँदैन । यिनै दुई समालोचनात्मक रचनाहरूका आधारमा उनको समालोचक व्यक्तित्वलाई औंल्याउनु पर्ने हुन्छ ।

लोहनीले **साहित्य** नामक समीक्षात्मक लेखमा मार्क्सवादी दृष्टिकोणका माध्यमले विद्वान् प्रा. ईश्वर बरालले द्वैमासिक साहित्यिक पत्रिका **प्रगति**को प्रथम अङ्कमा प्रकाशित **प्रजातन्त्रोत्तर नेपाली साहित्यमा शिथिलता** शीार्षकको लेखमा जुन आदर्शवादी विचारधारा जुन रूपमा व्यक्त गरेका छन् । ती विचारहरूलाई लोहनीले खदिँला तर्कले खण्डन गरेका छन् । यस्तै दोस्रो **जोवनकै थुम्कोबाट मुनामदनपछिको सर्वोत्तम प्रयोग** समीक्षात्मक समालोचनामा आनन्ददेव भट्टको **जोवनकै थुम्कोबाट**मा **लुकेको सौन्दर्य** र **गोरी र छोरी** शीर्षक राखिएका दुई कथा काव्यहरू र **मेरा आमाहरू** भन्ने एक चित्रणप्रधान कविता छन् । लोहनीले यी शीर्षकका कविताको मार्क्सवादी दृष्टिकोणले समीक्षा गरेका छन् । यी सबै समीक्षात्मक रचनालाई मूल्याङ्कन गर्दा लोहनी निर्भीक र निर्णयात्मक समालोचकका रूपमा देखिन्छन् ।

---

[१३१] शोधनायकबाट पाप्त जानकारीअनुसार ।

[१३२] ऐजन ।

[१३३] ऐजन ।

### ३.४.२ साहित्येतर व्यक्तित्व

गोविन्दप्रसाद लोहनी बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । यिनले साहित्यिक कार्यहरूका साथै साहित्येतर कार्यमा पनि आफ्नो सशक्त उपस्थिति जनाएका छन् । साहित्यिक व्यक्तित्वभित्र विभिन्न पाटाहरू भएजस्तै साहित्येतर व्यक्तित्वका पनि विभिन्न पाटाहरू रहेका छन् । यहाँ यिनै साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूलाई बुँदागत रूपमा अध्ययन गर्नु सान्दर्भिक हुने भएकाले सोहीअनुरूप अध्ययन गरिएको छ ।

#### (क) सामाजिक व्यक्तित्व

गोविन्दप्रसाद लोहनीले साहित्यका अतिरिक्त समाजसुधारलाई पनि आफ्नो कार्यक्षेत्र बनाएका छन् । किशोरावस्थादेखि नै समाजमा विद्यमान रुढि एवम् अन्धविश्वास हटाई सामाजिक जागरण ल्याउन सक्रिय लोहनी आफ्नो सामाजिक सांस्कृतिक एवम् सुधारक व्यक्तित्वको परिचय दिन सफल भएका छन् ।[१३४] यस सन्दर्भमा आफ्नो ठाउँको बाटोघाटो बनाउने , विद्युतीकरण गर्ने , खानेपानीको व्यवस्था मिलाउने , विद्यालयको भौतिक सुधार गर्नेजस्ता कार्यहरूमा उनको उल्लेखनीय योगदान रहेको छ ।[१३५] समाजमा विद्यमान सामन्ती कुसंस्कार एवम् पूँजीवादी संस्कृतिको ध्वंस र त्यसमा नयाँ जनसांस्कृतिको निर्माण गर्ने कार्यमा उनको महत्त्वपूर्ण भूमिका रहेको छ । गोविन्दप्रसाद लोहनीले **नेपाल सांस्कृतिक सङ्घ** डिल्लीबजारमा आजीवन सदस्य रहेर सामाजिक कार्य गरेका छन् । यस्तै घट्टेकुलो स्थित **नवदुर्गा मन्दिर** निर्माण गर्ने क्रममा उनको उल्लेखनीय भूमिका रहेको छ ।[१३६] यसरी साधारण जनताका भावनालाई बुझेर सामाजिक कार्यमा लागेका लोहनी आफ्नो व्यक्तित्वलाई सामाजिक व्यक्तिका रूपमा पनि स्थापित गर्न सफल भएका छन् ।

#### (ख) राजनैतिक व्यक्तित्व

गोविन्दप्रसाद लोहनीको सार्वजनिक व्यक्तित्वमध्येको अर्को महत्त्वपूर्ण पाटो राजनैतिक व्यक्तित्व पनि हो । लोहनी बनारसमा अध्ययनका क्रममा छदादेखि नै उनमा राजनीतिक प्रभाव परेको देखिन्छ । उनी वि.सं. २००० सालदेखि नै गोप्यरूपमा राणाविरोधी आन्दोलनमा सरिक भएर विद्यार्थीहरूलाई भेला अर्थात् एकीकृत गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने

---

[१३४] छिमेकी सुदर्शन पाठककाअनुसार प्राप्त जानकारी ।

[१३५] ऐजन ।

[१३६] पारिवारिक स्रोतबाट पाप्त जानकारी ।

गरेको स्वयम् शोधनायबाट प्रष्ट हुन्छ । उनी वि.सं. २००३ सालमा राष्ट्रिय काङ्ग्रेसको स्थापनासँगै सोहीपार्टीमा आबद्ध भई मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा काठमाडौंबाट जनक्रान्तिका लागि केही साथीसहित सप्तरीमा पुगे ।[१३७] लोहनी नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् भने नेताहरूको आत्मपरक र भ्रष्टनीतिका कारणले नेपाली काङ्ग्रेसको सदस्यता मुक्त गरी वि.सं. २००७ सालमा उनी नेपाल कम्युनिस्ट पार्टीमा रही त्यहाँ उनले वि.सं. २०१२ सालसम्म काम गरे[१३८] वि.सं २०१२ सालबाट लोहनी सम्पूर्ण पार्टीबाट अवकाश लिएर स्वतन्त्र जीवन निर्वाह गर्दै आएका छन् ।

लोहनी वि.सं. २०१७ सालमा पञ्चायती व्यवस्थाको आर्थिक सिद्धान्तकार एवम् योजनाकार भएर रहे । उनी वि.सं २०४६ सालको जनआन्दोलनका बेला राजा वीरेन्द्रलाई बहुदल दिनुपर्छ भनी सल्लाह दिने व्यक्ति हुन् । लोहनीले पार्टीहरूको सदस्यता त्यागे पनि नेपालका ठूलाठूला नेताहरूले उनलाई भेट्न भने छोडेका छैनन् । अतः गोविन्दप्रसाद लोहनीको अन्य व्यक्तित्वजतिकै सशक्त पाटो राजनीतिक व्यक्तित्व पनि देखिन्छ ।

---

[१३७] शोधनायकबाट प्राप्त जानकारी ।

[१३८] ऐजन ।

## (ग) बहुभाषिक व्यक्तित्व

गोविन्दप्रसाद लोहनीका विभिन्न व्यक्तित्वमध्ये बहुभाषिक व्यक्तित्व पनि हो । उनमा विभिन्न भाषाको राम्रो ज्ञान छ । उनलाई नेपाली , अङ्ग्रेजी , संस्कृत र हिन्दी भाषामा सशक्त रूपमा लेख्न र बोल्न आउँछ ।[१३९] उनको मातृभाषा नेपाली हो । उच्चशिक्षाको अध्ययनका क्रममा उनले अङ्ग्रेजी भाषा सिकेका हुन् । उनले हिन्दी भाषा बाल्यावस्थामै नेपाल र भारतमा अध्ययन गर्ने क्रममा सिकेका हुन् । यी भाषाका अतिरिक्त उनलाई वङ्गाली , मराठी र उर्दू भाषाको पनि ज्ञान छ तर उनी बङ्गाली , मराठी र उर्दूभाषामा बोल्न सक्छन् तर लेख्नन् सक्दैन । यसरी गोविन्दप्रसाद लोहनीको नेपाली , संस्कृत , अङ्ग्रेजी र हिन्दी भाषामा राम्रो दक्षता रहेको पाइन्छ ।

## (घ) प्रशासनिक व्यक्तित्व

गोविन्दप्रसाद लोहनीका व्यक्तित्वका पाटामध्ये प्रशासनिक व्यक्तित्व जीवनको महत्त्वपूर्ण पाटो हो । लोहनीले वि.सं २०१२ सालमा सीताराम विद्यलायमा अस्थायी रूपमा प्रध्यापन सेवा सुरु गरेपछि उनको प्रशासनिक व्यक्तित्व सुरुवात भएको थियो ।[१४०] यसपछि उनले वि.सं २०१२ सालमा नेपाल बैंक लिमिटेडमा अस्थायी रूपमा कारिन्दाको रूपमा रहेर काम गरे र वि.सं. २०१३ सालमा नेपाल राष्ट्र बैंकको स्थापना भएपछि स्थायी रूपमा उक्त बैंकमा आर्थिक अनुसन्धान अधिकृत , सह-सचिव र सल्लाहकार जस्तो उच्च प्रशासनिक जिम्मेवारी सम्हाल्न पुगे ।[१४१] उनले वि.सं. २०१२ सालमा पञ्चायत र भूमिसुधार मन्त्रालयमा २ वर्ष काम गरे साथै वि.सं. २०२९ देखि २०३६ सम्म ‘राष्ट्रिय योजना आयोग’ को प्रशासनमा योजनाकारका रूपमा पनि काम गरे । उनले वि.सं. २०३६ देखि वि.सं. २०४१ सालसम्म पाकिस्तानका लागि शाही नेपाली राजदूत भएर प्रशासनिक काम गरे । पाकिस्तानबाट वि.सं. २०४१ मा फर्किएपछि लोहनीले सम्पूर्ण प्रशासनिक क्षेत्रबाट अवकाश लिएका थिए ।[१४२]

यसरी लोहनीले विद्यालय स्तरमा अध्ययनका अतिरिक्त प्रशासनिक क्षेत्रमा आफ्नो उपस्थिति देखाएका थिए । उनले नेपाल राष्ट्र बैंकको स्थापनासँगसँगै अनुसन्धान अधिकृतबाट

---

[१३९] ऐजन ।

[१४०] शोधनायकबाट प्राप्त जानकारी ।

[१४१] ऐजन ।

[१४२] ऐजन ।

क्रमशः सह-सचिव , सल्लाहकार र शाही नेपाली राजदूतजस्तो कुशल प्रशासकको जिम्मेवारी पूरा गरेका थिए । यसबाट उनमा सक्षम प्रशासकीय व्यक्तित्व थियो भन्ने कुरा प्रष्ट हुन्छ ।

### (ङ) अर्थशास्त्री व्यक्तित्व

गोविन्दप्रसाद लोहनीका व्यक्तित्वका विभिन्न पाटाहरूमध्येको एक पाटो अर्थशास्त्री व्यक्तित्व हो । लोहनीले वि.सं. २०१० सालमा अर्थशास्त्रबाट एम्.ए. पूरा गरी वि.सं. २०१२ सालदेखि आर्थिक क्षेत्रमा काम गर्दै करिब २९ वर्ष आफ्नो जीवन व्यतीत गरेका थिए ।[१४३] लोहनीले आफ्नो जीवनमा अर्थशास्त्रसम्बन्धी लेखरचनाका अतिरिक्तः प्रशस्त पुस्तक प्रकाशनमा ल्याएका छन् । उनका अर्थशास्त्रसम्बन्धी पुस्तकहरूमा क्रमशः **यो हो सोभियत रुस** (२००७) , **चीनियाँ सङ्घर्षको इतिहास** (२००९) , **आजको चीन** (२००९) , **नेपालमा भूमिसुधार उपलब्धि** (२०२३) र **आस्पिष्ट अफ नेपाल डेभलमेन्ट** प्रमुख छन् । यसका अतिरिक्त लोहनीका २०० भन्दा बढी लेख अर्थशास्त्रसम्बन्धी नै रहेका छन् ।[१४४] लोहनी आर्थिक क्षेत्रका सिद्धान्तकार एवम् योजनाकारका रूपमा परिचित नै छन् । नेपालका अर्थशास्त्रीहरूमध्ये एक गनिने लोहनीले आफूलाई अर्थशास्त्रीय व्यक्तित्वका रूपमा उभ्याएका छन् ।

## ३.५ जीवनी , व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध

गोविन्दप्रसाद लोहनीको आठ दशक लामो जीवनयात्रालाई हेर्दा यिनले बाल्यकालदेखि नै खान , लाउन बस्नको लागि त्यति सङ्घर्ष गर्नु परेको देखिँदैन । अध्ययनको सिलसिलामा उनी काठमाडौं , पाल्पा , तराई र भारतको बनारससम्म पुगेको देखिन्छ ।[१४५] यस्तै उनी जीविकोपार्जनका लागि स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूमा पनि पुगेको पाइन्छ । यसरी जीवनजगत्का विभिन्न अनुभवहरूसँगै उनको साहित्यिक व्यक्तित्वको निर्माण भएको छ ।

लोहनीले आफू बसेको धर्तीमा जुन असङ्गत-विसङ्गत पक्षहरूलाई देखे अर्थात् मानवीय जीवन सङ्घर्षमा जुन मूल्यगत द्वन्द्व , अस्तित्वको सङ्कट , बाँच्नुको विवशता र समाजको कुरूपतालाई देखे त्यसैलाई नै उनले आफ्नो साहित्यलेखनको विषयवस्तु बनाएका छन् । उनका रचनाका प्रत्येक पात्रहरूमा यिनै कुराहरूको प्रतिछाया पाइन्छ ।[१४६] पूरातन

---

[१४३] ऐजन ।

[१४४] ऐजन ।

[१४५] शोधनायकबाट प्राप्त जानकारी ।

[१४६] ऐजन ।

साहित्यिक चिन्तन र मान्यताका विरुद्ध प्रगतिवादी चिन्तन र विचारको संवाहक बनेर उनका कथामा विषयवस्तु आएका हुन्छन् । उनले जागिरे जीवन , सङ्घसंस्थाहरूमा काम गर्दा बटुलेका अनुभव र स्वअध्ययनबाट प्राप्त गरेको ज्ञानबाट पनि उनको साहित्यिक लेखनमा अझ प्रौढता आएको छ । यसरी उनको जीवनी , व्यक्तित्व र साहित्यिक लेखनका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ ।

## २.६. **निष्कर्ष**

गोविन्दप्रसाद लोहनी साहित्यिक र साहित्येतर दुवै व्यक्तित्वका रूपमा परिचित छन् । लोहनीलाई साहित्यिक व्यक्तित्वका रूपमा चिनाउन सफल **सपना** कथाले कथाकार व्यक्तित्वको रूपमा चिनाएको छ । उनी नेपाली साहित्यमा निबन्धकार र समालोचक व्यक्तित्वका क्षेत्रमा पनि देखिएका छन् । उनका पुस्तकाकार कृतिका रूपमा दुईवटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् भने निबन्ध र समालोचना पुस्तकाकार कृतिका रूपमा देखा परेको भने छैनन् ।

लोहनीलाई साहित्येतर व्यक्तित्वका रूपमा पनि पाउन सकिन्छ । उनले सामाजिक , राजनैतिक , बहुभाषिक , प्रशासनिक र अर्थशास्त्रसम्बन्धी विभिन्न कार्य र लेखहरू लेखेर साहित्येतर व्यक्तित्वका ठाउँमा आफूलाई उभ्याउन सफल छन् । यसरी हेर्दा लोहनीमा अध्ययन , अनुभवबाट पलाएको ज्ञान , सिर्जनशील प्रतिभा र तीक्ष्ण बुद्धिले उनको वैयक्तिक जीवनमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको पाइन्छ । लोहनीले साहित्यिक र साहित्येतर व्यक्तित्वको रूपमा सधैँभरि आफूलाई उभ्याइरहेका छन् ।

## परिच्छेद चार

## ४. गोविन्दप्रसाद लोहनीका कथाहरूको अध्ययन

### ४.१ कथाको सामान्य चिनारी

साहित्यको चर्चित विधा कथाको लामो परम्परा रहेको भए पनि आधुनिक कथाको सुरुवात १९ औं शताब्दीबाट भएको मानिन्छ । कथा गद्यमा लेखिने एउटा साहित्यिक विधा हो । कथा शब्दको व्युत्पत्तिलाई हेर्दा संस्कृतको 'कथ्' धातुमा 'आङ' र 'टाप' प्रत्यय जोडिएर कथा शब्दको निर्माण भएको देखिन्छ । 'कथ्' धातुमा 'नु' प्रत्ययलाग्दा कुनै कथित घटनालाई कहनु वा वर्णन गर्नु भन्ने अर्थ निस्कन्छ । अङ्ग्रेजीमा Short Story द्वारा सम्बोधित विधा नै हाल कथा विधाबाट परिचित विधा हो । आफ्नै विस्तृत परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो एक लचिलो किंवा परिवर्त्य साहित्यिक रूप हो । सम्भवतः अन्य मुख्य-मुख्य विधाहरूभन्दा कनिष्ठ भएर होला यसले ठूलो बठ्याइँका साथ ती अन्य विधाहरूका गुण स्वभावलाई आफूभित्र स्वायत्त पारेर आफ्नो मजबुतीपनलाई निर्वाह गर्न सकेको छ ।[१४७] आधुनिक कथाको चिनारी दिने क्रममा विद्वान्हरूले आ-आफ्ना रायहरू प्रकट गरेका भए पनि कुनै एक जनाको परिभाषाले मात्र कथाको समग्रतालाई अर्थ्याउन नसक्ने देखिन्छ । वस्तुतः कथा साहित्यको त्यस्तो गद्य विधा हो जुन संक्षिप्तताभित्रै पूर्णतामा प्राप्त हुन्छ र एक निश्चित प्रकारको संरचनामा निबद्ध रहेको हुन्छ । साहित्यिक विधाविशेष भएका कारण यो स्थापत्य कलागत मूल्यद्वारा समायोजित हुनाका साथसाथै प्रभावान्विति यसको मूल मेरुदण्ड रहेको हुन्छ ।

कथा वास्तवमा विचार तथा भावनाको सञ्चरण गर्ने एउटा त्यस्तो पूर्ण कला हो , जसले आफ्नो सानो आयतनलाई एउटा सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ ।[१४८]संक्षिप्तताभित्रै पूर्णता रहने कथाविधाका आफ्नै वैशिष्टय रहेका छन् । कथालाई लम्ब्याउँदैमा उपन्यास बन्न सक्दैन न त उपन्यासलाई छोट्याउँदा कथा बन्छ । त्यसकारण यसको आफ्नै कलामूल्य छ । जीवनका समग्रताभन्दा कुनै खण्डविशेषको प्रस्तुति यसमा रहने हुनाले संक्षिप्त आयाम नै यसको संरचनागत पहिचान हो ।

---

१४७ ईश्वर बराल र अन्य (सम्पा) , **नेपाली साहित्यकोश** , (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान , २०५५) , पृ. १६३ ।

१४८ पूर्ववत ।

कथा एक यौगिक रचना हो र सबै अङ्ग उपाङ्गहरूको आनुपातिक सिङ्गो योगबाट यो बनेको हुन्छ । ती एकाइ वा तत्त्वहरूका बीचमा अन्योन्यश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग-अलग छुट्याएर हेर्नु युक्तिपूर्ण हुँदैन तापनि साहित्यशास्त्रीहरूले अध्ययन सुविधाका लागि कथाका तत्त्वहरू भनेर यसरी निर्धारण गरेका छन् : (क) कथावस्तु (ख) पात्र वा चरित्रचित्रण (ग) दृष्टिविन्दु , (घ) देशकाल परिस्थिति (ङ) संवाद वा कथोपकथन , (च) उद्देश्य , (छ) भाषाशैली यहाँ यिनै तत्त्वहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

**(क) कथावस्तु**

कथावस्तु कथाको प्रमुख घटक हो । आवश्यक घटनाहरूको शृङ्खलाबद्ध र कलात्मक गठन तथा गुम्फन नै कथावस्तु हो ।[१४९]त्यस्ता घटनाहरूमा कलाकारिता र प्रभावकारिता नहुन पनि सक्छ । अतः ती घटनाहरूलाई फूलका थुङ्गासँग तुलना गरिन्छ भने कथावस्तुलाई फूलको माला वा गुच्छासँग । जसरी एउटा कुशल मालीले फूलका विभिन्न आकार प्रकार र रङ्गढङ्ग मिलाई माला तयार गर्छ त्यसरी नै एउटा सफल कथाकारले केही आवश्यक घटनाहरूको आधारमा कथावस्तुको संरचना गर्दछ । कथावस्तुमा स्वयम् कथाकारको विचार , धारणा वा अनुभूतिको अभिव्यक्ति रहने हुँदा कुनै पनि कथाको मूल्यनिर्धारण कथावस्तुले गर्दछ । कथावस्तुमा मौलिकता र नवीनता हुनु जरुरी छ । त्यसो भएन भने कथा प्रभावकारी हुँदैन । जीवनजगत्का विभिन्न पक्ष र घटनाहरूलाई नयाँ दृष्टिले हेर्दा नै नवीनताको पहिचान खुल्दछ । कथाको आफ्नै सीमाले गर्दा यसमा घटना वा प्रसङ्गको विस्तृति भने हुँदैन ।

कथावस्तुको प्रसङ्गसँगै यसको अवस्थालाई पनि सङ्क्षेपमा चिनाउनु आवश्यक छ । कथावस्तुका अवस्थालाई तीन रूपमा विभाजन गर्न सकिन्छ । ती हुन : (अ) प्रारम्भ (आ) विकास र (इ) अन्त्य । कथाको सुरुवात नै प्रारम्भ हो । प्रारम्भ कसरी गर्ने भन्ने कुरामा कथाकार स्वतन्त्र रहन्छ । यस क्रममा परिचयात्मक प्रारम्भ , वर्णनात्मक प्रारम्भ , विवरणात्मक प्रारम्भ , आकस्मिक प्रारम्भ र संवादात्मक प्रारम्भमध्ये जुनसुकै प्रारम्भलाई पनि कथाकारले अवलम्बन गर्न सक्छ । विकासभागमा कथाको मुख्य कुरालाई समावेश गरिनुपर्छ र अन्त्य भागमा कथाको उद्देश्य प्रष्ट भइसकेको हुन्छ तापनि कथाकारले आफ्नो कुशलताको प्रयोग गरी कुतूहलता दिइरहन सक्छ । कथाको अन्त्य विभिन्न तरिकाले गरिन्छ । वर्तमान समयमा कथाकारहरू केही मात्रामा कथानकहीनतातर्फ उन्मुख भएका कारण कथावस्तुको

[१४९] मोहन हिमांशु थापा , **साहित्य परिचय** , चौ.स. , (काठमाडौं : साझा प्रकाशन , २०५५) , पृ. १६० ।

महत्त्व नरहेको जस्तो देखिए पनि समष्टिमा कथाका लागि कथावस्तु एक प्रमुख घटक हो र संरचनाको मूल मेरुदण्ड हो ।

### (ख) पात्र वा चरित्रचित्रण

पात्रले कथावस्तुअनुकूल गति दिँदै अन्त्यसम्म प्रमुख भूमिका खेल्ने हुनाले पात्रबिना कथाको कल्पना अधुरो रहन्छ । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार , द्वन्द्व आदिको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ ।[१५०] कथा मानवीय जीवनसँग असम्बन्धित भएर अड्न सक्दैन । त्यसकारण पात्रविनाको कथा कल्पना गर्न सकिन्न , तर कथामा पात्र मान्छे नै चाहिन्छ भन्ने चाहिँ होइन , मान्छेइतर प्राणी र प्राणी इतर जड वस्तुसमेत पात्र भएर उपस्थित हुन सक्छन् ।[१५१]

कथामा बढी मात्रामा मानवीय पात्रहरू नै प्रयोग हुने गरे पनि मानवेतर पात्र प्रयोग गरेर पनि उत्कृष्ट कथाहरू रचना भएका छन् । मानवेतर पात्रमा पनि जीव र जड दुवैखाले पात्रहरूको प्रयोग भएको पाइन्छ तर त्यस्ता पात्रहरू प्रायः प्रतीकात्मक अर्थ बोकेर कथामा प्रयोग भएका हुन्छन् ।

कथामा पात्रको कार्यभूमिकाका आधारमा प्रमुख , सहायक र गौण , स्वभावका आधारमा गतिशील र स्थिर, जीवनचेतनाका आधारमा प्रमुख , सहायक र गौण , लिङ्गका आधारमा पुरुष र स्त्री , पवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी वर्गीकरण गरिन्छ । त्यसैगरी जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत , आसन्नताको आधारमा नेपथ्यीय र मञ्चीय तथा आबद्धताका आधारमा बद्ध र मुक्तगरी वर्गीकरण गरिन्छ । यीमध्ये कथाकारले आफ्ना पात्रहरूलाई कुनै पनि प्रकारबाट प्रयोग गर्न सक्छ । कुनै कथामा म पात्रको निर्णायक भूमिका रहेको हुन्छ । कुनै कथामा 'त्यो' अर्थात् तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ । अतः कथाकार र पाठकवर्गबीचको सम्बन्धसूत्र नै दृष्टिकेन्द्र हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्ना सामग्रीलाई कथाको आकारमा मूर्तिमान् गर्दछ ।[१५२] कथामा पात्रको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । पात्रकै प्रयोग र प्रयुक्त कथावस्तुबीचको अन्तःसम्बन्धबाट नै उत्कृष्ट कथा जन्मने हुनाले कुन पात्रलाई प्रमुखता दिने र कुनलाई गौण स्थान दिने भन्ने कुरामा पनि कथाकार सचेत हुनु आवश्यक हुन्छ ।

---

[१५०] दयाराम श्रेष्ठ (सम्पा.) , **नेपाली कथा भाग ४** , (काठमाडौं : साझा प्रकाशन , २०५५) , पृ. १० ।

[१५१] देवीप्रसाद गौतम , **नेपाली कथा** , (काठमाडै : नवीन प्रकाशन , २०५४) , पृ.५ ।

[१५२] ईश्वर बराल र अन्य , पूर्ववत् पृ. १६७ ।

कथामा प्रयोग हुने पात्रलाई चरित्र पनि भनिन्छ । मूलतः कथामा पात्र र उसकै क्रियाकलापको लेखाजोखाबाट चरित्रचित्रण गरिएको हुन्छ । कुनपात्रलाई सत् र कुन पात्रलाई असत् देखाउने हो त्यसमा कथाकार प्रारम्भदेखि नै सचेत रहनु जरुरी हुन्छ । मूलतः कथामा पात्रको चरित्रचित्रण दुई प्रकारले गर्न सकिन्छ । विश्लेषणात्मक वा प्रत्यक्ष रूपमा र नाटकीय वा परोक्ष रूपमा ।

## (ग) दृष्टिविन्दु

कथामा दृष्टिविन्दु भन्नाले कथावाचकले सुनाउनका निम्ति उभिन वा बस्नलाई रोजेको ठाउँ भन्ने बुभिन्छ । यसबाट कथयिताले घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई जनाउँछ ।

यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकारका सामु कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई संरचना प्रधान गर्ने भन्ने प्रश्न आउँछ । यसै प्रश्नको समाधान गर्ने काम दृष्टिविन्दुले गर्दछ । कथामा दृष्टिकोण सामान्यतया पात्रसित सम्बन्धित तत्त्व जस्तो भएर रहेको हुन्छ । श्रोता वा ग्रहणकर्तालाई कथा सुनाउने व्यक्तिको भूमिका नै दृष्टिविन्दु हो । कुनै कथामा ‘म’ पात्रको निर्णायक भूमिका रहेको हुन्छ भने कुनै कथामा ‘त्यो’ पात्रको गौण भूमिका रहन्छ । दृष्टिविन्दु पात्र ‘म’ अर्थात् प्रथम पुरुष रहेको अवस्थामा र त्यो अर्थात् तृतीय पुरुष रहेको अवस्थामा कथाको संरचनात्मक स्वरूप नै फरक फरक हुन जान्छ । यसलाई कथाको श्रेष्ठता र उत्कृष्टताको मापक पनि ठानिएको छ ।[१५३]

कथामा दृष्टिविन्दु त्यो स्थिति , स्थान वा सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्गसम्म पुऱ्याउँदछ । यस किसिमको कथाकार र पाठकबीचको सम्बन्ध सूत्र नै दृष्टिविन्दु हो ।[१५४]कथात्मक दृष्टिविन्दु मुख्यतः दुई प्रकारको हुन्छ : (क) प्रथमपुरुष (आन्तरिक) (ख) तृतीय पुरुष (बाह्य) । प्रथम पुरुषका पनि केन्द्रीय र परिधीय गरी दुई प्रकार हुन्छन् भने तृतीय पुरुषका पनि सर्वज्ञ र सीमित गरी दुई प्रकारका हुन्छन् । यसरी दृष्टिविन्दु पात्र कथामा प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ । यसअन्तर्गत केन्द्रीय विन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र ‘म’ को रूपमा मुख्य पात्र

---

[१५३] दयाराम श्रेष्ठ , (सम्पा.) , **नेपाली कथा भाग ४** , दो. सं. , (काठमाडौँ : साझा प्रकाशन , २०६०) , पृ. ११ ।

[१५४] ऐजन ।

रही कथा प्रस्तुत हुन्छ । परिधीय दृष्टिविन्दुमा चाहिँ 'म' पात्र त हुन्छ तर कथामा त्यसको स्थान गौण रहन्छ । कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुषमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ । यसअन्तर्गतको सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना , प्रतिक्रिया , विचार आदिको चिनारी दिने काम गर्छ । सीमित दृष्टिविन्दुमा चाहिँ केवल एक मात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ ।

## (घ) देशकाल परिस्थिति

देश भन्नाले कथा घटित हुने भौगोलिक स्थान बुझिन्छ । कालले उक्त कथा कुन समयविन्दुमा आधारित छ भन्ने कुराको जानकारी दिन्छ भने परिस्थितिले तत्कालीन परिवेशको जानकारी गराउँछ । अतः देशकाल र परिस्थितिलाई संयुक्त रूपमा वातावरण वा परिवेश भनेर पनि उल्लेख गरिएको पाइन्छ । कथालाई विश्वसनीय र जीवन्त बनाउन आवश्यक र सार्थक वातावरणको आवश्यकता हुन्छ ।[१५५]कुनै पनि भौगोलिक परिवेशको बाह्य पक्षलाई भौतिक रूपमा लिन सकिन्छ । यसलाई स्थानीय रङ्गको प्रयोग पनि भन्ने गरिन्छ । कुनै पनि कथा सफल सावित हुनका लागि त्यसमा प्रयुक्त देशकाल र परिस्थितिअनुसारको पात्र प्रयोग हुनु पनि आवश्यक हुन्छ ।

यसरी कथालाई स्वभाविक र विश्वसनीय बनाउनका लागि विषयवस्तुअनुसारको परिवेश र परिवेशअनुसारको चारित्रिक निर्धारणमा कथाकार सचेत हुनु आवश्यक देखिन्छ । त्यसकारण परिवेशलाई पनि कथाको महत्त्वपूर्ण घटक मानिन्छ । कुनै घटनाहरू घटेको वा पात्रहरूले कार्यसम्पादन गरेको स्थान , समय र वातावरण नै परिवेश हो ।[१५६]

## (ङ) संवाद वा कथोपकथन

कथावस्तु र पात्रको संयोजनलाई अगाडि बढाउन भाषाको प्रयोग गरिन्छ । कथामा कथाकारले स्वयम् वर्णन गर्न पनि सक्ने र पात्रलाई बोल्न लगाउन पनि सक्ने हुनाले संवादलाई कथाको अनिवार्य तत्त्वका रूपमा लिन सकिन्न । तर पनि परिवेशअनुसार संवादको प्रयोगले कथामा सरलता , रोचकता र स्वभाविकता भने थपेको हुन्छ । कथालाई जीवन्त र सशक्त बनाउने सम्भावना पनि संवादले नै प्रदान गर्दछ । [१५७] कथामा कथावस्तुलाई गतिशील

---

[१५५] मोहन हिमांशु थापा , पूर्ववत् , पृ. १७३ ।

[१५६] राजेन्द्र सुवेदी , **स्नातकोत्तर नेपाली कथा ,** दो. सं. , (काठमाडौं : साझा प्रकाशन , २०५७) , पृ. २० ।

[१५७] मोहन हिमांशु थापा , पूर्ववत् , पृ. १७३ ।

बनाउनमा संवादको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले संवाद पात्रानुकूल र विषयवस्तुअनुसारको हुनुपर्छ । यदि संवाद संवादकै लागि मात्र भयो भने त्यसले कथाको गुणत्मकतामा ह्रास आउँछ । संवादमा सङ्क्षिप्तता , सरलता र सार्थकता हुनु आवश्यक छ । प्रभावकारी संवादले कथालाई जीवन्त बनाउँछ ।

### (च) उद्देश्य

कुनै पनि काम बिनाउद्देश्य सम्पन्न गरिन्न । कथाकारले कथा लेख्दा विभिन्न उद्देश्यहरू लिन सक्छ । कथामा जीवनको कुनै एक पक्षको चित्रण हुन्छ र कुनै एक मनोदशाको प्रकटीकरण हुन्छ । यसै आधारभूमिमा जीवन र जगत्सम्बन्धी दृष्टि कथाले प्रस्तुत गरेको हुन्छ । कथामा कलापक्षको सँगसँगै उद्देश्यलाई घुसाइनु पर्छ । उद्देश्यलाई कथामा प्रत्यक्ष रूपमा अभिव्यक्ति गराउँदा कथा नाराजस्तो हुन सक्छ । त्यसकारण कथाकारले सचेतता अपनाउँदै भाव वा विचारको प्रस्तुतिमा कलात्मकता थप्न सक्नुपर्छ । कथाकारले कथामा प्रस्तुत गर्न चाहेको उद्देश्यअनुरूपको कथावस्तु , चरित्र, परिवेश , विचार तथा आवश्यकताअनुसार द्वन्द्व आदिको प्रस्तुति सँगसँगै गरेको हुनुपर्छ ।

कथाको सिर्जना उद्देश्यविहीन हुँदैन । रचनाले लक्ष्यित गरेका पक्षहरू सहज र सरल ढङ्गले प्रकट भएका हुन्छन् । के भइरहेछ र के हुनुपर्छ भन्ने अठोट स्रष्टाले यसै विन्दुमा प्रकट गरेको हुन्छ । समाजका आवश्यक र लक्ष्यित समूहलाई अपेक्षित सन्देश पनि यहीँनेर प्रस्तुत गरिएको हुन्छ ।[१५८]

यसरी कथामा कुनै न कुनै उद्देश्य निहित रहने हुनाले कथाकारले समाजसुधारको सन्देश , शैक्षिक चेतना , मनोरञ्जन , यथार्थको प्रकटीकरण , समानताको खोजी , लेखकको आत्मसन्तुष्टि आदिमध्ये कुनै एक वा अनेकलाई कथालेखनको उद्देश्य बनाएको हुन्छ । अतः उद्देश्य पनि कथाको एउटा तत्त्वका रूपमा रहेको छ ।

### (छ) भाषाशैली

भाषा भाव वा विचार अभिव्यक्त गर्ने माध्यम हो भने भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग वा तरिकालाई शैली भनिन्छ । भाषा विचार वा अनुभूतिविनिमयको सशक्त साधन हो । कथामा पात्रगत अल्पता , विषयगत सीमितता र वस्तुगत तीब्रता हुने हुनाले तदनुकूल

---

[१५८] राजेन्द्र सुवेदी , **सिर्जजनात्मक लेखन : सिद्धान्त र विश्लेषण** , (काठमाडौं : घण्टाघर २०५७) , पृ. ५२ ।

भाषामा संक्षिप्तता , सहजता र सरलता हुनु आवश्यक छ ।[१५९] पात्रको शैक्षिक स्तर तथा भौगोलिक अवस्थिति र रहनसहनअनुरूपको भाषाको प्रयोगले कथामा जीवन्तता कायम गर्दछ भने पाठकका लागि विश्वसनीयताको स्थिति पनि सिर्जना गर्दछ । मूलतः साहित्य भाषिक कला भएको हुनाले कथामा पनि कथाकारले कस्तो भाषाको प्रयोग कसरी गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

कथाकारले कथामा भनिएको कुरालाई कसरी भनेको छ भन्ने कुरा यसको शैली पक्षमा भर पर्दछ ।

कथामा परिवेश र पात्रको दृष्टिले भाषाशैलीको उपयोग हुँदा दुई प्रकारको भाषाशैलीको प्रयोग हुन्छ : सरल शैली र अलङकृत शैली ।[१६०]सरल शैलीमा दैनिक जीवनमा व्यवहार हुने बोलीचालीको भाषिक प्रयुक्ति रहन्छ । यसमा उखान टुक्काको प्रयोग पनि गरिएको हुन्छ भने अलङ्कृत शैलीमा वाक्य र शब्दविन्यासमा विभिन्न शब्दालङ्कार एवम् अर्थालङ्कारको प्रयोग भएको हुन्छ । कथाकारले कथालेखनमा विविध शैलीमध्ये जुनसुकै शैली पनि अँगाल्न सक्छ ।

यसरी एउटा कथा पूर्ण हुनका लागि यसमा कथावस्तु , पात्र , दृष्टिविन्दु , परिवेश , विचार , संवाद , द्वन्द्वजस्ता थुप्रै तत्त्वहरूको समेत महत्त्व रहन्छ । सम्पूर्ण संरचक घटकहरूको समष्टि नै कथा भएकाले यिनै तत्त्वहरूद्वारा कथाले आफ्नो रूपाकृति धारण गर्छ अनि मूर्त र साकार रूप प्राप्त गर्छ ।

अब उपर्युक्त कथातत्त्वका आधारमा रही कथाकार गोविन्दप्रसाद लोहनीका कथाहरूको विवेचना यहाँ गरिन्छ ।

### ४.२ **'कामरेड जाने होइन ?' कथासङ्गहभित्रका कथाहरूको अध्ययन**

वि.सं. २००९ मै प्रगतिशील प्रकाशन मण्डल काशीबाट **'कामरेड जाने होइन ?'** नामक कथासङ्ग्रह नेपाली जगत्मा सर्वप्रथम प्रकाशित राजनीतिक कथासङ्ग्रह हो । यसमा जम्मा ९ वटा कथाहरू छन् । सबै कथाहरूमा मौलिकता छ तर धेरै ठाउँमा लेखकहरूले कथाको सीमा नाघेर राजनीतिक प्रचार गरेकोजस्तो पनि लाग्छ । यसमा गोविन्दप्रसाद लोहनी , भवानीप्रसाद शर्मा , जगत्मोहन अधिकारी , नारायणचन्द्र गौतम र कुमारी कान्तिदेवीका

[१५९] मोहन हिमांशु थापा , पूर्ववत , पृ. १७७ ।
[१६०] पूर्ववत् , पृ. १७७ ।

कथा सङ्कलित छन् । यस कथासङ्ग्रहभित्र लोहनीका तीनवटा कथाहरू (क) **'चलिआएको चलन'**(ख) **'क्रान्तिकारी महेशको स्मृतिमा'** र (ग) **'यो पनि जीवन हो'** सङ्कलित छन् । यस कथासङ्ग्रहमा हाम्रो साहित्यमा राजनीतिलाई विशेष स्थान दिँदै कथासङ्ग्रह तपाइहरूको हातमा आएको छ ।[१६१] भन्ने उल्लेख कथासङ्ग्रहको भूमिकामा गरिनुले लोहनीका यी कथाहरूमा पनि राजनीतिक विषयवस्तुको प्रत्यक्ष प्रभाव परेको छ । यस कथासङ्ग्रहमा लोहनीका अन्यत्र प्रकाशित नभएका कथाहरू रहेका छन् । यी कथाहरूमा वैचारिक आग्रह बढी र कलाचेतना न्यून देखिए पनि मार्क्सवादी दर्शन र विचारको प्रतिपादन स्पष्ट रूपमा भएको छ । लोहनीले आफ्ना कथाहरूमा प्रायः जसो २००७ सालको सम्झौता , नेताहरूको अवसरवादी चरित्र , मुलुकमा देखिएका आर्थिक राजनीतिक विसङ्गतिको चिरफार तथा कम्युनिस्टहरूलाई दबाउन उद्यत तत्कालीन सरकारको कठोर आलोचना र त्यसलाई सुल्झाउन आवश्यक सुझाव पनि दिएका छन् । लोहनीको यस सङ्ग्रहमा रहेका तीनवटा कथाहरूलाई विधा तत्त्वगत आधारमा क्रमशः अध्ययन गर्न सकिन्छः

---

[१६१] गोविन्दप्रसाद लोहनी र अन्य , 'भूमिका' **'कामरेड जाने होइन ?'** , काशीः प्रगतिशील प्रकाशन मण्डल , सन १९५२), पृ.३ ।

### ४.२.१ 'चलिआएको चलन'कथाको अध्ययन

गोविन्दप्रसाद लोहनीको **'कामरेड जाने होइन ?'** कथासङ्ग्रहभित्र रहेको पहिलो कथा **'चलिआएको चलन'** हो । यो कथा अन्यत्र कतै प्रकाशित भएको पाइँदैन । यस कथामा राजनीतिक एवम् आर्थिक पक्षलाई अन्तर्वस्तु बनाइएको छ । यो कथाको पृष्ठभूमिमा आर्थिक समस्यालई प्रस्तुत गरिएको छ भने धेरै विषयवस्तु राजनीतिमा आधारित देखिन्छ ।

#### (क) शीर्षकीकरण र दृष्टिविन्दु

कुनै पनि कथामा कथावस्तु र शीर्षकबीच अन्तःसम्बन्ध रहेको हुन्छ । शीर्षकले कथावस्तुका बारेमा कुनै न कुनै रूपले सम्बन्ध राखेको हुन्छ र राख्नुपर्छ । लोहनीको प्रस्तुत कथाको शीर्षकीकरण गर्दा विषयवस्तुका आधारमा गरिएको छ । गाउँका ठूला भलाद्मी शोषक जमिन्दारले अर्काको अनायसै जग्गा हडप्ने , शोषित जनतालाई गाउँबाट निकाला गर्ने , देश निर्माणमा लागेका राजनीतिक कार्यकर्ता र नेताले मनपरी गर्ने साथै अन्त्यमा त्यसलाई 'चलिआएको चलन'भन्ने निकृष्ट प्रवृत्तिप्रति मर्मस्पर्शी व्यङ्ग्य समेत गरिएको हुँदा यस कथाको शीर्षक 'चलिआएको चलन'राखिएको छ ।

कथामा कथयिताले बस्न रोजेको ठाउँ दृष्टिविन्दु हो । कथा कसरी लेखिएको छ भन्ने दृष्टिविन्दु हो । दृष्टिविन्दु कथाका तत्वहरूमध्येको महत्त्वपूर्ण तत्त्व हो । यस कथामा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । यो कथा मूलतः लालेकै कथा हो र सबै जसो घटना तथा पात्रहरू पनि उसकै पूर्वस्मृतिस्वरूप आएका हुनाले यो कथा सीमित दृष्टिविन्दुमा संरचित देखिन्छ ।

#### (ख) कथावस्तु र कथानक ढाँचा

यो कथा लाले नाम गरेको युवकले घायल भएर अस्पतालको शैयामा पल्टेको अवस्थामा पूर्वस्मृतिस्वरूप भनेको पाइन्छ । त्यसैले यहाँ कथावाचक पात्र पनि लाले नै देखिन्छ र उसले आफ्नो जीवनभोगाइसँग सम्बद्ध घटनाप्रसङ्गको उल्लेख गरेको छ । बिरामी शैयाबाट जुलुस निस्केको देखेपछि लालेले त्यही होहल्लाका बीचमा आफ्नो अतीतलाई सम्झन पुगेको छ । गाउँमा बस्दा खकुराल बाजेले पाँच रोपनी जग्गासहित जे-जति खाए पनि त्यसलाई उनले 'चलिआएको चलन'भनेर टोपल्ने गरेपछि लाले कलकत्ता पुगेको पाइन्छ । होटलमा काम गर्न बसेको लालेको सम्पर्क तत्कालीन नेपाली राजनेतासँग हुँदै गएपछि लाले पनि महिनामा साठी रूपैया पाउने गरी राणाविरोधी आन्दोलनमा भर्ती हुनु स्वाभाविक नै देखिन्छ । लालेले खकुराल

बाजेले खोसेको जग्गा पाउन सकिने आशा पनि गरेको हो तर कलकत्तामा रहँदा बस्दा नेताहरूको चाला देखेपछि भने भर परेको थिएन । सम्झौतापश्चात् नेताहरू मन्त्री भए , आसेपासेहरू पी. ए. तथा वडाहाकिम भए । अर्थात् लालेका विचारमा काङ्ग्रेसका नेताले मात्र सत्ताको स्वाद पाए । असन र मखनटोलबाट जुलुस निकाल्ने केटाहरूप्रति लालेलाई दया पनि लागेको छ । परिवर्तनको नाममा काङ्ग्रेसहरूले मात्र राज गर्ने चलन हटाउनु पर्छ भन्ने निश्चयमा लाले पुगेर कथावस्तु टुङ्गिएको छ ।

प्रस्तुत कथाको कथानक ढाँचा परावर्तित क्रममा विन्यस्त रहेको छ । लालेले अस्पतालको शैयामा बस्दा जुलुस निस्केको देख्नुसँगै कथाको आरम्भ भए पनि पुनः लाले आफ्नो अतीततिर विचरण गर्दै जाँदा कथानकको विन्यास परावर्तित ढाँचामा भएको हो । यसरी हेर्दा कथाको आरम्भ नै अन्त्यबाट भएको पाइन्छ ।

### (ग) पात्र वा चरित्रचित्रण

कथा साहित्यमा पात्रविधान एक अपरिहार्य तत्त्व हो भने विषय , भावना वा घटना प्रकाशित गर्ने माध्यम र कथाको सञ्चालक चरित्र हो । कुनै पनि कथामा कथाकारले कथावस्तु सुहाउँदो पात्रको प्रयोग गर्नु आवश्यक हुन्छ । लोहनीका अन्य कथाहरूमा जस्तै **'चलिआएको चलन'**कथामा मानवीय पात्रको प्रयोग भएको पाइन्छ । यस कथामा प्रमुख पात्रका रूपमा लाले रहेको छ । अन्य पात्रहरूमा सुबेदार , खकुराल , आइमाई , ज्यापूहरू , कप्तान , पुलिस , विद्यार्थीहरू , नवयुवकहरू , ज्यापुनी ड्राइवर , विजुली अड्डाका कारीगर , धोवी , कसाङ च्यामे , शेर्पा , डोकेहरूजस्ता पात्रहरू रहेका छन् । लाले यस कथाको दृष्टिकेन्द्री पात्र पनि हो र नायक पनि हो । ऊ गतिशील , क्रान्तिकारी , अनुकूल एवम् निम्नवर्गीय पात्र हो जसमा जीवन भोगाइसम्बन्धी वस्तुगत अनुभवका आधारमा क्रान्तिकारी भविष्यदृष्टिको निर्माणसमेत हुनपुगेको छ । लालेको पूर्वस्मृतिस्वरूप आएका अन्य पात्रहरू कथामा प्रत्यक्ष कार्यव्यापारमा संलग्न नदेखिए पनि लालेको विवरणका आधारमा ती यथास्थितिवादी , अवसरवादी एवम् सुधारवादी पनि देखिन्छन् । खकुराल यथास्थितिवादी शोषक हो भने राजनेताहरू सुधारवादी एवम् अवसरवादी देखिन्छन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

कथामा पात्रले क्रियाकलाप गर्ने घटना , घट्ने स्थान , समय र त्यसले पाठकमा पार्ने मानसिकतालाई परिवेश भनिन्छ । पर्यावरण देशकाल र वातावरण गरेर दुई प्रकारको हुन्छ । कथाकार लोहनीको प्रस्तुत कथा समाजवादी यथार्थवादी वित्तको भएका कारण उनका कथामा लौकिक परिवेश नै सशक्त भएको छ । कथाकार लोहनी आफू जन्मेहुर्केको परिवेशबाट टाढा पुग्न सकेका छैनन् । लौकिक परिवेशमा उनले ग्रामीण र सहरी दुवै परिवेशलाई यस कथामा स्थान दिएका छन् । लाले आफू जन्मेको गाउँको जग्गा खकुराललले खाएपछि रोजीरोटीका लागि कलकत्ताको होटलमा गएर काम गरेको छ । असन र मखनटोलबाट जुलुस निकालेको घटना देखाएर सहरी परिवेशको चित्रण पनि कथाकारले गरेका छन् । परिवेशचित्रणमा भौगोलिक वा लौकिक परिवेशका साथसाथै कालिक परिवेशको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । लोहनीको प्रस्तुत 'चलिआएको चलन'कथामा स्पष्ट समयको किटान भएको पाइन्छ । नेपालमा २००७ सालमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको उदय भएपश्चात् पनि पुरानो सामन्ती पद्धति उस्तै रहेको कालगत परिवेशको चित्रण यस कथामा भएको छ ।

अर्थका अभिधात्मक , अन्योक्तिमूलक र प्रतीकात्मक तह हुन्छन् । लोहनीले पनि अर्थको अभिधात्मक तहलाई आफ्नो कथामा प्रयोग गरेका छन् । यो प्रगतिवादी धाराका यथार्थवादी कथाकारको प्रवृति पनि हो । यस कथामा मुख्य भावलाई बुझ्न पाठकले विभिन्न किसिमका बिम्ब र प्रतीकको सहारा लिनु पर्दैन । किनभने कथा अभिधात्मक अर्थमा सजिलै बुझ्न सकिन्छ । यसमा लक्षणा र व्यञ्जना शक्तिको योजना गरिएको पाइँदैन त्यसकारण अभिधात्मक अर्थसापेक्ष यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

### (ङ) उद्देश्य

प्रस्तुत कथामा राजनीतिक र आर्थिक समस्यालाई मूल विषयवस्तु बनाइएको छ । विषयवस्तुको समग्र पर्यवेक्षणका आधारमा भन्नुपर्दा लोहनीको यो कथाले २००७ सालको राजनीतिक घटनाक्रमको उद्‌बोधनसँगै विशेषतः नेताहरूको अनुत्तरदायी , सुविधाभोगी , एवम् स्वार्थी मनोवृत्तिको चिरफार गर्ने उद्देश्य राखेको बुझिन्छ । वस्तुतः उक्त उद्देश्यसम्म पुग्न सफल रहेको प्रस्तुत कथाले पुरातन चलनचल्तीको अन्त्य र नयाँ चलनचल्तीको आमन्त्रण गर्नुपर्छ भन्ने मान्यताका साथ २००७ सालको राजनीतिक घटनाले पुरानो सामन्ती पद्धतिलाई निमिट्यान्न पार्न नसकेकोले आमूल परिवर्तनतर्फ उन्मुख हुने वैचारिक सन्देश प्रस्तुत गरेको छ । मूलतः २००७ सालका उपलब्धिको आकलनमा कथा केन्द्रित देखिन्छ । गाउँले सामन्त

मात्र होइन सम्झौताद्वारा सत्तामा पुग्ने शासकहरूले समेत सत्तामा बसेर मनोमानी गर्ने र त्यसलाई 'चलिआएको चलन'भन्न सक्नेतर्फ सङ्केत गर्दै त्यस्तो चलन हटाउने तर्फको चासो र अठोट यसमा देखिन्छ । त्यसैले पुरातन मान्यताका विपरीत नवीन मान्यता एवम् अग्रगामी परिवर्तनको दिशातर्फ कथा उन्मुख रहेकाले यस कथामा यिनै उद्देश्यलाई कथाकारले प्रस्तुत गरेका छन् ।

**(च) भाषाशैली**

प्रस्तुत कथाको भाषिक विन्यासमा लचकता , कोमलता र छरितोपन भने देख्न सकिन्न र कहीँकतै वर्णविन्याससम्बन्धी त्रुटि पनि खट्कने गर्छन् । अन्तर्वस्तुप्रधान स्थितिमा रहेको यो कथा उच्चमध्यमस्तरकै देखिन्छ ।

### ४.२.२ 'क्रान्तिकारी महेशको स्मृतिमा' कथाको अध्ययन

**'क्रान्तिकारी महेशको स्मृतिमा'** कथा कथाकार लोहनीको **'कामरेड जाने होइन ?'** ( २००९) कथासङ्ग्रहमा सङ्ग्रहित दोस्रो कथा हो । यो कथा १० पृष्ठको रहेको छ । यस कथामा कथाकारले राणाशासनको अन्त्यका लागि र प्रजातन्त्रको स्थापना गरी सुखी र समुन्नत नेपालको भविष्य निर्माण गर्न गरिएको युद्धको व्यापक चित्रण गरेका छन् ।

**(क) शीर्षकीकरण र दृष्टिविन्दु**

यस कथाको शीर्षकीकरण गर्दा कथाकारले सम्पूर्ण घटनालाई महेशकै सेरोफेरोमा घुमाएर महेशले युद्धका दौरानमा गरेका कार्यका अतिरिक्त विद्यार्थी जीवनका बौद्धिक तार्किक विचारको पक्षलाई कथामा उल्लेख गरेका छन् । यसका अतिरिक्त म पात्रले पनि उसैका सम्पूर्ण योगदानलाई पूर्वस्मृतिकै शैलीमा कथा टुङ्ग्याएकाले प्रस्तुत कथाको शीर्षक 'क्रान्तिकारी, महेशको स्मृतिमा' रहेको छ । यस कथाको शीर्षकीकरणका क्रममा कथाकारले नायककै नामबाट शीर्षक राखेका छन् ।

यस कथामा कथाकार स्वयम् कथाभित्र रहेर महेश र आफ्नो घटनाको पूर्वस्मृति गरेका छन् । यस कारणले यस कथाको दृष्टिविन्दु प्रथमपुरुष रहेको छ । कथाकारले महेशको सम्पूर्ण चरित्रका बारेमा वर्णन गर्दै महेशकै मृत्यु भएपछि कथाको घटनाक्रम पनि समाप्त गरेकाले यो कथा म पात्रको मात्र कथा नभएर महेशको पनि कथा भएकाले यसको दृष्टिविन्दु प्रथमपुरुष केन्द्रीय नभएर परिधीय रहेको छ ।

## (ख) कथावस्तु र कथानक ढाँचा

यस कथामा नायक महेश क्रान्तिकारी युवक हो । म पात्र (रमेश) र महेशले राणाशासनका अन्त्यका लागि प्रत्यक्षरूपमा युद्धमा भाग लिन्छन् । युद्धका क्रममा महेशको अन्त्य हुन्छ । म पात्रले यिनै घटनाको प्रत्यक्षरूपमा अवलोकन गर्ने अवसर प्राप्त गर्छ । म पात्रले संस्मरणात्मक शैलीमा कथावस्तु अगाडि बढाएको छ । युद्धका क्रममा मुटु कपाउने जाडो भएको , हिलैहिलोले भरिएको ट्रेन्चमा बस्न परेको , गोलीको आवजले निस्तब्धतालाई भङ्ग गरेको , विद्रोहीका पक्षबाट मेसिनगनले आगो वर्षाएको विद्रोहीका पक्षमा प्रशस्त पल्टन भएको र आफ्नातर्फ साह्रै कम लडाकु रहेको परवानीपुरको घटनाको चित्रण गरिएको छ ।

युद्धका क्रममा महेशको तिघ्रामा गोली लागेको तर म पात्रलाई केही नभएको कुरा कथामा उल्लेख छ । कथाकारले महेशको बाल्यकाल र उसका मार्क्सवादी विचारलाई कथामा समावेश गराएका छन् । बाल्यकालको स्मरण गर्ने क्रममा महेश र रमेशसँगै विद्यालय र कलेजमा पढेका , महेशको सानै उमेरदेखि नै क्रान्तिकारी विचार भएको , समाजवादका बारेमा महेशका बौद्धिक भाषणले महेशमा रहेको गहिरो प्रतिभाको परिचय दिएको कुरा कथामा उल्लेख छ । अन्त्यमा नवविवाहिता पत्नी उर्मिलालाई छाडेर महेश युद्धमा होमिई लडाईकै मैदानमा राणा पल्टनको अर्थात् राज्यको गोलीबाट महेशको अन्त्य हुन्छ । महेशले आफ्नो मृत्यु हुनुभन्दा अगाडि आफ्नी श्रीमती उर्मिलालाई र रमेशलाई क्रान्तिकारी विचारधारा फैलाएर देशमुक्ति गराउन आग्रह पनि गर्छ र कथाको पनि अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक ढाँचा रैखिक नरहेर वृत्ताकारीय ढाँचामा रहेको छ । म पात्र ( रमेश) ले परवानीपुरको घटनालाई आफ्नो घरको कोठामा बसेर अतीततिर विचरण गरेको पाइन्छ । विचरण गर्ने क्रममा महेशको बाल्यकाललगायत लामो भाषणको उल्लेख कथामा भएकाले कथावस्तुलाई एकातिर पन्छाएर भाषणको चर्चा गर्नु यस कथाको ठूलो कमजोरी हो । यसरी हेर्दा यस कथाको कथानक ढाँचा आदि , मध्य र अन्त्यको शृङ्खलामा नरहेर परावर्तित ढाँचामा रहेको छ ।

### (ग) पात्र वा चरित्रचित्रण

**'क्रान्तिकारी महेशको स्मृतिमा'** कथामा म (रमेश) महेश , उर्मिला , क्रान्तिकारी पल्टनका सिपाही र राणा पल्टनका सिपाहीहरूजस्ता अनेक पात्रहरू रहेका छन् । यसमा महेश केन्द्रीय चरित्र हो भने म पात्र सहायक पात्र हो । महेश यस कथाको नायक हो । उर्मिला र क्रान्तिकारी पल्टनहरू अनुकूल पात्रहरू हुन् भने राणा पल्टनका सिपाहीहरू प्रतिकूल पात्र हुन् । 'म' पात्र र महेश मध्यमवर्गीय परिवारका पात्र हुन् । महेशको पूर्वस्मृतिस्वरूप आएका अन्य पात्रहरू कथामा प्रत्यक्ष कार्यव्यापारमा संलग्न नदेखिए पनि म पात्रका विचरणको आधारमा ती यथास्थितिवादी, सुधारवादी पनि देखिन्छन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

प्रस्तुत कथामा पनि अन्य कथामा जस्तै ग्रामीण र सहरी दुवै भौगोलिक परिवेश आएको छ । यस कथामा परवानीपुरको मोर्चाबाट कथावस्तु सुरु भएको छ । अन्य भौगोलिक परिवेशका रूपमा नदीपारि , वीरगञ्जको हेडक्वाटर परिपट्टिको माडी जस्ता परिवेश आएका छन् । यस कथाको कालिक परिवेशलाई हेर्दा देशमुक्तिका लागि राणाविरोधी आन्दोलन मात्र नगराएर युद्धसमेत गराएकोले यो कथाको कालिक परिवेश २००७ सालको आसपास नै हो । अन्य कथामा जस्तै लोहनीको यो कथामा पनि अर्थसापेक्ष लक्षणा र व्यञ्जनाका तहमा नरहेर अभिधा नै रहेको छ । यो कथा पाठकले पढ्दै जाँदा शब्दका स्तरमा र अर्थका स्तरमा कुनै कठिनाई देखा पर्दैन । लोहनी यथार्थवादी कथाकार भएकाले बिम्ब र प्रतीकको प्रयोग नगरेर यस कथालाई अभिधात्मक बनाएका छन् ।

### (ङ) उद्देश्य

बिनाउद्देश्य कुनै पनि कथाकारले कथाको रचना गरेको हुँदैन । एउटा नयाँ प्रजातन्त्रीय नेपालको तस्वीर र सुखी सम्पन्न नेपालको चित्र कोर्नु नै यस कथाको उद्देश्य हो । राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्न महेश पात्रलाई खडा गरेर क्रान्तिमा जनतालाई लाग्न प्रेरणा दिनु कथाकारको नवीन विचार हो । सिद्धान्तहीन निराशावादी तथा भाडाका टट्टु फौजले कहिले पनि एउटा सिद्धान्तको निम्ति लड्ने फौजलाई जित्न सक्दैन । सिद्धान्त मात्र हेरेर लक्ष्य पूरा नहुने भएकाले हिंसाद्वारा आफूले सोचेको लक्ष्य पूरा गर्न सकिन्छ । तानाशाहीलाई हिंसाद्वारा ढलाउनु पर्ने र समाजवाद स्थापित भएपछि वर्गविहीन समाज कायम भई सच्चा जनतन्त्र कायम हुन्छ । साथै मूल्यव्यवस्था पनि कायम हुन्छ । राजनैतिक र आर्थिक दुवै क्रान्ति गरिरहनुपर्छ । सामन्तवादको अन्त्य गरेर देशमा रेलमार्ग विस्तार गर्नुपर्छ ।

देशका नदीहरूबाट बिजुली , नहरको निर्माण गर्ने , कलकारखाना , शिक्षा , अस्पताल , भूमिसुधारको व्यवस्था गर्ने उद्देश्य यस कथाको रहेको छ ।

### (च) भाषाशैली

यस कथाको भाषा स्थान , परिवेश र पात्र अनुकूलको हुँदा सरल र सहज नै छ । स्थानीय परिवेशअनुरूपका पदपदावलीहरूले कथा रोचक बनेको छ । कथामा झपक्क झपक्क, डुब्दाडुब्दाजस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ र यस्तै कलेज र फस्ट इयर जस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको छ । भाषामा अशुद्धताको रूप पनि भेटाउन सकिन्छ । भाषिक विन्यासमा वर्णविन्यासगत त्रुटि पनि देखिन्छ । छोटाछोटा अनुच्छेद योजना , उद्देश्यमूलक प्रस्तुतिका साथै क्रान्तिकारी घटनालाई 'म' पात्रका माध्यमबाट वर्णनात्मक शैलीमा व्यक्त गरिएको छ ।

## ४.२.३ 'यो पनि जीवन हो' कथाको अध्ययन

कथाकार गोविन्दप्रसाद लोहनीको **'कामरेड जाने होइन?'** (२००९) कथासङ्ग्रहमा सङ्कलित यो तेस्रो तथा अन्तिम कथा हो । यस कथामा राजनैतिक विषयवस्तुलाई लिएर कम्युनिस्टमा रहेको प्रगतिवादी विचारधाराका साथै ती विचारका व्यक्तिलाई राज्यपक्षले जेलमा लगेर दिने कठोर यातनाको चित्रण गरिएको छ ।

### (क) शीर्षकीकरण र दृष्टिविन्दु

प्रस्तुत 'यो पनि जीवन हो' कथाको शीर्षकीकरण कथाकारले समग्र विषयवस्तुलाई समेट्ने गरी विषयका आधारमा राखेका छन् । कुनै पनि कथाकारले शीर्षकविधान गर्दा नामका आधारमा , पात्रका आधारमा विषयवस्तुका आधारमा चयन गर्न सक्छ । यस कथामा प्रजातन्त्रप्राप्तिपश्चात् नेताहरूले गरेको भ्रष्ट नीति कम्युनिस्ट विचारका व्यक्तिमा रहेको मार्क्सवादी विचार , पार्टीप्रतिको इमानदारिता र सी.आई. डी. लगाएर देशभक्त व्यक्तिलाई थुन्ने र राज्य प्रशासन प्रतिको निकृष्ट व्यवहारलाई कथाको विषयवस्तु बनाइएको छ । गौरीले आफ्नो जीवनभर प्रगतिवादी विचार बोकेर हिड्दा पुलिस प्रशासनले थुन्ने गरेको र उसले आफ्नो परिवारसँग बस्न नपाएको घटनाका आधारमा यस कथाको शीर्षक 'यो पनि जीवन हो' राख्नु सान्दर्भिक ठहर्दछ ।

कथालाई प्रभावकारी बनाउने सन्दर्भमा दृष्टिविन्दुको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । कथावाचकलाई ठीकसित ठम्याएर कथा पढने पाठकले नै कथाको कलात्मक सौन्दर्यलाई पकन

सक्ने हुनाले पनि कथामा दृष्टिविन्दुको व्यवस्थित विन्यासलाई उपेक्षा गर्न सकिन्न । दृष्टिविन्दुलाई व्याकरणिक कोटिका आधारमा मात्र व्याख्या वर्गीकरण नगरेर आख्यानको सम्पूर्ण पद्धति र संरचनात्मक स्वरूपका सन्दर्भमा हेर्नुपर्ने हुन्छ । यसै आधारमा यस कथाको दृष्टिविन्दु पहिल्याउँदा सम्पूर्ण पात्रहरू गौरीका वरिपरि घुमेर उसैको जीवनका घटना वर्णन गर्न आएकाले यहाँ बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

## (ख) कथावस्तु र कथानक ढाँचा

यस कथाको पात्र गोविन्दले टोक्सरायको कथासङ्ग्रह हेर्दै गर्दा उसकी श्रीमती इन्दिरा करुवामा पानी लिएर कोठाभित्र प्रवेश गर्छिन् । जाडोको समय भएकाले गोविन्द र इन्दिरा दुवै बिछौनामा पल्टिएको अवस्थामा गौरी आइपुग्छन् । गौरी राजनीतिमा सक्रिय मार्क्सवादी विचारको प्रमुख पत्र हो । कोठामा गौरी र गोविन्दको लामो कुराकानी हुन्छ । त्यसै क्रममा गौरीले धेरै हण्डर खाएको यस. के.ले दाङ तीन महिना काममा पठाइदिएको , एल. आर.सँग उत्तरगण्डकतिर सरुवा गरी दुई महिना किसिन सँघ मा काम गरेको, एन.एलसँग बिराटनगर गएर एक महिना बस्न परेको, कोशी प्रान्तका धेरै कामरेडहरूसँग चिनजान भएको , झापाका मजदुरहरूो जीवनसँग परिचय भएको , गोर्खामा जनसम्पर्कको क्लास लिनजान परेको , भेटका क्रममा कामरेड देवकोटा गजवको मानिस रहेको, पहाडमा अखवार र सिनेमा अमोद प्रमोद केही नभएको कुरा गौरीले प्रस्तुत गर्छ । गौरी कम्युनिस्ट पार्टीको कामले पहाडमा जाँदा खुट्टामा सर्पले टोक्दा पहाडका मान्छेले प्राथमिक उपचार गरेको कुरा उल्लेख गर्छ । यी विभिन्न घटना गौरीले सुनाउँदै जाँदा ऊ गोविन्दको मनमा गौरीप्रतिको इमान्दारीका साथै उसको जीवनको विश्लेषण पनि गर्छ । गौरीले समाजमा शोषणविहीन समाज व्यवस्था स्थापना गर्न र नेपाल भौतिक र सांस्कृतिक उत्थान गर्ने दृढ संकल्प लिएको हुन्छ । समाजवादका निम्ति उसले लक्ष्मीजङ्ग र पुष्पा डिल्लीबजारको कोठामा गफ गरिरहेको बेलामा गौरीलाई ४-५ जना पुलिसले छोपेर जेलमा लैजान्छन् । उसलाई जेलमा जाँदा कुनै चिन्ता छैन केवल आरामको लागि जान पाएको महशुस गर्छ । लक्ष्मीजङ्ग र गोविन्दको लामो प्रगतिवादी विचारसँगै कथाको पनि अन्त्य भएको छ ।

यस कथाको कथानक ढाँचालाई हेर्दा आदि , मध्य र अन्त्यको श्रृङ्खलामा नरहेर वृत्ताकारीय रहन गएको छ । कथा संवादात्मक तरिकाले अगाडि बढ्दै गए तापनि गौरीले आफ्नो अतीतमा पुनः विचरण गरेको साथै विभिन्न पात्रका भाषणले गर्दा कथानक ढाँचा परावर्तित रहेको छ ।

## (ग) पात्र वा चरित्रचित्रण

प्रगतिवादी कथाका पात्रहरू यथार्थ जीवनबाट समाजमा विद्यमान वर्गीय द्वन्द्वबाट र वर्गीय सङ्घर्षको आरोह-अवरोहबाट टिपिएको खण्डमा ती बढी विश्वसनीय र सजीव हुने गदर्छन् । यस कथामा गोविन्द , गौरी , लक्ष्मीजङ्ग , इन्दिरा , पुष्पालगायत अन्य पात्रहरू गौरीका जीवनका घटना वर्णन गर्ने क्रममा आएका छन् । ती पात्रहरू रामेकी आमा एस. के. , एन. एल , सी.एल. रमेश , पहाडका किसानहरू, कामरेड देवकोटा , कामरेड यस.बी. भण्डारी , पुलिस , शकुन्तला रामलालजस्ता पात्रहरू गौरीको वर्णनस्वरूप आएका हुन् । यस कथाको नायक गौरी हो भने गोविन्द , इन्दिरा , लक्ष्मीजङ्ग र पुष्पा सहायक पात्र हुन् । यी पात्रहरू नैतिकताका आधारमा सत् पात्र हुन् । गौरी , गोविन्द , लक्ष्मीजङ्ग मध्यमवर्गीय पात्र हुन् । प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् भने स्वभाव आधारमा गतिशील पात्र देखिन्छन् । प्रगतिवादी यस कथाका पात्र नेपाली सामाजबाटै टिपिएका हुनाले ती बढी विश्वसनीय देखिनुका साथै वर्ग , पेसा , जात , स्थान आदिका आधारमा पनि तिनमा विविधता पाइन्छ यो यस कथाको सकरात्मक र सवल पक्ष हो ।

## (घ) परिवेश र अर्थसापेक्ष

परिवेश कथाको अनिवार्य तत्त्व नभए पनि कुनै न कुनै रूपमा त्यसको उपस्थिति कथामा हुने गर्दछ । कथामा आत्मगतभन्दा पनि बाह्य वस्तुगत, स्थानगत तथा कालगत परिवेशको अङ्कन भएको पाइन्छ , जसले कथाको समग्र संरचनालाई उजिल्याउने काम गरेको छ । घटनाको पूर्वसूचना तथा कार्यव्यापारको उत्प्रेरणाका लागि परिवेशको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । यस कथामा स्थानगत परिवेशलाई हेर्दा व्यापक परिवेश लिएको देखिन्छ । ग्रामीण र सहरी दुवै परिवेशले यो कथा अगाडि बढेको छ । स्थानगत परिवेशका रूपमा दाङ , झापा , गोरखा , डिल्लीबजार , पहाडको ठाउँ , बनारस , सहरको गल्ली आदि आएका छन् भने कालिक परिवेशका रूपमा २००७ सालको प्रजातन्त्रपश्चात् सम्झौता तथा वितण्डा राजनीतिको विरोध र आमूल परिवर्तनसम्बन्धी विचारको सम्प्रेषण गरिएको छ ।

प्रस्तुत कथा अर्थसापेक्षताका दृष्टिले अभिधात्मक रहेको छ । कथाको वाचन गर्दै जाँदा यहाँ कुनै प्रतीक र बिम्बको प्रयोग भएको पाइँदैन । कथा सरल छ । यसैले यस कथाको अर्थसापेक्ष अभिधा किसिमको छ ।

## (ङ) उद्देश्य

यस कथाको उद्देश्यलाई हेर्दा २००७ सालपछि सत्तासीन वर्ग र व्यक्तिहरूको स्वार्थी मनोवृत्तिका कारण २००७ सालको उपलब्धिको मर्म र भावनाको अनुसरण हुन नसकेकै देखिन्छ । मुलुकको सङ्क्रमणकालीन परिवेशमा यावत् घटना सन्दर्भलाई नजिकैबाट अनुभूति गरेका कथाकारले यही घटना परिवेशलाई कथा रचनाको सामग्री बनाउनु स्वाभाविकै थियो । तत्कालीन यथार्थकै अन्तर्गर्भभित्र पसेर यथास्थिति र वितण्डा शैलीको आलोचना तथा आमूल परिवर्तनसम्बन्धी अवधारणाको सम्प्रेषण कथाकारले गरेका छन् । कथाकारले नेता तथा कार्यकर्ताहरूमा देखिने राजनीतिक अवसरवादको विरोध र निष्ठा एवम् त्यागको प्रशंसा गरेको पाइन्छ । यस प्रवृत्तिलाई प्रतिबिम्बित गर्ने कथाकारले २००७ सालको सम्झौता तथा वितण्डा राजनीतिक शैलीको भण्डाफोर र विरोध मात्र गरेका छैनन् अपितु आमूल परिवर्तनसम्बन्धी उन्नत विचारको सम्प्रेषण पनि गरेका छन् । एकातिर घरेलु सामन्तहरूसमेत सत्तामा रहनु तथा सामन्ती संरचना नभत्किनु र अर्कोतिर विदेशीहरूले पर्याप्त चलखेल गर्ने अवसर पाउनुले मुलुक र मुलुकवासी जनता पूर्ण रूपमा स्वतन्त्र नभएको परिप्रेक्ष्यमा पूर्णरूपमा उन्मुक्ति पाउनका लागि आन्दोलनलाई थप गति एवम् निरन्तरता कम्युनिस्ट विचारधारामार्फत दिनुपर्छ भन्ने राष्ट्रियता र पूर्ण प्रजातन्त्रका पक्षधर शक्तिको मानसिकतालाई पनि कथामा प्रस्तुत गरिएको छ । कथाकारले ग्रामीण परिवेशमा बसोबास गर्ने मानिसमा रहेको सहयोगी भावना र सहरी परिवेशमा बसोबास गर्ने मानिसका निकृष्ट भावनाको तुलना गरेर ग्रामीण मानिसका भावनाको कदर गरेका छन् ।

## (च) **भाषाशैली**

भाषाशैलीका दृष्टिले प्रस्तुत कथाको भाषा स्तरीय , शिष्ट , उच्च कलात्मक एवम् शुद्ध शालीन भने देखिन्न । वर्णनको अधिक्यले गर्दा भाषिक संरचनामा कसिलोपना देखिन्न । छोटा छोटा परिच्छेदमा विभक्त कथामा इन्तजाम , अरेयारजस्ता हिन्दी शब्द र ट्रान्सफर मास कन्ट्याक्टजस्ता अङ्ग्रेजी शब्दको प्रयोगले भाषालाई स्तरीय बनाउन सकेको देखिँदैन । व्याकरणिक दृष्टिले पनि प्रशस्त कमजोरी देखा परेको छ ।

## ४.२.४ 'कामरेड जाने होइन ?' कथासङ्ग्रहको निष्कर्ष

गोविन्दप्रसाद लोहनीले नेपाली साहित्यमा वि.सं २००७ सालदेखि औपचारिक रूपमा पदार्पण गरेका हुन् । उनको पहिलो प्रकाशित साहित्यिक रचना कथा नै हो । वि.सं. २००७ सालमा बनारसबाट निष्कने युगवाणी पत्रिकाको **सपना** कथा उनको सर्वप्रथम प्रकाशित रचना हो ।

**'कामरेड जाने होइन ?'** (२००९) कथासङ्ग्रह प्रगतिशील प्रकाशन मण्डल काशीबाट प्रकाशित भएको हो । यसमा गोविन्दप्रसाद लोहनी , भवानीप्रसाद शर्मा , जगत्मोहन अधिकारी , नारायणचन्द्र गौतम र कुमारी कान्तिदेवीका कथा सङ्कलित छन् । यसमा लोहनीका तीनवटा कथा मात्र रहेका छन् । यस सङ्ग्रहमा रहेका कथाहरूको विषयवस्तु उनले देखेभोगेको सामाजिक , राजनैतिक , आर्थिक वस्तुस्थिति र तात्कालीन समयमा देखिएका विविधता नै मुख्य स्रोतका रूपमा रहेका छन् । यी यथार्थमा आधारित पनि छन् । नेपालको राजनैतिक इतिहासमा महत्त्वपूर्ण मानिने २००७ सालको घटनाप्रसङ्गलाई पनि कथाकारले कथालेखनको विषयवस्तु बनाएका छन् । कथाकारले २००७ सालका उपलब्धिको समर्थन , दिल्ली सम्झौताको भण्डाफोर, विदेशी अतिक्रमणको विरोध तथा आमूल परिवर्तनका खातिर सम्झौताहीन सङ्घर्षको आवश्यकतामाथि प्रकाश पारेका छन् । लोहनीका कथामा राष्ट्रिय भावनाको उद्बोधन मार्मिक रूपमा भएको छ । प्रगतिवादी कथाकार भएकाले समाजको वर्गीय संरचनाअनुसार विषयवस्तु , पात्र , परिवेश तथा घटनाको चयन वर्गीय चिन्तनअनुरूप गरेका छन् । यी कथामा वैचारिक आग्रह बढी र कलाचेतना न्यून देखिन्छ । तापनि मार्क्सवादी दर्शन र विचारको प्रतिपादन यसमा स्पष्ट रूपमा भएको छ । त्यसो त कलामूल्यको समुचित निर्वाह भएको 'चलिआएको चलन'जस्तो स्तरीय कथा पनि यहाँ छ । वस्तुतः अत्यधिक राजनीतिक आग्रहलाई थेग्न सक्ने कलात्मक सीपको अभाव हुनु लोहनीका कथाको ऋणात्मक पक्ष हो ।

अब यहाँ गोविन्दप्रसाद लोहनीका " नेतृत्वको भोक" कथासङ्ग्रहअन्तर्गतका कथाहरूको विवेचना गरिन्छ-

## ४.३ 'नेतृत्वको भोक' कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन

प्रगतिवादी कथाको सङ्गालोका रूपमा प्रकाशित **' नेतृत्वको भोक'** (२०१०) गोविन्दप्रसाद लोहनीको प्रकाशित पुस्तकाकार दोस्रो कृति हो । जसमा लोहनीका आठवटा विभिन्न कथा छन् । भूमिकामा लेखकले आफ्नो मतवाद र दृष्टिकोणको स्पष्टीकरण दिएका छन् । यसमा उनले प्रगतिशील साहित्यको निर्माण मार्क्सवादी अध्ययन र दृष्टिकोण नभई हुनै सक्दैन भन्ने कुरामा जोड दिएका छन् । लोहनीलाई कथाकारका रूपमा चिनाउन सफल भएको पहिलो प्रकाशित **सपना** कथा पनि यसमा सङ्कलित छ । उनका कथाहरूमा निम्नमध्यमवर्गीय दृष्टिकोण पर्न गएको छ । यसमा किसान र मजदुर तथा बडाबडा राजमहाराजा र पूँजीपतिको समाजलाई कथाकारले टाढाबाट मात्र देखेका छन् । उनले निराशा र अन्धकारको जीवनमा आत्महत्या र आत्महीनताको वातावारणमा एउटा प्रकाश देखे जुन मार्क्सवाद नै हो । उनका कथामा संक्षिप्त आयाम र संरचनागत शिथिलता रहे पनि समाजको गरिबीको चित्रण र अन्याय अत्याचारको पर्दाफास गर्दै निम्नवर्गीय पारिवारिक वृत्तभित्रका सामाजिक विसङ्गतिको मार्क्सवादी विचारका माध्यमबाट प्रस्तुत गरेका छन् । कथाकारले २००७ सालपछिको नेपालको विषम तथा विसङ्गत अवस्थाको सामाजिक संरचना र जीवनशैलीलाई आफ्ना कथामा विषयवस्तु बनाएका छन् । एकातिर वितण्डा जीवनशैली र अर्कोतर्फ अभावग्रस्त विपन्न जीवनभोगाइको चित्रण गर्ने उद्देश्य कथाकारको देखिन्छ । यस कथासङ्ग्रहमा रहेका कथाहरूलाई विधातत्त्वका आधारमा छुट्टाछुट्टै रूपमा अध्ययन गर्न सकिन्छ ।

### ४.३.१ 'नुनको सोभ्रो' कथाको अध्ययन

**'नुनको सोभ्रो'** कथा कथाकार लोहनीको **'नेतृत्वको भोक'** (२०१०) कथासङ्ग्रहमा सङ्कलित पहिलो कथा हो यस कथामा कथाकारले आर्थिक अवस्थाले निरीह मानिसको पीडा र तत्कालीन नेपाली समाजमा विद्यमान मानवीय करुणा एवम् संवेदनाको शून्य स्थितिप्रति व्यङ्ग्य गरी आवश्यक सुधारको सङ्केत गरेका छन् । सामाजिक असमानता , थिचोमिचो , अन्याय, अत्याचार, दुराचार एवम् पापाचारप्रति कथाकारले जोडदार रूपमा औँला ठड्याएका छन् ।

## (क) शीर्षकीकरण र दृष्टिविन्दु

प्रस्तुत कथाको शीर्षकविधान गर्दा यसलाई कथाकारले **'नुनको सोझो'** राखेका छन् । कालीबहादुरको जीवनको घटनालाई लिएर उसले ढोकेको जागिर गर्दा आफ्नो शारीरिक अवस्थाले समेत साथ नदिएको अवस्थामा करसाहवेका घरमा एकरात चोर पस्दा ऊ आफ्नो कतर्व्यलाई बिर्सदैन । अचानक उसका खुट्टामा चोरबाट खुकुरी प्रहार भएपछि अस्पतालमा गएर खुट्टा नै काट्नु पर्ने अवस्था सिर्जना हुन्छ । अस्पतालबाट करसाहेबको घरमा फर्कदा उसको जागिरसमेत नभएकोले ऊ जागिरबाट निस्कन बाध्य हुन्छ । अन्यत्र गएर काम गर्नका लागि उसमा न उमेर हुन्छ न शारीरिक रूपमा नै स्वस्थ्य रहन्छ । अन्तमा करसाहेबको घरको सेवा गर्दा कालीबहादुरको आर्थिक समस्या जस्ताको तस्तै रहन पुग्छ । कालीबहादुरको समग्र जीवनको घटनाका आधारमा यो शीर्षक सार्थक पनि देखिन्छ ।

यस कथामा दृष्टिविन्दुको प्रयोग गर्दा कथाकार कालीबहादुरका जीवनका घटनालाई वर्णन गर्दै सोही पात्रका पछि लागेकाले र अन्य पात्रहरूको पनि संवाद भएकाले बाह्य सीमित दृष्टिविन्दुमा कथाको रचना भएको छ । यस कथा कालीबहादुरको मानसिक संवेदना र पीडाबाट सुरु भई उसकै जीवनको हृदयविदारक अवस्थामा पुगेर टुङ्गिएकाले यसमा तृतीयपुरुष दृष्टिविन्दु हुँदाहुँदै पनि यो बाह्य दृष्टिविन्दुमा सीमित हुनपुगेको छ ।

## (ख) कथावस्तु र कथानक ढाँचा

कालीबहादुरलाई सबैले काले भने पनि ऊ कालीबहादुर हो । कालीबहादुर सानैदेखि कान्छाबाबुको घरमा बस्दै आएको हुन्छ । ऊ ठूलो हुँदै गएपछि कान्छाबाबु र कान्छी आमाले गाली गर्न थाल्छन् । एकदिन कालीबहादुर पल्टनमा भर्ती हुनको लागि गाउँबाट सहर पस्छ तर उसले पल्टनको सट्टा लक्ष्मीविक्रमकहाँ ढोकेको जागिर पाउँछ । दुई वर्षपछि दश दिनको विदामा घर फर्कदा छोराको हैजाले मृत्यु हुन्छ । उसका तीनवटी छोरीहरू र श्रीमती वाँकी रहन्छन् । महिनाको वीस रूपैयाले आफ्नो र घरको खर्च चलाउन उसलाई साह्रै गाह्रो पर्छ । करसाहेबका परिवारमा कर्नेलनी लगायत चारवटा छोरा र तीनवटी छोरीहरू पनि रहेका हुन्छन् । करसाहेबको एउटा छोरा र कान्छी छोरी काङ्ग्रेसमा लागेर प्रशस्त अवसर लुटिरहेका हुन्छन् । कान्छी छोरीले अन्यत्र रात बिताएको मन नपराउने लक्ष्मीविक्रम र कर्नेल्नी काङ्ग्रेस पार्टीमा रहँदा खुसी हुन्छन् । लक्ष्मीविक्रमले प्रशस्त सम्पत्ति कमाउँछ । उसले बुटवलमा कैयौं जग्गा जोड्छ भने पहाडमा प्रशस्त पैसा लगानी गर्छ । उसलाई कम्युनिस्ट पार्टी र भूमिसुधारका बारेमा अरूले कुरा गरेको सुन्दा डरले उसको मुटु काप्छ । कम्युनिस्ट पार्टीमा

लागेका मान्छेका घरमा गएर काङ्ग्रेसका कार्यकर्ताले लुटपाट गर्नेगर्छन् । जुद्धशम्शेर महाराजालाई रिझाएकाले करसाहेबको सम्पत्ति दिनदिनै बढदै गएको हुन्छ । । करसाहेबले जति सम्पत्ति कमाए पनि विचरा कालीबहादुरको मासिक तलव बीस रूपैया मात्रै रहन्छ । एक दिन कालीबहादुर रोगले ग्रस्त भएको अवस्थामा करसाहेबको घरमा चोर पस्छन् । कालीबहादुरले 'नुनको सोझो' गर्दा एक्कासी उसको खुट्टामा खुकुरीले लाग्छ । करिब पाँच महिना अस्पतालमा बिताएर पुनः करसाहबको ढोकामा कालीबहादुर फर्कंदा एउटा गुरुङले उसको नोकरी खाइदिएको हुन्छ । कालीबहादुर ४६ वर्ष जागिर गरेर बस्दासम्म सुविधा त के उल्टै नोकरीबाट हट्नुपर्ने हुन्छ र पाँच महिनाको तलवसमेत कटाएर कालीबहादुरलाई करसाहेबले धपाउँछ । यसरी कारुणिक अवस्थामा पुगेर कथाको अन्त्य भएको छ ।

लोहनीले यस कथासङ्ग्रहमा आदि , मध्य र अन्त्यको शृङ्खलामा कथानक ढाँचा अगाडि बढाएका छन् । कथाकारले अघिल्लो सङ्ग्रहका तुलनामा यस सङ्ग्रहमा कथालाई वृत्ताकारीय नगराएर रैखिक बनाएका छन् । यसै कथाको आधारमा यसको कथानक ढाँचा पनि रैखिक रहेको छ ।

### (ग) पात्र वा चरित्रचित्रण

'नुनको सोझो' कथामा कालीबहादुर (काले) , कान्छाबाबु , कान्छीआमा , बुढीमाऊहरू , कर्नेल लक्ष्मीविक्रम , कर्नेल्नी , कालेकी श्रीमती कान्छी र छोराछोरीहरू, करसाहेबका छोराछोरीहरू , जाउलाखेलका राणाजी , गुरुङ आदि पात्रका रूपमा प्रस्तुत गरिएका छन् । कालीबहादुर यस कथाको केन्द्रीय चरित्र हो । ऊ निम्नमध्यमवर्गीय पुरुष पात्र पनि हो । गाउँबाट काठमाडौंको सहरी परिवेशमा कामको सिलसिलामा पसेको कालेमा आर्थिक समस्या जस्ताको तस्तै रहन्छ । खुट्टै काट्न परेको र बूढो भएर काम गर्न नसक्ने आवस्थामा काम गर्ने घरका मालिकबाट निकालिएको पात्र हो । करसाहेब र कर्नेल्नी मानवीय संवेदना र करुणा नभएका अमानवीय चरित्र हुन् । उनीहरूका छोराछोरी पनि त्यस परिवारको सदस्य भएकाले यस्तै चरित्र हुन् । यसबाहेक अन्यपात्रहरू कथामा सामान्य रूपमा चर्चामा मात्र आएका पात्र हुन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

'नुनको सोझो' कथामा सूक्ष्मरूपमा कालीबहादुरको मानसिक अवस्थाको साथै शारीरिक अवस्थाको अध्ययन र विश्लेषण गर्ने क्रममा एउटा परिवारको आर्थिक पक्षको यथार्थ चित्रण गरी कथाकारले परिवेशको निर्माण गरेका छन् । सुरुमा कालेको ग्रामीण परिवेश र पछि

काम खोज्न हिडेको काठमाडौं सहरको भौगोलिक परिवेशको चित्रण छ । यस्तै कलकत्ता , जाउलाखेल , बुटवल , अस्पतालजस्ता भौगोलिक परिवेश पात्रहरूको वर्णनका प्रसङ्ग आएका हुन् । कालिक परिवेशलाई हेर्दा राणाको शासन अवधि बनाएको यसको कालिक परिवेश रहेको पाइन्छ । खास गरी जुद्ध शमशेरको समयलाई कथाकारले यस कथाको परिवेश बनाएका छन् ।

कालिबहादुरको जीवनको घटना र भ्रष्टचारी करसाहेबको चरित्र केलाउँदा कथाकारले कुनै प्रकारको लक्षणा र व्यञ्जनागत आधारमा कथाको निर्माण गरेका छैनन् । यो कथा सरल सहज भाषाशैलीमा लेखिएको छ र यसमा कथाकारले बिम्ब र प्रतीकको प्रयोग गरेका छैनन् । पढ्दै जाँदा पाठकले एकपछि अर्को घटना लगत्तै थाहा पाउन सक्ने भएकाले यो कथाको अर्थसापेक्ष अभिधा नै छ ।

### (ङ) उद्देश्य

आर्थिक अवस्थाले निरीह मानिसको पीडा र तत्कालीन नेपाली समाजमा विद्यमान मानवीय करुणा एवम् संवेदनाको शून्य स्थितिप्रति व्यङ्ग्य गरी आवश्यक सुधारको सङ्केत गर्नु प्रस्तुत कथाको उद्देश्य हो । जातीयताका आधारमा मानवले मानवमाथि गर्ने आर्थिक, सामाजिक शोषण र उत्पीडनलाई कथाकारले यस कथाको विषयवस्तु बनाएका छन् । यस कथामा कथाकारले नोकरचाकर , मगन्ते , भरिया जस्ता श्रमजीवी जनसमुदायप्रति गरिने सामाजिक तथा आर्थिक उत्पीडनलाई कथारचनाको विषयवस्तु बनाएका छन् । दलित, उत्पीडित तथा अन्य श्रमजीवी जनसमुदायका सम्पूर्ण समस्यालाई वर्गीय समस्यासँग जोड्दै वर्गसङ्घर्षका माध्यमबाट मात्र सबै प्रकारका समस्याको समाधान तथा उत्पीडनबाट उन्मुक्ति प्राप्त हुन सक्ने सन्देश दिनुका साथै कथाकारले यस्तो उद्देश्य पनि कथामा छोडेका छन् । यस कथामा अवसरवादी चरित्र भएका भ्रष्ट व्यक्तिहरूप्रति चोटिलो व्यङ्ग्यसमेत गरिएको छ । समाजमा विद्यमान त्यस्तो अवसरवादी प्रवृतिप्रति कथाकार अत्यन्तै कठोर देखिएका छन् । मानवीय धरातललाई माथि उचाल्नु यस कथाको मुख्य उद्देश्य हो ।

### (च) भाषाशैली

यस कथाको भाषा सरल , सहज एवम् वर्णनात्मक शैलीमा प्रस्तुत छ । कथाकारले पात्रअनुकूल भाषाको प्रयोग गरेका छन् । ठाउँठाउँमा अङ्ग्रेजी , हिन्दी शब्दको पनि प्रयोग पाइन्छ । घतलाग्दो र संवेदनशील अभिव्यक्तिद्वारा मार्मिकताको प्रस्तुति भएको छ । यस कथामा कथा अगाडि बढ्दै जाँदा मार्क्सवादी चिन्तनलाई कथाकारले वर्णनात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

### ४.३.२ 'अन्तरद्वन्द्व' कथाको अध्ययन

**'नेतृत्वको भोक'** (२०१०) कथासङ्ग्रहमा सङ्ग्रहित **'अन्तरद्वन्द्व'** कथा लोहनीको दोस्रो कथा हो । यो कथा १० पृष्ठको रहेको छ । यस कथामा राजनैतिक स्थिरता र आर्थिक सामाजिक उत्पीडन हुनुका साथै तत्कालीन सरकार काङ्ग्रेसको हुँदा काङ्ग्रेसका नेतालगायत राज्यप्रसाशनले समेत मार्क्सवादी विचारधारा अँगाल्ने व्याक्तिलाई कडा दमन गर्ने नीतिको चित्रण गरिएको छ ।

**(क) शीर्षकीकरण र दृष्टिविन्दु**

प्रस्तुत कथाको शीर्षकीकरण गर्दा कथाकारले म पात्रको आर्थिक समस्याको प्रस्तुतिका साथै काङ्ग्रेसी नेताको अवसरवादी चरित्रका कारणले निम्त्याएको शोषणवृत्तिको चित्रण पनि कथामा गरेका छन् । यस कथामा म पात्रको घरमा आफ्नो परिवारसहित बस्दा काङ्ग्रेसका नेताले कम्युनिस्ट भनेर अनेक मानसिक तथा शारीरिक पीडा दिएपछि म पात्र पनि अनेक कुरा सोच्न बाध्य छ । यसै क्रममा पोषणप्रसादले मार्क्सवादी सिद्धान्त छोडेर काङ्ग्रेस बन्न भन्दा म पात्र पहिले आफू धनी हुन सिद्धान्त छोड्न खोजे पनि पछि अवसरवादी भने नहुने कुराको निर्णयमा पुगेकाले विषयवस्तुका आधारमा कथाकारले प्रस्तुत कथाको शीर्षक 'अन्तरद्वन्द्व' राखेका छन् ।

यस कथाको दृष्टिविन्दुलाई नियाल्नुपर्दा कथाकारले आफ्नै घटनालाई चिरफार गरेको र आफ्नै जीवनमा पुगेर कथा समाप्त भएकाले यस कथाको दृष्टिविन्दु प्रथमपुरुष केन्द्रीयजस्तो देखापरे पनि यस कथामा इन्दिरा , शेषराज , पोषणप्रसादको म पात्रसँग प्रत्यक्ष संवाद भएकाले तृतीयपुरुष दृष्टिविन्दु पनि रहन गएको छ । यसरी हेर्दा यस कथामा प्रथमपुरुष दृष्टिविन्दुका साथै तृतीयपुरुष दृष्टिविन्दु पनि रहेकाले मिश्रित दृष्टिविन्दु रहेको छ ।

**(ख) कथावस्तु र कथानक ढाँचा**

प्रस्तुत कथामा म पात्रको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले उसले परिवारको न्यूनतम आवश्यकता पनि पूरा गर्न सकिरहेको हुँदैन । म पात्रले पढाउने पेसा अँगालेको हुन्छ । त्यसबाट इन्दिरा पनि सन्तुष्ट देखिन्नन् । अन्य ठाउँबाट लिएको सापटी पैसा तिर्न र घरमा आएर काम गर्ने नोकरलाई पनि बोलाउन इन्दिराले छोडिदिन्छिन् । आर्थिक समस्याका कारण म पात्रले दूध ल्याउन र एम्.ए.मा भर्ना गरेर पढ्न पनि पाउँदैन । एम्. ए. नपढेका कारणले दरबारस्कुल ट्युसन पढाउनका साथै आफूले लेखेका किताबसम्म प्रकाशन गर्न पाउँदैन । म

पात्रको छिमेकीका घरमा काङ्ग्रेसका नेताहरूले दिनहुँ पाटी गर्नुका साथै आफ्नी श्रीमतीलाई नेताहरूले जिस्क्याउने गर्नाले म पात्र र इन्दिरालाई मानसिक असरसमेत पर्नेगर्छ । म पात्र मार्क्सवादी विचारको व्यक्ति भएकाले काङ्ग्रेसका नेताले म पात्रलाई अनेक दुःख दिन्छन् । म पात्रको साथी शेषराज कम्युनिस्ट हुँदा अर्थिक अवस्था कमजोर थियो तर जब ऊ काङ्ग्रेसमा लाग्यो तब धनी हुन पुग्यो । ठूलो आन्दोलन भयो कि लुक्न जाने अर्को साथी पोषणप्रसाद अहिले सम्पूर्ण सुविधा लिएर हिँडेको हुन्छ । पोषणप्रसादले म पात्रलाई काङ्ग्रेसमा लाग्न कम्युनिस्टको निन्दा गरेर काङ्ग्रेस , मन्त्री , प्रजातन्त्रवादी समाजवादको तारिफ गर्न , बार्न्टेन्ड रसेल , लुइफिसर , ट्रटस्की , मसानी जयप्रकाशका पुस्तकबाट उद्धृत गरेर मार्क्स , लेलिनको सिद्धान्त छोड्न लगाउँछ । यी सम्पूर्ण कुरालाई म मात्रले तिरस्कार गरेर जसरी मार्क्स , लेलिन धैर्यका साथ आफ्नो सिद्धान्तमा लागिरहे त्यस्तै आफू पनि लाग्ने र तराईका किसान , भारी बोक्ने भरिया , दौरा र लगौटी लगाएका पहाडिया , निम्नमध्यमवर्गका युवकहरू , कारिन्दा र अध्यापकहरूका चहनाहरूलाई पूरा गर्न कम्युनिस्ट विचारधारा नछोडने अठोट लिएर आफू धनी हुन नचाहेको कुरा गर्छ । अन्तमा म पात्र स्थायी वस्तु , स्थायी नाम चाहने र लेलिन , स्टालिन , मार्क्स , एन्ङ्गेल्स , थोरेज , टोग्लियाटी विलियम पीक , गोटवाल्ड, पिकासो आदिका बाटोमा हिड्न चाहने अन्य बाटोबाट हिडेर पथभ्रष्ट नहुने विचार व्याक्त गर्छ र कथाको पनि अन्त्य हुन्छ ।

यस कथाको कथानक ढाँचालाई हेर्दा सुरुतिर कथा सरल प्रकृतिको देखापरे पनि बीचबाट विभिन्न व्यक्तिका विचारहरू समावेश भएका हुँदा यसको बनोट केही जटिल बन्न पुगेको छ । म पात्रका लामा-लामा मार्क्सवादी विचारलाई कथामा भाषणका रूपमा उल्लेख गरिएकाले यस कथाको कथानक ढाँचा आदि मध्य र अन्त्यको शृङ्खलामा नरहेर वृताकारीय रहन गएको छ ।

### (ग) पात्र वा चरित्रचित्रण

**'अन्तरद्वन्द्व'** कथामा म पात्र , म पात्रकी श्रीमती इन्दिरा , काङ्ग्रेसका नेताहरू , छिमेकी युवती , युवक , शेषराज , पोषणप्रसादजस्ता पात्रहरू प्रस्तुत गरिएका छन् । म पात्र यस कथाको केन्द्रीय पात्र हो । ऊ वर्गसङ्घर्षमा विश्वास गर्ने प्रगतिशील विचारको पात्र हो । ऊ आफ्नो मार्क्सवादी विचार र सिद्धान्तबाट कति पनि विचल्लित नहुने अनुकूल पात्र हो । आसन्नताका आधारमा यो कथाको बद्ध पात्र पनि हो । जीवन चेतनाको आधारमा यो वर्गीय पात्र हो । काङ्ग्रेसका नेताहरू , शेषराज , पोषणप्रसाद चरित्र-भ्रष्ट र अवसरवादी पात्रहरू हुन्

। ती पात्रहरू म पात्रको परिवारलाई कष्ट दिने असत् पात्र पनि हुन् । इन्दिरा यस कथाकी म पात्रकी असल , सोझी र इमान्दार श्रीमती हुन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

कथाका घटनाहरू घट्ने वा चरित्रहरू खेल्ने स्थान र समय परिवेश हो । यसमा चरित्रहरूको जिउने प्रक्रिया , विश्वास , समाजको संस्कृति र त्यस क्रममा आउने सम्पूर्ण आन्तरिक र बाह्य तत्त्वहरू पर्दछन् । यसले स्थानीय रङ्ग देखाई कथाको धारातललाई यथार्थता प्रदान गर्छ । यस कथाको परिवेश निर्माण गर्दा कथाकारले आर्थिक समस्याका साथै राजनीतिक विषयलाई उठाएर म पात्रका मार्क्सवादी विचारलाई यथार्थ किसिमले चित्रण गरेका छन् । यसै क्रममा म पात्रको घरपरिवारको परिवेश र दरवारस्कुल जस्ता भौगोलिक परिवेश कथामा आएका छन् । दिल्ली , कलकत्ता , पटना र विराटनगरको परिवेश म पात्रका विचार प्रकटीकरण हुने क्रममा वर्णनस्वरूप आएका हुन् । यस कथाको कालिक परिवेशको निर्माण भने प्रजातन्त्रपश्चात् काङ्ग्रेसी नेताले मार्क्सवादी विचार अवलम्बन गर्ने व्यक्तिमाथि गर्ने अमानवीय व्यवहारको परिवेशमा आएको हो ।

अर्थसापेक्षका दृष्टिले हेर्दा यस कथाको पूर्वार्द्ध सरल एवम् सहज तरिकाले बुझ्न सकिने छ । कथाको मध्यभागबाट भने कथामा म पात्रलगायत अन्य पात्रका विचारलाई समावेश गरिएकाले केही कठिन देखा पर्दछ यस कथामा विम्ब र प्रतीकको प्रयोग भने गरिएको छैन । समग्रमा हेर्दा यस कथाको अर्थ बुझ्न पाठकलाई कुनै बाधा नपर्ने भएकाले यसको अर्थसापेक्ष अभिधा रहेको छ ।

### (ङ) उद्देश्य

यस कथामा कथाकारले आर्थिक समस्यालाई प्रमुख रूपमा उभ्याएका छन् । यसका साथै अवसरवादी चरित्र भएका भ्रष्ट व्यक्तिहरूप्रति चोटिलो व्यङ्ग्यसमेत गरेका छन् । आफ्नो वैचारिक अडान र निष्ठा नभएका शेषराज र पोषणप्रसादजस्ता पिपलपाते शैलीका पात्रहरू उभ्याएर कथाकार समाजमा विद्यमान अवसरवादी प्रवृत्तिप्रति कथाकार अत्यन्तै कठोर देखिएका छन् । यस कथामा जुन पार्टीको सरकार अयो त्यही पार्टीमा लागेर धनी हुने अवसरको खोजी गरी अर्को पार्टीका व्यक्तिको उछित्तो काड्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ भन्ने उद्देश्य कथाकारको छ ।

### (च) भाषाशैली

प्रस्तुत कथाको भाषाशैलीलाई हेर्दा यसमा भाषागत स्तरीयता भने देखिँदैन । यसको भाषा 'कैसी खुसीको है रात वलम मेरे पास , लहरारा नजर शरमाए ...'। जस्ता हिन्दी पदावलीका साथै कतिपय अङ्ग्रेजी शब्दको प्रयोगले भाषामा स्वभाविकता भने देखिँदैन । कथामा नित्रुक्क , मुसुक्क , मुसुमुसुजस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । कतै वर्णनात्मक र कतै संवादात्मक शैलीमा कथावस्तु अगाडि बढेको पाइन्छ ।

## ४.३.३ 'बैडमिन्टन टुर्नामेन्ट'कथाको अध्ययन

**' नेतृत्वको भोक'** (२०१०) नामक कथासङ्ग्रहमा सङ्ग्रहीत यस कथाले २००७ सालपछिको नेपालको विषम तथा विसङ्गत अवस्थाको सामाजिक संरचना र जीवनशैलीलाई विषयवस्तु बनाएको पाइन्छ । यस कथामा एकातिर वितन्डा पूर्ण जीवनशैली र अर्कोतिर अभावग्रस्त विपन्न जीवन भोगाइको चित्रण गर्ने उद्देश्य कथाकारको देखिन्छ ।

### (क) शीर्षकीकरण र दृष्टिविन्दु

कथाकारले यस कथाको शीर्षकविधान खेलका नामबाट गरेका छन् । यहाँ खेलका नाममा माथिल्ला वर्गका व्यक्तिले तल्लो दर्जाका व्यक्तिलाई कामुकतासम्बन्धी अनेक खेल देखाउने र हुनेखाने संभ्रान्त वर्गले प्रजातन्त्रको उपयोग गरे पनि विपन्न अवस्थाका जनताले नारकीय जीवन व्यातीत गर्न बाध्य छन् भन्ने दृष्टान्त स्वरूप व्याडमिन्टन टुर्नामेन्ट शीर्षक राखिएको छ ।

### (ख) कथावस्तु र कथानक ढाँचा

बेलुकापख टुँडिखेलमा व्याडमिन्टनको आयोजना गरिएको छ जहाँ तल्लो दर्जादेखि माथिल्लो दर्जाका नेताहरू , राणाहरू तथा शाही खानदान र हजुरियाहरू दर्शकका रूपमा आसीन देखिन्छन् । ठूलाबडाहरूको बीचमा बिचित्र प्रकृतिको जीवनशैली त्यहाँ देख्न सकिन्छ । त्यहाँ नेपाली , हिन्दी तथा अङ्ग्रेजी मिश्रित भाषा , भेष तथा आचरणका साथ प्रजातन्त्रका बारेमा प्रशस्त विचारविमर्श भएको छ । त्यो संभ्रान्तवर्गीय दर्शकदीर्घामा स्त्रीपुरुष , शिष्ट-अशिष्ट , श्लील-अश्लीलसम्बन्धी कुनै विभेद देखिन्न । मानौ त्यहाँ आसीन नरनारीहरू सबैले स्वतन्त्रताको उपयोग गरेका छन् । म पात्रले त्यही अनौठो परिदृश्यको उपयोग गरेको छ । कामुक दृष्टि , हावाभाव तथा गफ गराइले अनौठो परिवेश र जीवनशैलीको प्रतिबिम्बन यहाँ भएको छ । यसैबीच कलकत्ताबाट आएको एक जना युवक शेखर मिस लिलीसँग टाँसिएर

हातमा हात राखेर बसेको छ । मैदानमा खेल सुरु हुनुपूर्वको यो खेलदेखि उकुसमुकुस भएको म पात्र त्यहाँ बस्न नसकेर घरतिर हिडेपछि बाटामा उसले टुँडीखेलमा देखेकोभन्दा भिन्न तर जीर्ण परिवेशको अवलोकन गरेको छ । सडक र गल्लीभरि फोहर , दायाँबायाँ माग्नेको घुइँचो , भोका नाङ्गाहरू अलपत्रै परेका दर्दनाक जीवन शैलीदेखि म पात्र अचम्मित भएको छ । म पात्र साँझ घर पुग्दा हिन्दी भाषामा प्रेषित समाचारमा क्रान्तिकारीहरूलाई दबाउने नीति तथा कार्ययोजना मात्रै म पात्रका कानमा ठोकिन पुगेपछि दिउँसोको टुर्नामेन्ट र साँझको समाचारमा गहिरो सम्बन्ध र एकान्विति देखेर कथाको पनि अन्त्य भएको छ ।

कथानक ढाँचालाई हेर्दा यो कथामा आख्यानतत्त्व अत्यन्त क्षीण रहेको छ । यसमा पात्रका बीचको कार्यव्यापार तथा घटनाशृङ्खलाको विकास र विस्तारभन्दा पनि म पात्र माध्यमबाट कथाकारका अनुभूति बेरोकटोक पोखिएका छन् । नेपाली , हिन्दी तथा अङ्ग्रेजी भाषामा प्रस्तुत गरिएको बौद्धिक भाषणका रूपमा प्रस्तुत कथामा स्रष्टाले जीवनबाट प्राप्त गरेका अनुभूतिहरू भने शृङ्खलित र व्यवस्थित रूपमा उतारिएका छन् । यस कारण यो कथाको कथानक ढाँचा रैखिक रहेको छ ।

### (ग) पात्र वा चरित्रचित्रण

प्रस्तुत कथामा म पात्र सुकुमारी , गोरा , नेताका श्रीमतीहरू राणापरिवार , बाबुसाहेब , चौतारिया , शाह , भाइभतिजाहरू, नेवार सेठ , कालो शेरवानी , पुलिस, माइकेल , शम्शेर , शेखर , मिस लिली , मदिसेजस्ता पात्रहरू रहेका छन् । कथामा अन्य पात्रको भूमिका प्रत्यक्ष रूपमा नभएर म पात्रको वर्णनस्वरूप आएका छन् । म पात्र यस कथाको विचारवाहक पात्रका रूपमा उपस्थित भएको छ । त्यो उपस्थिति र प्रस्तुति स्वाभाविक पनि देखिन्छ । म पात्र मध्यमवर्गीय भएर पनि विपन्नवर्गको पक्षमा उभिने क्रान्तिकारी गतिशील एवम् अनुकूल पात्र हो ।

### (घ) परिवेश र अर्थसापेक्ष

यस कथाको परिवेश सहरी क्षेत्र रहेको छ । भौगोलिक रूपमा टुँडीखेल गल्ली तथा घरको स्वभाविक परिवेश रहेको छ । कालिक हिसाबले यसमा २००७ साल वरिपरिको समयलाई परिवेश बनाइएको छ ।

अर्थसापेक्षका दृष्टिले कथाको वैचारिक सन्देश स्पष्ट छ । कथाकारका अन्य कथाजस्तै यो कथा पनि अभिधात्मक अर्थसापेक्षका रूपमा रहेको छ ।

(ङ) **उद्देश्य**

यस कथामा एकातिर यथार्थको विरूप एवम् विसङ्गतपक्ष र अर्कोतिर शिष्ट , सुन्दर एवम् गतिशील पक्षको सम्यक् उद्घाटन गरिएको छ । यहाँ प्रतिबिम्बत दुई विरोधाभासपूर्ण जीवनशैलीअन्तर्गत एकातिर संभ्रान्तवर्गको विलासी जीवनशैलीको र अर्कोतिर विपन्नवर्गको कष्टप्रद जविनशैलीका बीचको विभेदलाई ठम्याउँदै संभ्रान्त वर्गबाट विपन्नवर्गमाथि हुने उत्पीडनको विरोध र समताको पक्षमा कथाकार उभिएको पाइन्छ । तर दुई भिन्न वर्गका वर्गीय चिन्तन र परिस्थितिका बीचमा द्वन्द्वको सिर्जना भने भएको छैन । टुर्नामेन्ट पनि समाजसापेक्ष तथा समाजतिर नभएको र समाचारको हविगत पनि त्यस्तै रहेको परिपेक्ष्यमा सत्तासीन एवम् संभ्रान्तवर्गीय क्रियाकलापहरू यथार्थसापेक्ष नहुने दृष्टिकोण यसमा प्रस्तुत भएको छ । त्यसैले यो विषम स्थितिको अन्त्य र समतामूलक समाजको स्थापनाले मात्रै आम जनताको जीवनशैलीमा समता देखिने वैचारिक धारणा यसमा प्रस्तुत भएको छ । यस कथामा विषम सामाजिक संरचना तथा जीवनशैलीको आलोचना र समतामूलक समाजस्थापनाको आग्रह देखिन्छ जुन यस कथाको वैचारिक उद्देश्य हो ।

(च) **भाषाशैली**

यस कथाको कथा शिल्प भने कमजोर रहेको छ । लामो बौद्धिक भाषणले गर्दा कथा पट्यारलाग्दो बनेको छ । अङ्ग्रेजीका लामालामा वाक्य तथा तिनको नेपाली रूपान्तरण र झण्डै तीन पृष्ठ लामो हिन्दी भाषाको समाचार पनि त्यति स्वभाविक देखिन्न । त्यस्तो अङ्ग्रेजी नेपाली भाषाको प्रयोग भएको कथानको अंश यस्तो छ :

Ladies should mix in the society because the time has changed. Now we are living in democratic country. (समय बदलिएको छ , त्यसैले महिलाहरूले पनि समाजमा मिसिनुपर्छ । अब हामी प्रजातान्त्रिक देशमा बस्दछौं) । (नेतृत्वको भोक, पृ. ३७)

लेख्य एवम् शिष्ट भाषाको प्रयोग भए पनि अधिक वर्णनात्मक र खिचडीपनाले गर्दा भाषिक संरचना फितलो बनेको यो कथा मध्यमस्तरीय देखिन्छ ।

### ४.३.४ 'मेरा छिमेकी' कथाको अध्ययन

गोविन्दप्रसाद लोहनीको **'नेतृत्वको भोक'** (२०१०) कथासङ्ग्रहमा सङ्ग्रहित अर्को कथा **'मेरा छिमेकी'** शीर्षकको कथा हो । यस कथामा विशेष गरेर छिमेकीका मानिसहरूमा परेको आर्थिक समस्याको कारुणिक रूपमा कथाकारले चित्रण गरेका छन् ।

**(क) शीर्षकीकरण र दृष्टिविन्दु**

'मेरा छिमेकी' नामक कथाको शीर्षकले शब्दस्तर र अर्थस्तर दुवै फुकाउन कुनै बाधा पुऱ्याएको देखिँदैन । कथाकारले घरवरिपरिका मानिसका जीवनमा परेको आर्थिक समस्यालाई कथावस्तु बनाएका छन् । आर्थिक अवस्थाले पछाडि परेका छिमेकीहरूमा कोहीलाई खानका लागि बिहानसाँझ हम्मेहम्मे परेको छ भने कोहीलाई उपचार गर्न नपाउँदा मृत्युको मुखमा पुग्नपरेको छ । जीवनमा पढ्न र उपचारसम्म गर्न नपाएका छिमेकीका घटनालाई लिएर कथाकारले यस कथाको शीर्षक 'मेरा छिमेकी' राखेका हुन् ।

प्रस्तुत कथाको दृष्टिविन्दुलाई नियाल्दा कथाकारले आफू म पात्रका रूपमा रहेर आफ्ना छिमेकीको घटनालाई नियालिरहेका कारणले प्रथमपुरुष दृष्टिविन्दुको रूपमा कथा अगाडि बढेको छ । तर यसमा म पात्रले आफ्नो घटनाको वर्णन नगरेर केवल छिमेकीहरूको घटनाको वर्णन गरेकाले यस कथाको दृष्टिविन्दु प्रथमपुरुष परिधीय रूपमा रहन गएको छ ।

**(ख) कथावस्तु र कथानक ढाँचा**

यस कथामा छिमेकी मानिसको चित्रण गर्ने क्रममा कथाकारले कसको स्थिति कस्तो छ ? भन्ने कुरालाई कथामा विषय वस्तु बनाएका छन् । आसलाल पनि यस्तै एक छिमेकी हुन् । दिनरातको मिहनेतमा पनि आसलालले आफ्नो परिवारलाई दुई छाक सुख र सन्तोषले एक पेट खुवाउन सकिरहेको छैन । वेदप्रसाद पण्डितजीका बच्चाहरू छैनन् तर पनि अर्काको चाकरीले गर्दा एकछिन् फुर्सत छैन । केदार एक युवक हो । उसका बाबुले कमाएकाले साँझबिहान हात जोर्न गाह्रो छ । उसका बाबुको मृत्युले केदारको पढाइमा बन्देज लाग्न पुग्छ म पात्रको सहयोगले ट्युसन पढाएर पत्नी र बुढी आमालाई पालेको हुन्छ । केदार शिक्षित भएकाले जमाना आउँछ भन्ने आशावादी भएर बसेको हुन्छ । जमानाको आसमा रहँदारहँदै उसकी पत्नी र आमाको दुःखद निधन हुन्छ र आफू पनि मृत्युको अन्तिम छोरमा पुगेको देखिन्छ । यस्तै अर्का छिमेकीका रूपमा कृष्णराजले बी.ए. पास गरेर स्कुल मास्टर भएर सेवा गरेका छन् । यिनको आर्थिक अवस्था पनि दयनीय छ । भविष्यको इतिहास दुईचार व्यक्तिले होइन जनताले

बनाउनेछन् । जनताको तूफानमा र जनताको रीसको ज्वालामा सारा शोषक समाज ऊसँग टाँस्सिएर बसेको पाखण्डी, ढोगी, बेइमानी, शोषक र व्यभिचारी पनि बढारिने छन् । नयाँ आधारमा नयाँ वातावरण र नवीन नेपालको निर्माण हुनेछ । बूढो भूतकालको अवशेष हो र युवक वर्तमानकालको चालक शक्ति हो र शिशु भविष्यको निर्माता हो , गुलाफी मुस्कानको प्रतीक हो भन्ने विचारमा कृष्णराज विश्वस्त भई कथाको अन्त्य भएको छ ।

यस कथाको कथानक ढाँचालाई नियाल्दा यसमा आदि , मध्य र अन्त्यका शृङ्खलामा कथावस्तु अगाडि बढेको छ । साथै यसको घटनाक्रम क्रमशः शृङ्खलित रूपमा आएको हुनाले रैखिक ढाँचामा रहेको कुरा स्पष्ट हुन्छ ।

### (ग) पात्र वा चरित्रचित्रण

**'मेरा छिमेकी'** कथामा म पात्र , आसलाल , वेदप्रसाद पण्डितजी , केदार , केदारका बाबुआमा , श्रीमती र कृष्णराजजस्ता पात्रहरू रहेका छन् । यस कथामा म पात्र छिमेकीको आर्थिक पक्षलाई केलाउने पात्रका रूपमा उभिएको छ भने अन्य पात्रहरू आर्थिक समस्याले चेपिएका पात्र हुन् । केदार , कृष्णराजजस्ता पात्र नयाँ जमानाको आशा गरी आर्थिक समस्याबाट केही राहत लिने पात्र पनि हुन् । यस कथाको दृष्टिकेन्द्री पात्रका रूपमा म पात्र रहेको छ । यस कथाका सबै पात्रहरू निम्नवर्गीय रहेका छन् । कथामा जीवनभोगाइसम्बन्धी वस्तुगत अनुभवका आधारमा क्रान्तिकारी भविष्य दृष्टिको निर्माणसमेत हुनपुगेको छ । म पात्रको पूर्वस्मृतिस्वरूप सबै पात्रहरू कथामा आएका हुन् । म पात्रका विवरणका आधारमा केदार र कृष्णराज गतिशील , प्रगतिवादी र सुधारवादी पनि देखिन्छन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

कथाकारले परिवेश निर्माण गर्दा काठमाडौंभित्र रहेको असनको गल्ली र चौबाटोको सहरी परिवेशलाई कथामा लिएका छन् । असनको गल्ली र चौबाटोको व्यापारको चित्रणबाट कथामा काठमाडौंको भौगोलिक परिवेशको प्रयोग गरेका छन् । छिमेकीहरूले न्यूनतम आवश्यकतालाई पूर्ति गर्न सकिरहेका छैनन् । उनीहरूको जीवन निकै कष्टकर हुनाका साथै उनीहरूले राम्रो कपडा लगाउन पाएका छैनन् । यस कथामा कथाकारले कारुणिक अवस्थामा जीवन बिताउन बाध्य सहरी मानिसको यथार्थलाई उल्लेख गरेका छन् । आसलालका परिवारले लगाएका कपडा ठाउँठाउँमा फाटेको देखिन्छ भने उसका परिवारले साँझ-बिहान आफ्नो भोकलाई मेटाउन नपाउँदा खाएको थाल चाट्नु पर्ने बाध्यताको सामाजिक परिवेशको निर्माण भएको छ । कालिक परिवेशलाई हेर्दा कृष्णराज र केदार नयाँ जमाना आउँछ भन्ने निर्णयमा पुग्नुले २००७ सालको प्रजातन्त्रको आगमनलाई परिवेश बनाएको हो भन्ने थाहा पाउन सकिन्छ ।

अर्थसापेक्षका दृष्टिले यो कथा अभिधात्मक छ । यस कथामा कथाकारले स्पष्ट बुझिने शब्दको प्रयोग गर्नुका साथै अर्थका स्तरमा समेत कुनै लक्षणा र व्यञ्जना प्रयोग नगरी यसलाई सरल र सहज तरिकाले अर्थ फुकाउन सकिने बनाएका छन् ।

### (ङ) उद्देश्य

प्रस्तुत कथामा समाजमा विद्यमान गरिबी , बेरोजगारी तथा आर्थिक सामाजिक विषमताको मूल कारकतत्त्वका रूपमा शोषणवृत्तिलाई औल्याउने काम कथाकारले गरेका छन् । सामन्त तथा शोषकहरूको शोषण र उत्पीडनका कारण आर्थिक विषमताको सिर्जना हुने र जीवन जिउनका लागि कतिपय विपन्न अवस्थाका मानिस विदेशतिर पलायन हुने तथा उपायविहीन भएका कतिपय युवाहरूले जमाना आउँछ भनी कुर्न परेको यथार्थलाई यहाँ कथाकारले प्रस्तुत गरेका छन् । वस्तुतः यसप्रकारको गरिबी बेरोजगारी तथा विषमताको वस्तुगत निकास भनेकै समतामूलक समाजको स्थापना हुनाले त्यसतर्फ अग्रसर हुनुपर्ने सन्देश पनि कथाकारले उद्देश्यका रूपमा प्रस्तुत गरेका छन् । जीवन धान्ने समस्याका कारण नेपाली युवाहरू एकातिर विदेशी भर्तीकेन्द्रमा बलिको बोका बन्नसमेत बाध्य हुनुपर्ने तथा अर्कातिर आफ्नो मुलुकभित्र अकालमै मृत्युवरण गर्न बाध्य हुनुपर्ने स्थितिप्रति कथाकारले सचेत गराएका छन् ।

### (च) भाषाशैली

भाषाशैलीका दृष्टिकोणले प्रस्तुत कथामा तत्सम , तद्भव र आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । यस कथामा हल्लाखल्ला , कुक्ककुक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको छ । छोटा छोटा परिच्छेदमा विभक्त संरचनाले कथाको आयामलाई उजिल्याउने काम गरेको छ । वर्णनात्मक शैलीको अधिक्यले गर्दा भाषामा लचकता कोमलाता र छरितोपना भने देखिदैन ।

### ४.३.५ 'सपना' कथाको अध्ययन

लोहनीलाई कथाकारका रूपमा चिनाउन सफल पहिलो प्रकाशित कथा नै **सपना** हो । यो कथा सर्वप्रथम युगवाणी (२००७) पत्रिकाको वर्ष ४ , अङ्क ४१ चैत्र ९ गते दूधविनायक बनारसबाट प्रकाशित भएको हो । यो कथा अन्य कथाहरूभन्दा उत्कृष्ट कथा पनि हो यसमा शोषण व्यावस्थालाई निर्मूल पारेर शोषणविहीन समाजको रचना गर्नुपर्छ भन्ने वैचारिक सन्देशलाई कथाकारले समाजवादी यथार्थवादी दृष्टिकोण 'सपना' कथामा देखाउन चाहेका छन् ।

### (क) शीर्षकीकरण र दृष्टिविन्दु

प्रस्तुत कथाको शीर्षकविधानलाई हेर्दा कथाकारले सपनाका माध्यमबाट प्रगतिवादी विचारलाई कथावस्तु बनाएका छन् । यस कथामा 'म' पात्रले वर्गसङ्घर्षका कुरालाई सपनाको माध्यमद्वारा शोषणविहीन समाजको स्थापनाको सवाललाई पूरा गर्न चाहेको देखिन्छ । तल्लो वर्गका व्यक्तिमाथि उपल्लो वर्गले गर्ने थिचोमिचो , अन्याय , अत्याचार , दुराचार एवम् पापाचारप्रति कथाकारले जोडदाररूपमा औला ठड्याएका छन् । कथाकारले यही वर्ग सङ्घर्षको अन्त्य गर्नका लागि प्रस्तुत कथाकै शीर्षक सपना राखेर एउटा सपनाको घटनालाई कथामा उतारेका छन् ।

कथामा कथयिताले बस्न रोजेको ठाउँ दृष्टिविन्दु हो । कथाका तत्त्वहरूमध्येको महत्त्वपूर्ण तत्त्व दृष्टिविन्दु पनि हो । यस कथामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यो कथा मूलतः 'म' पात्रकै कथा हो र सबैजसो घटना तथा पात्रहरू पनि म पात्रकै सपनामा देखापरेका पात्रहरू भएको हुनाले यो कथा प्रथमपुरुषकेन्द्रीय दृष्टिविन्दुमा संरचित देखिन्छ ।

### (ख) कथावस्तु र कथानक ढाँचा

यस कथामा म पात्र केटाकेटीहरूलाई पढाउने पेसामा लागेको भए पनि आर्थिक समस्या नाजुक नै देखिन्छ । रमेश म पात्रको आत्मीय साथी पनि हुन् । उनले कलकत्तामा हालेको दश लाखको चिट्ठा म पात्रलाई परेको कुरा अवगत गराउँछन् । म पात्रका लागि यो झुठो र अपत्यारिलो जस्तो पनि लाग्छ तर रमेशले पत्रिका नै अगाडि दिएपछि म पात्रका मनमा उमङ्ग छाउँछ र आवश्यकताहरू पनि तीव्र रूपमा बढेर आउँछ । यसबाट पूँजीपति हुने र ठूलाठूला महल बनाउने निर्णय म पात्रले गर्छ । तर रमेशले उच्चवर्गको पक्षधरभएर एउटा क्रान्तिकारी वर्गलाई मार्नुभन्दा त्यो धनलाई शोषणको विनाशमा खर्चगर , जनवादी पात्रपत्रिकाहरू निकाल , श्रमजीवी र किसानलाई बाटो देखाउन तिनीहरूको नेतृत्व गर, निःस्वार्थी र उत्साही युवकहरूलाई आर्थिक सहायता देऊ , मार्क्सवादी अध्ययनमण्डल र पुस्तकालयहरू खोल भन्ने लामो प्रगतिवादी विचार म पात्रलाई दिन्छन् । रमेशले दिएको सल्लाहले म पात्रले पनि सोही कार्य गर्ने प्रतिबद्धता व्यक्त गरी कार्यन्वयन गर्छु पनि भन्छ । अन्तमा रमेशलाई गुरु मानी म पात्र सपनाबाट बिउँझन्छ र कथाको पनि अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक ढाँचालाई केलाउँदा यस कथामा म पात्रले सपनामा देखेका घटनाहरूलाई लिएर कथाको निर्माण भएको देखिन्छ । म पात्रले सपनामा देखेका घटनाहरू पनि कथामा सरल तरिकाले शृङ्खलित रूपमा अगाडि बढेको देखिन्छ । यस कथामा आदि ,

मध्य र अन्त्यको शृङ्खलामा कथानक अगाडि बढेकाले यसको कथानक ढाँचा संवृत अर्थात् रैखिक छ ।

### (ग) पात्र वा चरित्रचित्रण

प्रस्तुत कथाका पात्रहरू कथामा स्वभाविक प्रकारका देखिन्छन् । लोहनीले यस कथामा पूर्णरूपमा नेपालमा बसोबास गर्ने नेपाली समाजका पात्र खडा गरेका छन् । ती पात्रका भौतिक र मनोवैज्ञानिक दुवै हिसावले चरित्र बुझ्न सकिन्छ । यस कथामा 'म' पात्र रमेश , म पात्रकी श्रीमती , डल्लेजस्ता पात्रहरू छन् । यस कथाको मुख्य पात्र नै 'म' पात्र हो । यस कथाको दृष्टिकेन्द्री पात्रका रूपमा पनि म पात्र रहेको छ । यसकथाको म पात्र निम्नमध्यमवर्गको पात्र पनि हो । स्वभावका आधारमा यो पात्र गतिशील पनि देखिन्छ । म पात्रले देखेको सपनाका पात्रलाई केलाउँदा रमेश सत् पात्र हुनाका साथै अनुकूल पात्र पनि हो । रमेश म पात्रलाई शोषणविहीन समाजको निर्माण गर्न सुझाव दिन्छ । यसकथाका अन्य पात्रहरू पनि असल प्रकृतिका देखिन्छन् । यी सम्पूर्ण पात्रहरू निम्नमध्यमवर्गीय पात्रका रूपमा देखापरेका छन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

**सपना** कथाको परिवेशलाई नियाल्नुपर्दा कथाकारले म पात्रले सपनामा विचरण गरेको परिवेशका साथै सपनामा देखिन गएका भौगोलिक परिवेश पनि कथामा आएको पाइन्छ । यस कथामा म पात्रको घरको परिवेश अन्तर्गत हावाको आवतजावत नभएको कोठा , उकुसमुकुस भएको , नुहाउने कोठा , आगो नबलेर धुँवैधुँवा भएको परिवेश सिर्जना भएको देखिन्छ । यस कथामा सहरी परिवेशले स्थान पाएको देखिन्छ । कालिक दृष्टिले यस कथाले २००७ सालभन्दा पूर्वको समयलाई परिवेश बनाएको छ ।

अर्थसापेक्षका दृष्टिले प्रस्तुत कथा रैखिक ढाँचाको रहेको छ । यस कथामा प्रतीकात्मक अर्थ नभएर अभिधात्मक रहन गएको छ । यस कथामा वर्गसङघर्षलाई सजिलै बुझ्न सक्ने किसिमले कथाकारले कथाको रचना गरेका छन् । यस कथाको म पात्रले सपनामा देखेका घटनालाई क्रमशः आदि मध्य र अन्त्यको शृङ्खलामा कथाकारले प्रस्तुत गरेका छन् ।

### (ङ) उद्देश्य

प्रगतिवादी कथाकारले समाजमा विद्यमान विसङ्गत अवस्थाको आलोचना मात्र नगरेर सुसङ्गत समाज निर्माणका लागि मार्गनिर्देशनसमेत दिनसक्छ । यस कथामा कथाकार वर्गीय

सामाजिक संरचनाभित्रको गतिविधिलाई देखाउने व्यक्ति हुनाले उसले पनि एउटा वर्ग र तत्सम्बन्धी विचारको अनुसरण गरेको हुन्छ । यस कथामा पनि मध्यमवर्गको मान्छेले दिनरात जीवनका आनन्दहरूको उपयोग गर्ने र माथिल्लो वर्गका लागि साधन जुटाइदिन घोर परिश्रम गर्ने किसान मजदुरवर्गका बीचको पुलको काम गर्ने गर्छ । मध्यमवर्गका व्यक्तिको खुट्टा तल्लो वर्गमा हुन्छ तर मन माथिल्लो वर्गमा हुन्छ । हुनेखाने वर्गले निम्नवर्गका व्यक्तिलाई तल पारेर समाजका सम्पूर्ण सुविधाको उपयोग गरिरहेका हुन्छन् । आर्थिक समस्याबाट थोरैमाथि उठ्नासाथ मान्छेका आशाउमङ्गमा बढौती छाउने र आफ्नो विचारलाई भुल्ने प्रवृत्तिप्रति कथाकारले सचेत बनाउनु यस कथाको उद्देश्य देखिन्छ । एउटा सही सिद्धान्तमा आबद्ध भएको व्यक्तिले आफ्नो प्रगतिवादी विचारलाई कहिल्यै भुल्न नहुने विचार कथाकारको देखिन्छ ।

### (च) भाषाशैली

सपना कथाको संरचनापक्षलाई हेर्दा छोटाछोटा अनुच्छेदमा कथावस्तु निर्माण भएको पाइन्छ । यस कथामा संवादात्मक शैलीमा कथावस्तुको विन्यास गरेको भए पनि समग्र घटना सपनाका माध्यमबाट प्रस्तुत भएको छ । प्रस्तुत कथा यथार्थवादी शैलीमा लेखिएको हुँदा 'सपना' कथामा संवृत रूपविन्यासको प्रयोग गरिएको पाइन्छ । यसअन्तर्गत पदविन्यास , वाक्यविन्यास, बिम्ब र प्रतीक आदि पर्दछन् । यस कथामा तत्सम शब्दका साथै सुलुक्क , मुसुक्क , टलक्क , थचक्क , बल्लबल्ल , नित्रुक्क , झल्यास्सजस्ता अनुकरणात्मक शब्दको प्रयोग पाइन्छ । यस्तै चकचक , एकएक , चटचट आदि द्वित्व शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । कथाकारले हिन्दी र अङ्ग्रेजी शब्दको पनि ठाउँठाउँमा प्रयोग गरेकाले भाषामा खिचडीपना नै देखिन्छ ।

## ४.३.६ 'त्यो नाङ्गी स्त्री !' कथाको अध्ययन

लोहनीको **'नेतृत्वको भोक'** (२०१०) कथासङ्ग्रहमा सङ्ग्रहित **'त्यो नाङ्गी स्त्री !'** कथा स्तरीय कथा हो । यो कथा अन्यत्र प्रकाशित भएको पाइँदैन । यस कथामा एक नाङ्गी स्त्रीको कारुणिक र हृदयविदारक अवस्थाको यथार्थ चित्रण कथाकारले गरेका छन् ।

### (क) शीर्षकीकरण र दृष्टिविन्दु

प्रस्तुत कथामा कथाकारले आर्थिक अवस्थाले थिचिएर तीन दिनदेखि मुखमा माड लगाउन नपाएकी र शरीर ढाक्नको लागिसमेत एक वित्ता कपडा नपाएकी नारीलाई कथामा उपस्थित गराएका छन् । सोही आधारमा यस कथाको शीर्षक 'त्यो नाङ्गी स्त्री ! राखेका हुन् ।

जुन शीर्षकले समग्र कथालाई एकै वाक्यमा अर्थ फुकाउन सजिलो बनाएको पनि छ । एउटा नारीको यौवनका लागि गिद्धले झैँ आफ्नो यौन प्यास मेटाउन आतुर युवकहरूप्रति कथाकारले व्यङ्ग्यप्रहार गरेका छन् ।

कथामा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापना गर्छ भन्ने कुराको निर्धारण हुन्छ । 'त्यो नाङ्गी स्त्री' कथामा भएका सम्पूर्ण घटना क्रिया र द्वन्द्वलाई कथाकार स्वयम् कथाभित्र बसेर वर्णन गरेका छन् । कथाकारभित्र रहेर कथाको वर्णन गरेकाले प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस्तै यस कथामा म पात्रको घटनाको वर्णन नभएर नाङ्गी स्त्रीको वर्णन भएकाले यहाँ प्रथमपुरुषपरिधीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### (ख) कथावस्तु र कथानक ढाँचा

यस कथामा 'म' पात्र परीक्षाको तयारीका क्रममा अध्ययन गरेर बेलुकातिर कम्पनी बगरतिर टाउको हलुका पार्न निस्किएको हुन्छ । सडकमा बत्ती बाल्ने बेला भएको हुन्छ । सोही समयमा सडकको एक छेउमा एउटी नाङ्गी स्त्रीलाई सबैले गिज्याइरहेका हुन्छन् । त्यो नाङ्गी स्त्रीले शरीरमा एकसरो कपडा लगाउन र तीनदिनदेखि यता खान नपाएकी हुन्छे । हल्ला सुनेर म पात्र पनि सो ठाउँमा पुगेको हुन्छ । त्यस ठाउँमा बालकहरू , युवकहरू र भलाद्मीहरू पनि जम्मा भएका हुन्छन् । यसै क्रममा म पात्रका मनमा युवतीका बारेमा अनेक जिज्ञासा उठ्छ । नाङ्गी स्त्री आफ्नो भोक मेटाउन त्यहाँ भएका युवकहरूसँग देहव्यापार गर्न राजी हुन्छे । यो घटना सुनेर त्यहाँ भएका प्रौढ र वृद्धहरूले त्यस केटीप्रति घृणाको भावनाले हेर्छन् । अन्तमा म पात्रले आफूसँग भएको ७/८ आना त्यो नाङ्गी स्त्रीका अगाडि दिएर कोठामा जान्छ ।  म पात्रले सपनामा पनि सोही स्त्रीलाई तिनै युवाहरूले यौन सम्पर्क गरेको देखेर कथाको पनि अन्त्य भएको छ ।

लोहनीद्वारा लिखित "त्यो नाङ्गी स्त्री !" कथा आर्थिक समस्याका कारण त्यो स्त्रीले अनेक व्यक्तिसँग दयाको भिख मागिरहँदा पूँजीपति समुदायका भलाद्मीहरूले त्यस नारीलाई बौलाहीको संज्ञा दिएर भाग्नेजस्ता अमानवीय व्यवहारलाई यथार्थ विश्लेषण गरिएको कथा हो । कथानक ढाँचाका दृष्टिले हेर्दा यसमा रैखिक ढाँचाको प्रयोग गरिएको छ । यस कथामा भएका घटनाक्रमहरू शृङ्खलाबद्ध आएका छन् ।

### (ग) पात्र वा चरित्रचित्रण

आख्यानमा पात्रहरूलाई हेर्दा तिनको भौतिक र मानसिक पक्षलाई हेरिन्छ । भौतिक पक्षअन्तर्गत लिङ्ग रूप , रङ्ग छाला आदि कुराको वर्णन गरिन्छ । पात्रका मनोवैज्ञानिक पक्षअन्तर्गत धूर्त , सज्जन , लोभी , अनुकूल प्रतिकूल आदि वर्णन गरिन्छ । यसै आधारमा हेर्दा यसकथामा 'म' पात्र , नाङ्गी स्त्री , भलाद्मी विद्यार्थीहरू , बालकहरू , युवकमण्डली , रसिकजनहरूजस्ता पात्रहरू रहेका छन् । यस कथामा पनि कथाकारले अस्वभाविक लाग्ने पात्रको उपस्थिति नगराएर सबै नेपाली जनजीवनमा प्रचलित पात्रको प्रयोग गरेका छन् । यस कथाको प्रमुख पात्र म पात्र हो , जुन यस कथाको दृष्टिकेन्द्री पात्र पनि हो । ऊ सज्जन , अनुकूल सकरात्मक पक्षको पात्र हो । यस कथाकी अर्की पात्र नाङ्गी स्त्री हो । यस कथामा स्त्रीले साँझबिहान खान नपाएर सबैसँग दयाको लागि हात पसारिरहने सरल , अनपढ , रसिकमण्डलीका लागि मन बहलाउने साधन भएकी नारी पात्र हो । यस कथाका अन्य पात्रहरूमा बालकहरू बाहेक अरू प्रतिकूल , ढोगी र असत् पात्र हुन् ।

### (घ) परिवेश र अर्थसापेक्ष

कथामा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान , समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । कथालाई प्रभावशाली र तीव्र बनाउनमा सङ्घर्ष , क्रियाकलाप र पात्रजस्तै परिवेशको पनि भूमिका रहन्छ । मोटामोटी रूपमा कथामा २००७ साल तिरको परिवेशलाई समेटिएको भए तापनि त्यो कुरा आज पनि त्यत्तिकै सान्दर्भिक रहेको पाइन्छ । यस कथाको परिवेशले मुख्यरूपमा काठमाडौको सहरी जनजीवनलाई समेटेको छ । यस कथाको वातावरण प्रारम्भदेखि नै कारुणिक रहेको छ । यौवन अवस्थाकी नारीहरूलाई युवकहरूले भलाद्मी व्यक्तिले गर्ने अमानवीय क्रियाकलापको उद्घाटन यस कथाले गरेको छ ।

अर्थसापेक्षका दृष्टिले प्रस्तुत कथा अभिधात्मक रहन गएको छ । यस कथामा नाङ्गी स्त्रीले भोग्नुपरेका जीवनका घटना र पुँजीपति समाजले गर्ने गरेका पाखण्डी व्यवहारलाई पाठकले सजिलै अर्थ बुझ्न सक्ने भएकाले यस कथाको अर्थसापेक्ष अभिधा किसिमको छ ।

### (ङ) उद्देश्य

जुनसुकै रचना सिर्जना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । कथामा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । 'त्यो नाङ्गी स्त्री' कथामा

आर्थिक समस्याका कारणले भर्खर यौवन अवस्थामा पाइला टेकेकी युवतीका जीवनमा छाएको उलटपुलटलाई देखाएर समग्र राष्ट्र र पूँजीपति समाजप्रति व्यङ्ग्य कथाकारले गरेका छन् । पुँजीवादी समाजले गरेको यस्तो घृणित कार्यप्रति समग्र सचेतवर्गले औंला ठड्याउनु पर्छ । एउटी सोझी नारीबाट यौवनको प्यास मेटाउन चाहने समाजका युवालाई यस्तो कार्यमा नलाग्न कथाकारले आह्वान गरेका छन् । देशका तमाम युवायुवतीहरू एक छाक खान र एकसरो लगाउन नपाउने स्तरका छन् । यस्ता घटनालाई राज्यप्रशासनलगायत देशका शोषकवर्गले रमिता हेरेर बसेको छ । यस्तो बेइज्जत नाङ्गी स्त्रीको मात्र नभएर राष्ट्रकै बेइजत हो भनी कथाकारले सचेत गराएका छन् । यही नै यस कथाको उद्देश्य रहन गएको छ ।

**(च) भाषाशैली**

कथा भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो । यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यस कथामा लोहनीले सरल भाषा प्रयोग गरेका छन् । पात्रअनुकूल भाषाको प्रयोग गरिएको छ । यसमा सरल, स्वभाविक र आकर्षक भाषाको प्रयोग गरिएको छ र वर्णनात्मक शैलीमा कथावस्तु अगाडि बढेको पाइन्छ । थचक्क , बल्लबल्ल जस्ता अनुकरणात्मक शब्दका साथै बग्दाबग्दा , कचकचजस्ता द्वित्व शब्दको प्रयोग कथाकारले यस कथामा गरेका छन् ।

**४.३.७ 'नेतृत्वको भोक' कथाको अध्ययन**

लोहनीको **'नेतृत्वको भोक'** (२०१०) कथासङ्ग्रहभित्रको यो कथाको शीर्षकबाट समग्र सङ्ग्रहको नामकरण गरिनु उल्लेखनीय पक्ष हो । 'नेतृत्वको भोक' कथामा सिधासाधा जनतालाई आफ्नो स्वार्थका लागि भऱ्याङ बनाएर सत्तामा पुगेपछि पनि उनीहरूकै रगत चुसेर मोटाउने नेताहरूप्रति कथाकारले चोटिलो व्याङ्ग्य प्रहार गरेका छन् । नेताहरूको भ्रष्ट चरित्रलाई केलाउन प्रस्तुत कथा महत्त्वपूर्ण बनेको छ ।

**(क) शीर्षकीकरण र दृष्टिविन्दु**

कथामा कथावस्तु र शीर्षकबीच अन्तःसम्बन्ध रहेको हुन्छ । शीर्षकले कथावस्तुसँग कुनै न कुनै नजिकको सम्बन्ध स्थापित गरेको हुन्छ , जुन हुनु पनि पर्दछ । यस कथाको शीर्षकविधान गर्दा कथाकारले एउटा नेताले विहानदेखि रातिसम्म विभिन्न कार्यक्रममा भागलिएर आफ्नो भाषण दिदै हिड्छ । विभिन्न कार्यक्रमको सभापतित्व गर्न उसलाई भोक

जाग्छ । कथाकारले यही घटनालाई स्पष्ट पार्ने क्रममा 'नेतृत्वको भोक' शीर्षक राखेका छन् । जुन नेताको चरित्रबाट हेर्दा सार्थक देखिन्छ ।

प्रस्तुत 'नेतृत्वको भोक' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । यस कुराको पुष्टिका लागि कथाको दृष्टिविन्दुपात्रका रूपमा रहेको नेताजीको वरिपरि सम्पूर्ण पात्रहरू रुमलिएका छन् । नेताजीको प्रसङ्गबाट कथा थालिएर अन्तसम्म नेताजीकै केन्द्रीयतामा कथा टुङ्गिएकाले बाह्य सीमित दृष्टिविन्दुको प्रयोग यस कथामा भएको हो । यस कथामा कथाकार आफै वा म पात्रलाई दृष्टिविन्दुपात्रका रूपमा प्रयोग नगरी तृतीयपुरुष पात्रको सिर्जना गरी तीमध्ये मुख्य पात्र नेताजीका क्रियाकलापबाट कथाले गति लिएको हुनाले यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### (ख) कथावस्तु र कथानक ढाँचा

प्रस्तुत कथाको कथावस्तु नेताजीको चरित्रमाथि केन्द्रित रहेको छ । ढिलो गरेर उठेका नेताजीले दिनभरको कार्यक्रम कहाँकहाँ पर्छ भनेर नोटबुकमा हेरेका हुन्छन् । राजनीतिमा लागेका हुनाले उनलाई एकछिन् फुर्सद हुदैन । उठेर नित्यकर्म सकी बिहान आठ बजे समाजसेवा सङ्घको बैठकमा समाजसुधारका बारेमा कुराहरू गर्दछन् । समाजसेवा सङ्घका व्यक्तिले केही सहयोग माग्दा नेताजीले पछि दिउँला भनी टार्ने काम गर्छन् । केही समयपछि व्यायामप्रेमीसँग माथि नेताले भाषण दिएपछि त्यस सङ्घका कार्यकर्ता भाषण नभएर आर्थिक सहायता लिन आएको जानकारी दिन्छन् । विद्युत्प्रकाशविरोधी दलका नेताहरूसँग नेताजीले बिद्युत्बाट हुने खतराका बारेमा लामो भाषण दिन्छन् । पत्रकारहरूसँग कम्युनिस्ट खतराका बारेमा एकघण्टा लामो भाषण गरे । नेताजीले कलेजका छात्रहरूसँग विभिन्न विषयमा लामो वार्ता गर्छन् । एक बजेतिर विश्वभातृत्व सभामा मजदुरहरूको दयनीय अवस्थामाथि ठूलो सहानुभूति देखाउँदै हड्तालको पूर्ण समर्थन गर्ने वचन दिन्छन् । आफू सँधै राजनीतिबाट अलग बसेर आफ्नो वर्गीय हित र राष्ट्रिय हित मात्र हेर्ने अमूल्य सल्लाह पनि दिन्छन् । कार्य समितिको वैठकमा जाँदा थोरै ढिलो हुन्छ तर सभापति अर्कै व्यक्तिलाई बनाउँदा नेताजीलाई चुकचुकाहट पैदा हुन्छ । प्राचीन नृत्यकला लोपहुँदै गइरहेको छ र उनी प्राचीन नृत्यकला प्रचारिणी समितिमा त्यसलाई जीवनका प्रत्येक क्षेत्रमा समावेश गर्नुपर्छ भन्ने भाषण दिन्छन् । यसै क्रममा एउटा विशाल जुलुसमा भाग लिएर नेताजीले हाम्रो देश भोकोनाङ्गो छ । हामी किसान मजदुरको अर्थात् गरिब जनताको राज्य कायम गर्न चाहन्छौं भन्ने लामो भाषण जुलुसमा नेताले दिन्छन् । राति नगदभक्त साहूजी र उपभोक्ता सहायक समितिका मन्त्री तथा सहरका कपडाका प्रसिद्ध व्यापारी श्री लक्खीचन्द्र करोडीलालसँग मिलेर प्रशस्त पैसा नेताजीले

पोल्टामा हाल्छन् । अन्त्यमा नेताजीले श्रीमतीले ल्याएको दुध पिएर 'नारी स्वतन्त्रता' र 'हाम्रो समाजको कट्टरता' जस्ता दुई लेख लेखेर एउटा साप्ताहिक **जनवाणी** र अर्को **जाग्रत महिला** भन्ने मासिक पत्रिकालाई पठाउने व्यवस्था गरेर निन्द्रामा मस्त हुन्छन् ।

कथानक ढाँचाका दृष्टिले हेर्दा यसमा रैखिक ढाँचाको प्रयोग गरिएको छ । रैखिक ढाँचामा लेखिएका कथाहरूमा घटनाको क्रमबद्ध शृङ्खला मिलाइएको हुन्छ अथवा आदि , मध्य र अन्त्यको क्रममा घटनाहरूलाई प्रस्तुत गरिएको हुन्छ । यस कथामा परम्परागत रैखिक ढाँचामा घटनाहरूको क्रमिक शृङ्खलामा रहेको एउटा सिङ्गो संरचनामा घटनाहरूको कलात्मक संयोजन गरिएकाले यो कथा उत्कृष्ट बन्न पुगेको छ ।

## (ग) पात्र वा चरित्रचित्रण

लोहनीद्वारा लेखिएको प्रस्तुत कथामा नेताजीका सम्पूर्ण घटनालाई लिएर यसको कथानक निर्माण गरिएको छ । यस कथामा हाम्रा नेताजी , श्रीमती , नोकर , कलेजका छात्रहरू , पत्रकारहरू , मजदुरसङ्घका नेताहरू , नगदभक्त साहूजी , लक्खीचन्द करोडीलालजस्ता पात्रहरू रहेका छन् । यस कथाको प्रमुख पात्र नै नेताजी हुन् । उनी समाज र परिस्थितिअनुसार सभामा भाग लिने अनि भाषण दिने खराव आचरणका नेता हुन् । उनी गतिशील पात्रका रूपमा उपस्थित रहेका छन् । नेताजी अनुकूल-प्रतिकूल मिश्रित पात्र हुन् । यस कथाका अन्य पात्रमा नगदभक्त साहुजी र लक्खीचन्द करोडीलाल प्रतिकूल पात्रका रूपमा उपस्थित छन् ।

## (घ) परिवेश र अर्थसापेक्ष

लोहनी प्रगतिवादी यथार्थवादी कथाकार हुन र उनी आफ्ना कथाहरूमा खास गरी सहरी जनजीवनमा प्रचलित शोषण र अन्यायलाई ज्यादै मार्मिक ढङ्गले उतार्ने कथाकार हुन् । त्यसैले यस कथामा कथाकारले सहरी समाजमा मानिसहरू कुन प्रकारको जीवनशैली लिएर बाँचेका हुन्छन् भन्ने यथर्थामाथि प्रकाश पार्नका लागि एउटा काल्पनिक कथाका आधारमा नेताजीको आचरणको परिवेश निर्माण गरेका छन् । सहरी इलाकामा बसोबास गर्ने भ्रष्ट व्यापारीले गरेको अमानवीय व्यवहारको पनि चित्रण यसमा गरिएको छ । प्रस्तुत कथाको कालिक परिवेश भने सार्वभौम रहन गएको छ ।

अर्थका अभिधात्मक , अन्योक्तिमूलक र प्रतीकात्मक तह हुन्छन् । गोविन्दप्रसाद लोहनीले पनि अर्थको अभिधात्मक तहलाई आफ्नो कथामा प्रयोग गरेका छन् । यो प्रगतिवादी

धाराका कथाकारको प्रवृत्ति पनि हो । ' नेतृत्वको भोक' कथामा देशका नेताहरूले गर्ने भ्रष्टनीतिको झलक दिन अनेक घटनाहरूमा संलग्न गराएर अनेक तर्कना प्रस्तुत भएका छन् । यस कथामा मुख्य भावलाई बुझ्न पाठकले विभिन्न किसिमका बिम्ब र प्रतीकको सहारा लिनुपर्दैन किनभने कथा अभिधात्मक अर्थमा सजिलै बुझ्न सकिन्छ । ' नेतृत्वको भोक'को खास सम्बन्ध नेताजीको सहभागितासँग रहेको छ । लक्षणा र व्यञ्जना शक्तिको योजना पनि यसमा गरिएको पाइँदैन । त्यसकारण अभिधात्मक अर्थसापेक्ष यहाँ प्रस्तुत गरिएको पाइन्छ । यसमा नेताजीले आवश्यकताअनुसार कार्यक्रममा आफ्नो नेतृत्व पूरा गर्दै गएकाले यस कथाको सारवस्तु सरल र स्पष्ट ढङ्गमा प्रस्तुत गरिएको छ तसर्थ कथाको अर्थसापेक्ष अभिधात्मक रहेको छ ।

**(ङ) उद्देश्य**

लोहनीले आफ्ना कथाहरूमा प्रगतिवादी विचारमार्फत विषयलाई बढीभन्दा बढी यथार्थ परक बनाउने काम गरेका छन् । देशको राजनैतिक परिपाटीलाई एउटा उच्च ओहदामा पुगेको नेताले सोझासाझा जनतालाई झुठो सपना देखाएर र उनीहरूलाई भऱ्याङ बनाउँदै आफूहरू सत्तामा पुगी जनतालाई थाङ्नामा सुताउने प्रवृत्तिप्रति कथाकारले कडा आलोचना गरेका छन् । हाम्रा प्राचीन नृत्यकला संस्कृतिको लोप हुँदै गएको र आधुनिक कला उच्छृङ्खल र नग्नतापूर्ण भएको छ । कलामा सौन्दर्य हुनुपर्छ, स्वभाविकता हुनुपर्छ नग्नता होइन । नेताहरूले जस्तोप्रकारको कार्यक्रम छ र त्यस्तै प्रकारको भाषण दिएपनि व्यवहारमा भने लागू गर्न सकिरहेका छैनन् त्यसका लागि जनता नै सतर्क बनेर भाषणलाई व्यवहारमा परिणत गर्नुपर्छ भन्ने आशय नै यस कथाको मुख्य उद्देश्य हो ।

**(च) भाषाशैली**

समाजमा व्याप्त पूँजीपति वर्ग र शोषित वर्गका जीवनका पाटाहरूलाई समाजवादी याथार्थवादी शैलीमा प्रस्तुत गरेका हुनाले यस कथामा चलनचल्तीको सामान्य भाषा कथाकारले प्रयोग गरेका छन् । यथार्थवादीहरू सरल , सोझो भाषा मनपराउने हुनाले विषयवस्तु सुहाउँदा पद र पदावलीको प्रयोग सुन्दर ढङ्गबाट गरिएको पाइन्छ । भाषाशैलीलाई आलङ्कारिक बनाउने तथा बिम्ब र प्रतीकले भरिभराउ गराउनका पछाडि लोहनी लागेका छैनन् । उनले सामान्यतः सरल र सुबोध्य गद्यशैली अँगालेर संवृत रूपविन्यासको निर्माण गरेका छन् । 'अहिंसा परमो धर्म' 'सन्तोष परमं सुखम्' जस्ता संस्कृत शब्दको प्रयोग कथामा भएको पाइन्छ । इनगेजमेन्ट , टी-पार्टी प्रेस , नोटबुकजस्ता अङ्ग्रेजी शब्दको प्रयोगका साथै

कतिपय ठाउँमा हिन्दी शब्दको पनि प्रयोग भएको छ । कतिपय अनुकरणात्मक शब्दको प्रयोग पनि कथाकारले गरेका छन् । वाक्यगठनमा सामान्यतया सरल वाक्यहरूकै प्रयोग पाइन्छ तापनि संयुक्त मिश्रवाक्यहरू सरल रूपमा नै प्रयोग भएका छन् । यस कथामा शब्दको अशुद्ध रूप देखिन्छ । कथामा वर्णनात्मक शैलीको प्रयोग कथाकारले गरेका छन् ।

### ४.३.८ 'आखिर यो सब किन ?' कथाको अध्ययन

**'आरिख यो सब किन ?'** कथा कथाकार लोहनीको **'नेतृत्वको भोक'** (२०१०) कथासङ्ग्रहमा सङ्ग्रहित अन्तिम र सबैभन्दा छोटो कथा पनि हो । यस कथामा कथाकारले राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि त्रिभुवनले आफ्नो जीवनलाई भूमिगत गरी जनवाद कायम गर्ने अपेक्षा राखेको घटनालाई उल्लेख गरेका छन् । त्रिभुवन अपराधी व्यक्ति नभएता पनि उसलाई राज्यप्रसाशनले वारेन्ट गरेर जवरजस्ती थुन्ने गरेको कुरालाई कथामा कथाकारले देखाउन खोजेका छन् ।

### (क) शीर्षकीकरण र दृष्टिविन्दु

यस कथाको शीर्षकविधान गर्दा कथाकारले त्रिभुवनको जीवनका घटनालाई हेरेर उसकै विषयवस्तुका आधारमा गरेका हुन् । कथाकारले शीर्षकविधान गर्दा नाम , पात्र र विषयवस्तुमध्ये कुनै एउटाका आधारमा राख्न सक्छ । नेपालमा जनवाद कायम गर्नका लागि त्रिभुवन भूमिगत भएर परिवारलाई त्यागेर हिडेको क्रान्तिकारी विचारको व्यक्ति हो । उसले आफ्नो जीवन र परिवारलाई टाढा राखेर गरिव जनता र देशविकासको पक्षमा हिडेको हुन्छ । ऊ विरामी पर्दासमेत औषधी उपचार गर्न र आफूले जन्माएको छोरा हेर्न पाउँदैन । यही त्रिभुवनको घटनालाई नियालेर कथाकारले प्रस्तुत कथाको शीर्षक ‘आखिर यो सब किन ? ’राखेका हुनाले सार्थक देखिन्छ ।

कथाकारले यस कथामा म पात्रका रूपमा रहेर त्रिभुवनका जीवनका गतिविधिलाई कथाभित्र आफैँ उपस्थित भएर नियालेका छन् । यस कथामा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । म पात्रले आफ्नो जीवनका घटनाको वर्णन नगरेर त्रिभुवनको जीवनका घटनालाई केलाउने काम गरेका छन् । यस आधारमा हेर्दा यसकथाको दृष्टिविन्दु प्रथमपुरुषपरिधीय रहन गएको छ ।

### (ख) कथावस्तु र कथानक ढाँचा

यस कथाको प्रमुख पात्र त्रिभुवनले एक वर्ष अगाडिदेखि लुकीलुकी राजनैतिक काम गरेको हुन्छ । ऊ राणाविरोधी व्यक्ति भएकाले गुप्तरूपमा विभिन्न पुस्तकालय र लेखहरू लेखेर छपाउने काम पनि गरेको कारण उसलाई राज्य प्रशासनले वारेन्ट दिएको हुन्छ । उसले पढ्ने विद्यालयमा राणा , बाबुसाहेब , शाह , सुब्बा र सरदारका छोराहरू भएकाले डाइरेक्टर जनरलकहाँसमेत खवर पुगेर विद्यालयका हेडमास्टरले त्रिभुवनलाई नराम्रोसँग कुटपिट गर्छन् । त्रिभुवन बनारस र नेपालमा भएका आन्दोलनमा सरिक भैरहने व्यक्ति हो । त्रिभुवनका बाबुले घरबाट काङ्ग्रेसमा नलागोस भनेर पठाएको पत्र त्रिभुवनले प्राप्त गर्छ तर उसैका बाबु काङ्ग्रेसमा लागेको देखेर ऊ अचम्मित हुन्छ । यस कथाको म पात्रले त्रिभुवनलाई लामो समयपछि देख्छ । त्रिभुवन दुब्लाएको र उसका आँखा गडेको देख्दा म पात्रलाई दयाको भाव पनि जाग्छ । त्रिभुवनले काङ्ग्रेसलाई निन्दा गरेर मार्क्सवाद साथीहरूलाई बुझाइरहेको देख्दा म पात्रलाई आश्चर्य लाग्छ । म पात्र बिजुली अड्डामा जागिरे हुन्छ तर त्रिभुवन धनाड्य परिवारको भएर पनि भूमिगत हुन्छ । त्रिभुवन जनवाद कायम गर्न र राष्ट्रको विकास गर्न रामो लगाउन , मिठो खान , प्रोफेसर बन्न , प्रेसीको न्यानो अङ्गालोमा कसिन मन लाग्दैन

भन्ने कुरा म पात्रलाई गर्छ । त्रिभुवन अध्ययनशील व्यक्ति भएकाले फुर्सत पायो कि राजनीति इतिहास , दर्शन र साहित्यको गहिरो अध्ययन गर्छ । त्रिभुवनका बाबुआमा वितिसेका हुन्छन् भने श्रीमती र एउटा छोरो हुन्छन् । छोरो जन्मिएको खबर म पात्रले त्रिभुवलनाई सुनाउँदा म पात्रलाई त्रिभुवनले राज्यप्रशासनले वारेन्ट नगरेको भए छोरालाई हेर्न जाने कुरा गर्छ । लामो समय भूमिगत भएर हिड्दा त्रिभुवनलाई टी.वी. रोग लाग्न पुग्छ । यस्तो अवस्थामा उसलाई कुनै औषधी उपचार गर्ने समय हुँदैन । यो घटना देखेर म पात्रले केही औषधी त्रिभुवनलाई दिएर खुला हावामा निस्कनुपर्ने सल्लाह दिन्छ । त्रिभुवन अपराधी नहुँदा राज्यप्रशासनले उसलाई किन वारेन्ट गरेको होला भन्ने प्रश्न म पात्रका मनमा उब्जिन्छ । म पात्र सुतिरहेको अवस्थामा जङ्गलमा स्याँ स्याँ गर्दै भागिरहेको , लुगा धुजाधुजा भएको , पछाडिबाट हातमा स्टेनगन लिएका सिपाहीले लखेटिरहेका , गोली चलेको , बन्द कोठामा त्रिभुवलनाई सिपाहीले हानेको , रुँदै त्रिभुवनकी श्रीमतीले चुरा फोरेको र छोराले टुलुटुलु बाबुको लास हेरको सपना देख्छ । अन्ततः कथाको पनि अन्त्य हुन्छ ।

प्रस्तुत कथाको कथानक ढाँचालाई नियाल्दा आदि मध्य र अन्त्यको शृङ्खलामा कथावस्तु अगाडि बढेकाले रैखिक रहन गएको छ । यस कथामा म पात्रले त्रिभुवनका बारेमा सरसरर्ती वर्णन गरेको छ ।

## (ग) पात्र वा चरित्रचित्रण

प्रगतिवादी कथाका पात्रहरू यथार्थ जीवनबाट समाजमा विद्यमान वर्गीय द्वन्द्व र वर्गसङ्गघर्षको आरोह-अवरोहबाट टिपिएको खण्डमा ती बढी विस्वसनीय र सजीव हुने गर्दछन् । यस कथामा पनि लोहनीले समाजका पात्रलाई टिपेर कथामा स्थान दिएका छन् । कथाकारले यस कथामा त्रिभुवन , म पात्र, त्रिभुवनका साथीहरू , त्रिभुवनकी श्रीमती , छोरा , इन्दिरा, म पात्रकी श्रीमती इन्दु र सिपाहीजस्ता पात्रहरूलाई स्थान दिएका छन् । त्रिभुवन यस कथाको प्रमुख पात्र हो भने म पात्र सहायक पात्रका रूपमा उपस्थित भएको छ । त्रिभुवन जनवाद कायम गर्नका लागि भूमिगत भएको क्रान्तिकारी हुनाका साथै नैतिकताको आधारमा सत् चरित्र भएको पात्र पनि हो । विचारका आधारमा म पात्र , त्रिभुवन र त्रिभुवनका साथीहरू सुधारवादी पात्र हुन् नेपाली समाजबाट टिपिएका हुनाले ती बढी विश्वसनीय देखिनुका साथै वर्ग , पेसा , जात , स्थान आदिका आधारमा पनि तिनमा विविधता पाइन्छ । यस कथाका अन्यपात्रहरू म पात्रको वर्णनस्वरूप आएका पात्र हुन् ।

## (घ) परिवेश र अर्थसापेक्ष

लोहनी समाजवादी यथार्थवादी धाराका कथाकार भएकाले उनका कथामा लौकिक परिवेश नै सशक्त भएको छ । उनी आफू जन्मेको परिवेशबाट टाढा पुग्न सकेका छैनन् । 'आखिर यो सब किन ?' कथामा लोहनीले सहरी परिवेशलाई स्थान दिएका छन् । यसमा वागमती , टेकुदोभानजस्ता काठमाडौंभित्रका ठाउँहरूको भौगोलिक परिवेश निर्माण भएको छ । त्रिभुवन जनवाद कायम गर्नका लागि क्रान्तिकारी भएर हिड्दा भूमिगत हुन वाध्य बनाइएको परिवेशको चित्रण कथामा भएको छ । कालिक परिवेशका दृष्टिले २००७ सालपूर्वको घटनालाई कथामा लिइएको पाइन्छ ।

अर्थसापेक्षका दृष्टिले प्रस्तुत कथा अभिधात्मक रहन गएको छ । कथाकारले अन्य कथामा जस्तै यस कथामा पनि लक्षणा र व्यञ्जना प्रयोग नगरी सोझो र सरल भाषामा अर्थ फुकाउन सफल छन् । त्रिभुवनका क्रान्तिकारी विचार तथा जनवाद कायम गर्नका लागि उसले गरेको योगदानको चर्चा सजिलै पाठकले ग्रहण गर्न सक्ने भएकाले यस कथामा अभिधात्मक अर्थसापेक्ष रहेको छ ।

## (ङ) उद्देश्य

कुनै पनि साहित्यकारले विनाउद्देश्य साहित्यको रचना गरेको हुँदैन । प्रस्तुत कथामा पनि कथाकार तत्कालीन नेपाली समाजमा व्याप्त राजनैतिक अस्थिरतालाई उद्देश्यका रूपमा प्रस्तुत गरेका छन् । नेपालमा २००७ सालको आसपासमा प्रजातन्त्रको आगमन भएको थियो । सोही परिवेशमा नेपालमा मार्क्सवादी विचार अँगाल्ने व्यक्तिलाई काङ्ग्रेसका पक्षधर र राज्यप्रशासनले भूमिगत बनाएर अनायसै दुःख दिने गरेको पाइन्छ । स्वच्छ विचार बोकेर हिडेका व्यक्तिलाई हतियारको आरोप लगाएर थुन्ने गरेको अमानवीय प्रवृत्तिप्रति कथाकारले कडा रूपमा व्यङ्ग्य गरेका छन् । नेपालमा जनवाद कायम गर्नका लागि हिडेको त्रिभुवनलाई राज्य प्रशासनले थुनेको छ । यस्तो थुनुवाई तत्कालीन समयका जनताको थुनुवाई हो । त्यसका लागि जनता नै सतर्क बनेर यस्तो प्रशासनका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने उद्देश्य कथाकारको देखिन्छ ।

## (च) भाषाशैली

साहित्यको निर्माण गर्ने माध्यम नै भाषा हो । लोहनीले यस कथामा उनका अन्यकथामा जस्तै सरल र सहज भाषाको प्रयोग गरेका छन् । उनले छोटाछोटा वाक्यको

निर्माण गरेर कथालाई रोचक बनाएका छन् । लड्की , अण्डरग्राउण्ड जस्ता हिन्दी र अङ्ग्रेजी शब्दको प्रयोग ठाउँ ठाउँमा भएको पाइन्छ । मुसुमुसु , थुक थुक लुकीलुकी , टुलुटुली जस्ता द्वित्व शब्दका साथै अनुकरणात्मक शब्दको प्रयोग कथाकारले गरेका छन् । स्वभाविक भाषाको प्रयोग भएको यस कथामा वर्णनात्मक शैलीमा कथाको विन्यास कथाकारले गरेका छन् ।

## ४.४ 'नेतृत्वको भोक' कथासङ्ग्रहको निष्कर्ष

गोविन्दप्रसाद लोहनीको ' **नेतृत्वको भोक'**.(२०१०) कथासङ्ग्रह दोस्रो कृति हो । यस सङ्ग्रहमा लोहनीका आठवटा कथाहरू समावेश भएका छन् । लोहनीलाई साहित्यिक व्यक्तित्वका रूपमा चिनाउन सफल सपना कथा पनि यस सङ्ग्रहमा रहेको छ । यस सङ्ग्रहमा रहेका कथाहरूको कथावस्तु उनले देखेभोगेको सामाजिक वस्तुस्थिति हो । उनले शासनसत्ताको केन्द्रीयतादेखि स्थानीय तहसम्मका शासक, प्रशासक तथा साहुमहाजनहरूद्वारा जनसामान्यमाथि हुने शोषण, उत्पीडन तथा शासक प्रशासकहरूको भ्रष्ट मनोवृत्तिप्रति गहिरो अभिरुचि देखाएका छन् । नेपाली ग्रामीण जीवनका विभिन्न पाटाको प्रतिबिम्बन गर्ने क्रममा यस समयावधिका कथाले गाउँले , सामन्त , जमिन्दार , मुखिया , साहुमहाजन आदिद्वारा गाउँले गरिब जनतामाथि हुने आर्थिक सामाजिक शोषणको यथार्थपरक अभिव्यक्ति दिएका छन् । केन्द्रीय शासन तथा स्थानीय प्रशासनको आडमा गाउँले सामन्तहरूले उठिबास लगाउनेजस्ता अमानवीय क्रियाकलापको स्वाभाविक प्रस्तुतिका साथै सिङ्गो समाजलाई आमूल परिवर्तनको दिशातर्फ उत्प्रेरित गर्ने काम यस सङ्ग्रहभित्रका कथामा भएको छ । यौन दुराचारसम्बन्धी घृणित कार्यको यथार्थपरक अभिव्यक्तिका साथै नारी अस्मिताको रक्षाका खातिर प्रगतिवादी कथाकार सम्वेदनशील देखिएका छन् । कथाकारले दलित, उत्पीडित, नोकरचाकर तथा मगन्तेहरूमाथि जातीयताका आधारमा गरिने विभेद तथा तल्लो जातिका भनिने दलित उत्पीडितमाथि हुने शोषण उत्पीडनको तीव्र विरोधका साथै वर्गसङ्घर्षका माध्यमबाट वर्गीय मुक्तिसँगै यस्ता समस्याको समाधान हुने वैचारिक सन्देश पनि दिएका छन् । उनले समाजमा विद्यमान गरिबी , बेरोजगारी तथा विषमताको मूल कारण भनेकै शोषणवृत्ति हो , जसको अन्त्यविना समतामूलक समाजको परिकल्पना गर्न नसकिने यथार्थपरक अभिव्यक्ति दिएका छन् । उनका कथामा भएको युगीन जीवनको प्रतिबिम्बन नै यथार्थको प्रतिबिम्बन हो । गतिशील एवम् प्रतिनिधि मूलक यथार्थको चयन र त्यसको प्रतिबिम्बनका लागि पात्र , परिवेश, घटना आदिको प्रारूपीकरणमा समेत स्वभाविकता देख्न सकिन्छ । लोहनीले कथामा प्रयोग गरेका पात्रहरू यथार्थ जीवनबाट टिपिएका जिउँदाजाग्दा एवम् सङ्घर्षशील पनि छन् र निरीह एवम् पानीमरुवा पात्र पनि छन् । उनका प्रगतिवादी कथामा सत्-असत् , अनुकूल-प्रतिकूल , स्थिर-गतिशील , नारी-पुरुष, नायक-प्रतिनायकका साथै

उच्च-मध्यम र निम्नवर्गीय तथा क्रान्तिकारी , सुधारवादी र यथास्थितिवादी पात्रसमेत देखिन्छन् । उनका कथामा आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग भएको छ । कथाको भाषा स्तरीय , शिष्ट , उच्चकलात्मक एवम् शुद्ध र शालीन भने देखिन्न । झर्रा नेपाली शब्दको प्रयोग र कसिलो भाषिक विन्यासले केही कथा आकर्षक बनेको पाइन्छ भने अधिकांश कथाको भाषा सरल तथा बोधगम्य भएर पनि वर्णनको अधिक्यले गर्दा भाषिक संरचनामा कसिलोपना भने देखिन्न ।

नेपाली साहित्यको कथाविधामा मैनाली , गोठाले , विकल आदिले जुन योगदान दिएका छन् त्यस स्तरमा नभए पनि नेपाली प्रगतिवादी कथाका क्षेत्रमा उनले दिएका योगदानको ऐतिहासिक मूल्यलाई भने बिर्सन सकिँदैन । त्यहीँ योगदान दिने प्रयास प्रस्तुत सङ्ग्रहका कथामार्फत गोविन्दप्रसाद लोहनीले गरेका छन् ।

## पाँचौं परिच्छेद

## ५. उपसंहार

साहित्यका क्षेत्रमा प्रगतिवादी कथाकारका रूपमा परिचित गोविन्दप्रसाद लोहनीको जन्म वि.सं. १९८५ कार्तिक ९ गते हालको काठमाडौं महानगरपालिकाको न्हैकन्तला भन्ने ठाउँमा भएको हो । गोविन्दप्रसाद लोहनीको परिचय वा पहिचानको स्पष्ट र सग्लो परिचय अर्थशास्त्र , राजनीति र साहित्यिक फाँटमा सफल र सार्थक छ । प्रजातन्त्रस्थापनाका लागि राणाविरोधी आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका लोहनीको साहित्यिक योगदान पनि कम महत्त्वपूर्ण छैन । राजनीति र साहित्यमा समानान्तर रूपमा सक्रिय भई दुवैमा विशिष्ट पहिचान बनाउन सकेका लोहनीको राजनीतिक महत्त्वलाई बौद्धिक प्रभावसँग गाँसेर हेर्दा उनलाई विशेष रूपमा बुझ्न सकिन्छ । साहित्यिक लेखनमा मात्र होइन, राजनीतिक एवम् अन्य सामाजिक विषयवस्तुमा पनि उनको लेखाइको स्तर परिष्कृत र प्रभावकारी हुने गर्छ । यस अर्थमा उनी चर्चित लेखक पनि मानिन्छन् । अध्ययन र लेखन उनका विशेष रुचिका विषय हुन् । व्यक्तिगत जीवन अत्यन्त सरल र साधारण शैलीमा व्यवस्थापन गर्दै उनले आफ्नो राजनैतिक मर्यादा र सार्वजनिक प्रतिष्ठा एवम् आत्मप्रतिभाप्रति सचेत रहँदै निष्ठा र नैतिक धरातलमा आफूमा अन्तर्निहित शक्ति र समर्पणलाई उजागर गरेका छन् ।

नेपाली साहित्यमा गोविन्दप्रसाद लोहनी वि.सं. २००७ देखी प्रवेश गरेका हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाउने उनी एक साहित्यिक व्यक्तित्वका रूपमा स्थापित भएका छन् । साहित्यकार लोहनीका सम्पूर्ण रचनाहरूको आधार निम्नवर्गीय नेपालीहरूको जनजीवन रहेको देखिन्छ । उनका रचनाहरूमा सामाजिक जनजीवनका कुनै न कुनै मर्म , वेदना र कटु वास्तविकताहरूले स्थान पाएका छन् । विशेष गरी उनले आफ्ना कथामा वर्गीय समाजमा व्याप्त आर्थिक , राजनैतिक र सामाजिक विसङ्गतितर्फ अभिव्यक्ति दिएका छन् । वर्गीय तथा असन्तुलित समाजमा जीवननिर्वाहका निम्ति रातदिन पसिना चुहाएर कडा परिश्रम र सङ्घर्ष गर्ने निम्नवर्गीय श्रमजीवीहरूप्रति सहानुभूति प्रकट गर्दै तिनीहरूको दयनीय अवस्थालाई यथार्थका आधारमा लोहनीले आफ्ना रचनामा चित्रण गरेका छन् ।

गोविन्दप्रसाद लोहनी यथार्थवादी साहित्यकार हुन् । दृश्य वा वस्तुजगत् नै उनका रचना कृतिहरूको यथार्थ हो । उनी जीवनलाई सङ्घर्षमय ठान्दछन् । सङ्घर्षबाट प्राप्त उपलब्धि सुखद ठान्ने लोहनीको जीवन पनि सङ्घर्षमय रहेको छ । त्यसैले यही वस्तुगत संसारलाई सङ्घर्षको मैदानमा ओरालेर समतामूलक तथा मानवीय मूल्यवान् समाजको सिर्जना गर्नुपर्छ भन्ने जीवनदर्शन उनका रचनाहरूमा पाइन्छ । उनका रचनाहरू प्रगतिशील

छन् । उनले निम्नवर्गीय नेपालीहरूकै जनजीवनलाई आफ्नो रुचिक्षेत्र बनाएको पाइन्छ । उनका सम्पूर्ण रचनाहरूको आधार निम्नवर्गीय नेपालीहरूको जनजीवन नै हो ।

लोहनीका रचनाहरूमा प्रयुक्त वैचारिकताको अध्ययन गर्दा उनी प्रगतिवादी साहित्यकारका रूपमा चिनिन्छन् । प्रगतिवादी भावधारलाई आत्मसात् गर्न नेपाली साहित्यमा पदार्पण गरेका लोहनीका साहित्यिक रचनामा प्रगतिपक्षीय वैचारिक धारणा प्रर्वल रहेको पाइन्छ । उनका कथा , निबन्धहरूमा प्रगतिवादी भाव अन्तर्निहित भएको कुरा स्पष्ट देख्न पाइन्छ । उनले आफ्ना रचनामा निम्नवर्गीय जनजीवनलाई बढी महत्त्व प्रदान गरेका छन् । उनका रचनाहरूको मूल ध्येय जनतामा चेतना जगाउने र शोषणरहित समाजको स्थापना गर्नु रहेको देखिन्छ ।

गोविन्दप्रसाद लोहनीका रचनामा समाजको यथार्थ चित्रण पाइन्छ । सम्भ्रान्तवर्ग र निम्नवर्गको द्वन्द्व उनका कृतिमा पाइन्छ । उनले नेपाली समाजको अभावग्रस्त जनजीवनलाई आफ्ना रचनाहरूमा समावेश गरेका छन् । उपल्ला वर्गले निम्नवर्गमाथि गरेका थिचोमिचो देखाउँदै विपन्नताको चापमा पिल्सिएर अभावग्रस्त जीवन बिताउन बाध्य नेपालीहरूको चित्रण उनका रचनाहरूमा पाइन्छ । यसरी तत्कालीन नेपाली समाजको बाध्यता , राजनैतिक हस्तक्षेप , विवशता र जल्दाबल्दा आर्थिक समस्यालाई केलाएर सर्वसाधारण जनताको मर्म र वेदनाहरूको वास्तविक रूपरेखा आफ्ना रचनाहरूमा प्रस्तुत गरी लोहनीले नेपाली समाजको नग्न यथार्थतालाई स्पष्ट पारेका छन् ।

लोहनीका रचनामा मानवतावादी चिन्तन पाइन्छ । मानिसले मानिसलाई मानवीय दृष्टिले हेर्नुपर्छ भन्ने उनको धारणा रहेको देखिन्छ । नेपाली समाजका निम्नवर्गीय जनजीवनको दुःख , कष्ट , अभाव र कठिनाइहरूमा सहानुभूति प्रकट गर्दै मानवतावादी धारणा उनका रचनामा अभिव्यक्त भएका छन् । उनको मानवतावाद शोषित पीडित वर्गका पक्षमा वकालत गर्ने समाजवादी मान्यतातर्फ आकर्षित भएको छ । समतामुखी र शोषणरहित सामाजिक व्यवस्थाको अपेक्षा राखेर उनले समाजवादी मानवतावाद प्रस्तुत गरेका छन् ।

कथाकार लोहनीका रचनाहरूमा राष्ट्रिताको भावना प्रकट भएको पाइन्छ । देश र जनताप्रति माया , ममता र सद्भाव प्रकट गर्नु राष्ट्रियता हो । वीर पुरुषहरूको सम्मान गर्नु नेपालको सुन्दर भविष्यप्रति आशावादी बनी जनचेतना जगाउने कार्यमा संलग्न हुनु नै उनमा रहेको राष्ट्रियताको भावनाको प्रकटीकरण हो ।

साहित्य सरल र सरस हुनुपर्छ भन्ने लोहनीको धारणा रहेको पाइन्छ । त्यही मान्यताअनुरूप उनका रचना सरल र सहज रहेका छन् । साहित्य सर्वसाधारण वर्गले पनि बुझ्न सक्नुपर्दछ भन्ने मान्यताअनुरूप उनले आफ्ना रचनाहरूमा क्लिष्टता र दुरुहता आउन नदिन सरल र सरस भाषाको प्रयोग गरेका छन् । सरल भाषिक प्रयोगका कारण उनका रचनाहरू मार्मिक बन्न पुगेका छन् । देखेका भोगेका कुराहरूलाई सत्य र तथ्यसहित इमान्दारिपूर्वक प्रयोग गरी अनि आफ्नो वैचरिक अडानलाई विचलित नगरी यथार्थ चित्रण गरेकाले उनलाई प्रगतिपक्षीय वैचारिक अडानमा प्रतिबद्ध भएका साहित्यकारका रूपमा लिन सकिन्छ ।

प्रगतिवादी नेपाली साहित्यमा लोहनीको योगदान महत्त्वपूर्ण मान्नुपर्छ । उनले गरेका विविध क्षेत्रका योगदानहरूमध्ये कथा क्षेत्रमा गरेका योगदानले गर्दा उनी नेपाली साहित्यमा एक स्थापित प्रगतिशील कथाकारका रूपमा परिचित छन् । कथाहरूले व्यक्तिको आत्मरूपान्तरण र वर्गीय आन्दोलनलाई मुख्य विषयवस्तु बनाएको छ । आर्थिक राजनीतिक सामाजिक विचलनलाई लिएर लेखिएका उनका कथाहरू नेपाली प्रगतिशील साहित्यको महत्त्वपूर्ण दस्तावेज बन्नसमेत सफल भएका छन् ।

यसरी साहित्यकार गोविन्दप्रसाद लोहनी प्रगतिवादी साहित्यक्षेत्रमा देखा परेका व्यक्ति हुन् । उनले प्रगतिवादी साहित्य लेखनमा र विशेष गरी कथा क्षेत्रमा पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ ।

## ५.१ भावी शोधकार्यका निम्ति सुझाव

नेपाली साहित्यका आधुनिककालीन साहित्यकार गोविन्दप्रसाद लोहनी र उनका कृतिहरूको बारेमा थप अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थीहरूले निम्नलिखित शोधशीर्षकहरूमा शोधकार्य गर्न सक्नेछन् ।

१. गोविन्दप्रसाद लोहनीका साहित्यिक कृतिमा प्रगतिवाद ,

२. गोविन्दप्रसाद लोहनीका कथाहरूको अध्ययन ,

## सन्दर्भग्रन्थसूची

### (क) पुस्तकसूची


अधिकारी , हेमाङ्गराज र बद्रीविशाल भट्टराई , **प्रयोगात्मक नेपाली शब्दकोश ,** काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि. ,२०६१ ।

एटम , नेत्र , **समालोचनाको स्वरूप ,** काठमाडौं : साझा प्रकाशन , २०६१ ।

थापा , मोहनहिमांशु , **साहित्य परिचय ,** चौं सं. , काठमाडौं : साझा प्रकाशन , २०५० ।

बराल , ऋषिराज , **नेपाली कथा भाग ३ ,** दो.सं. काठमाडौं : साझा प्रकाशन , २०५७ ।

भट्टराई , घटराज , **नेपाली लेखककोश ,** काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान , २०५६ ।

लोहनी , गोविन्दप्रसाद र अन्य (सम्पा.) , **'कामरेड जाने होइन ?',** काशी : प्रतिशील प्रकाशन मण्डल , २००९ ।

------------------ , **' नेतृत्वको भोक' ,** काठमाडौं : प्रगतिशील प्रकाशन मण्डल , २०१० ।

शर्मा , मोहनराज र खगेन्द्रप्रसाद लुइटेल , **शोधविधि ,** ते.सं. , काठमाडौं : साझा प्रकाशन , २०६२ ।

श्रेष्ठ , दयाराम , (सम्पा.) **नेपाली कथा भाग ४** , काठमाडौं : साझा प्रकाशन , २०५७ ।

श्रेष्ठ , दयाराम र मोहनराज शर्मा , **नेपाली साहित्यको सङक्षिप्त इतिहास ,** चौ.सं. , काठमाडौं : साझा प्रकाशन , २०४३ ।

सुवेदी , राजेन्द्र , **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि ,** ते. सं. , काठमाडौं : साझा प्रकाशन , २०५८ ।

---------------- , **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण** , काठमाडौं : पाठ्य सामग्री पसल , २०५७ ।

**(ख) पत्रिकासूची**


बराल , ईश्वर , नेतृत्वको भोक, **प्रगति ,** (वर्ष १ , अङ्क ३ , २०१० , आश्विन) , पृ. ९ ।

बानियाँ , राजकुमार , पुरानो झ्याल, **नेपाल ,** (वर्ष ८ , अङ्क १८ , २०६४ पुस) , पृ.४८-४९ ।

लोहनी , गोविन्दप्रसाद , मेरो बौद्धिक विकास, **रूपरेखा ,** (वर्ष १९ , अङ्क ४ , पूर्णाङ्क १०० , २०२६ भदौ) पृ. ३६ ।

----------- , साहित्य-मार्क्सवादी दृष्टिकोण, **जुन विकास** , (वर्ष १ , अङ्क २ , २०१० भाद्र ) , पृ. ४३ ।

लोहनी , बटुकप्रसाद ,स्व. कवि पं. दीपकेश्वर लोहनी, **रत्नश्री ,** (वर्ष ९ , अङ्क ६ , २०२९ जेष्ठ-असार) पृ. ७९ ।


**(ग) शोधपत्रसूची**


पौडेल , गोपीन्द्रकुमार , **प्रगतिवादी नेपाली कथाका प्रवृत्ति ,** अप्रकाशित विद्यावारिधि , शोधप्रबन्ध , काठमाडौं : त्रि.वि. , २०६२ ।

पौडैल, नारायणप्रसाद , **रुद्रमणि अधिकारीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित , स्नातकोत्तर शोधपत्र त्रि.वि. २०५३ ।

पौडेल , वैकुण्ठप्रसाद , **जगदीश घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** , अप्रकाशित , स्नातकोत्तर शोधपत्र त्रि.वि. २०५६ ।